
कार्यपालिकाको मिती २०८१/१०/२९ गतेको बैठकबाट स्वीकृत

# स्थानीय तहको शिक्षा योजना

## धोबीनी गाउँपालिका

School Education Sector Plan

Dhobini Rural Municipality, Parsa




धोबीनी गाउँपालिका

शिक्षा, युवा तथा खेलकुद शाखा

**तयारकर्ता** बन्धु साह तेलि, सामाजिक विकास संयोजक
बृजकिशोर त्रिपाठी, शिक्षा प्रमुख
पपु कुमार पटेल, योजना प्रमुख
हरिओम प्रसाद कुर्मि, शिक्षा विज्ञ
जितेन्द्र प्रसाद राम, प्र.अ., ने.रा.मा.वि.

**प्रकाशक** धोबीनी गाउँपालिका, पर्सा

**प्रकाशन प्रति** १००

**सर्वाधिकार** प्रकाशकमा

**प्रकाशन मिति** २०८१ साल

**प्रबिधिक सहयोग** ........................................

## हाम्रो भनाइ

स्थानीय तहको निर्वाचन पश्चात स्थानीय तहमा दिएको अधिकार अनुरुप स्थानीय सरकार सञ्चालन ऐनले आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारहरू स्थानीय तहलाई हस्तान्तरण गरेको अवस्थामा विद्यालय शिक्षा लगायत समग्र गाउँपालिकाको शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु तयार गरी गाउँपालिकाले स्थानीय तहको शिक्षामा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको सर्वविदित नै छ। देश विकासका लागि योजनाले मार्गदर्शन गर्दछ । यो निरन्तर चलिरहने प्रक्रिया हो । यसैका आधारमा राष्ट्रले अपेक्षा गरेका उपलब्धिहरु हासिल भई समृद्धि तर्फ उन्मुख हुन्छ । धोबीनी गाउँपालिकाले यस पालिकाको शैक्षिक सुधार गरी गुणस्तरीयता ल्याउन शिक्षा क्षेत्रको योजना (२०२४-२०३३) तयार गरी कार्यान्वयन हुने क्रममा रहेको छ।

शिक्षा क्षेत्रको योजना यस गाउँपालिकाको समग्र शैक्षिक क्षेत्रको १० वर्षे मार्गदर्शन हो। यहि मार्गदर्शनका आधारमा आगामी वर्षहरुमा शैक्षिक कार्यक्रमहरु तयार गर्दै अगाडि बढ्ने अपेक्षा गाउँपालिकाले राखेको छ। यस शिक्षा क्षेत्रको योजना निर्माणमा सामाजिक विकास समिति, शिक्षा युवा तथा खेलकुद शाखा, शिक्षा क्षेत्रको योजना निर्माण समिति, प्राविधिक समिति र सम्पूर्ण महानुभावहरुको सहयोग, सुझाव, सल्लाहप्रति विशेष धन्यवाद दिन चाहन्छु।

..........................

मदन प्रसाद चौहान

अध्यक्ष

धोबीनी गाउँपालिका पर्सा

## प्राक्कथन

शिक्षामा सबैको पहुँच, गुणस्तरीय  शिक्षाको सुनिश्चितता, प्रविधिमैत्री, समान सहभागिता, शिक्षामा लैङ्गिक तथा सामाजिक भेदभावरहित अवसर, प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि स्थानीय तहमा धोबीनी गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले यस क्षेत्रको शैक्षिक उन्ननयका लागि विभिन्न योजना तथा कार्यक्रमहरुद्वारा निरन्तर रुपमा आफ्नो भूमिकालाई अगाडि बढाएको छ। शिक्षा क्षेत्रको योजना तयारका लागि प्राविधिक सहयोग उपलब्ध गराउने पालिका स्तरीय प्राविधिक कार्यदललाई धन्यवाद दिन चाहन्छौ ।

प्रस्तुत शिक्षा क्षेत्रको योजना यस आकारमा ल्याउन महत्वपूर्ण सहयोग गर्नुहुने शिक्षा क्षेत्रको योजना निर्माण प्राविधिक समिति तथा सामाजिक विकास समितिलाई धन्यवाद व्यक्त गर्दै समय-समयमा सुझाव प्रदान गरी सहयोग पुर्याउने गाउँपालिका परिवार, गाउँ शिक्षा समिति, शिक्षकका पेशागत संघ संगठन, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी राजनीतिक दल, तथ्याङ्क संकलनकर्ता महानुभावहरु प्रति आभार प्रकट गर्दै आगामी दिनमा परिष्कृत गर्दै अगाडि बढ्नका लागि रचनात्मक सुझावको अपेक्षा गर्दछौ।

.........................

अशोक कुमार रौनियार

प्रमुख प्रशासकिय अधिकृत

धोबीनी गाउँपालिका, पर्सा

# प्राक्कथन

शिक्षामा सबैको पहुँच, गुणस्तरीय शिक्षाको सुनिश्चितता, प्रविधिमैत्री, समान सहभागिता, शिक्षामा लैङ्गिक तथा सामाजिक भेदभावरहित अवसर, प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि स्थानीय तहमा शिक्षा क्षेत्रको योजना निर्माण गर्नुपर्ने आजको प्रमुख आवश्यकता हो। दिगो विकासका लागि अनिवार्य तथा निःशुल्क शिक्षा, शिक्षा सम्बन्धी ऐन, शिक्षाका राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता साकार पार्न स्थानीय तहमा सरोकारवाला पक्षहरुसँग मिलेर शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउने कार्यमा शिक्षा क्षेत्रको योजनोले महत्वपूर्ण योगदान पुर्‍याउँछ।

धोबीनी गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले यस क्षेत्रको शैक्षिक उन्ननयका लागि विभिन्न योजना तथा कार्यक्रमहरुद्वारा निरन्तर रुपमा आफ्नो भूमिकालाई अगाडि बढाएको छ। शिक्षा क्षेत्रको योजना तयारका लागि प्राविधिक सहयोग उपलब्ध गराउने पालिका स्तरीय प्राविधिक कार्यदल, पिपल प्रमोट सेन्टर तथा Early Grade Learning लाई धन्यवाद दिन चाहन्छौ ।

प्रस्तुत शिक्षा क्षेत्रको योजना यस आकारमा ल्याउन महत्वपूर्ण सहयोग गर्नुहुने शिक्षा क्षेत्रको योजना निर्माण प्राविधिक समिति तथा सामाजिक विकास समितिलाई धन्यवाद व्यक्त गर्दै समय-समयमा सुझाव प्रदान गरी सहयोग पर्‍याउने नगरपालिका परिवार, नगरशिक्षा समिति, शिक्षकका पेशागत संघ संगठन, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी राजनीतिक दल, तथ्याङ्क संकलनकर्ता महानुभावहरु प्रति आभार प्रकट गर्दै आगामी दिनमा परिष्कृत गर्दै अगाडि बढ्नका लागि रचनात्मक सुझावको अपेक्षा गर्दछौ।

..........................

बृजकिशोर त्रिपाठी

शिक्षा शाखा प्रमुख

धोबीनी गाउँपालिका, पर्सा

# विषयसूची


**योजनाको सारंश** ..... 12

**१. बिषय प्रवेश** ..... 12

**२. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य** ..... 12

**३. स्थानीय तहमा योजना निर्माणको औचित्य** ..... 13

**४. शिक्षा योजना निर्माणका आधार** ..... 13

**५. शिक्षा योजना निर्माण प्रक्रिया** ..... 14

**६. योजना लेखाजोखा** ..... 14

**७. योजना दस्तावेजको स्वरूप** ..... 17

**परिच्छेद एकः परिचय** ..... 18

**१ १.वर्तमान अवस्था** ..... 19

**१ मुख्य २.समस्या तथा चुनौतीको विश्लेषण** ..... 26

**१ शिक्षाक्षेत्रका चुनौतीको ३.SWOT विश्लेषण** ..... 27

**१अवसर ४.** ..... 28

**परिच्छेद २दुरद्दष्ट :िरणनीति तथा लक्ष्य ,ध्येय ,** ..... 29

**२१. स्थानीय तहमा योजना निर्माण गर्दा लिनुपर्ने आधार** ..... 29

**२धोबीनी गाउँपालिकाको दुरद्दष्टि २.** ..... 30

**२ ३.लक्ष्य** ..... 30

**२उद्देश्य ४.** ..... 31

**२रणनीति ५.** ..... 31

**२कार्यनीति ६.** ..... 32

**२अपेक्षित मुख्य उपलब्धि ७.** ..... 33

**२मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ८.** ..... 34

**परिच्छेद तीन: बिधालय शिक्षाका मुख्य उपक्षेत्रहरु** ..... 37

**परिचय** ..... 37

**३बालविकास र शिक्षा १.** ..... 37

**परिचय** .......... 37
**३धोबीनी गाउँपालिकाको वर्तमान अवस्था १.१.** .......... 38
**३उद्देश्य २.१.** .......... 39
**३रणनीतिहरू ३.१.** .......... 40
**३उपलब्धि ४.१., नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य** .......... 40
**३प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ५.१.** .......... 41
**३आधारभूत शिक्षा २.** .......... 43
**३वर्तमान अवस्था .१.२.** .......... 44
**३उद्देश्य २.२.** .......... 45
**३रणनीतिहरु ३.२.** .......... 46
**३प्रमुख उपलब्धि तथा नतिजाहरु ४.२.** .......... 47
**३.५.२. प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य** .......... 49
**३माध्यमिक शिक्षा ३.** .......... 55
**परिचय** .......... 55
**३वर्तमान अवस्था १.३.** .......... 55
**३उ .२.३.द्देश्यहरु** .......... 56
**३रणनितिहरु ३.३.** .......... 57
**३प्रमुख उपलब्धि तथा नतिजा ४.३.** .......... 58
**३प्रमुख क्रियाकलाप तथा लक्ष्य ५.३.** .......... 59
**३प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम ४.** .......... 64
**३वर्तमान अवस्था १.४.** .......... 64
**३उद्देश्य .२.४.** .......... 64
**३रणनीति ३.४.** .......... 65
**३प्रमुख उपल ४.४.ब्धि तथा नतिजा** .......... 65
**३प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ५.४.** .......... 66
**३अनौपचारिक शिक्षा तथा आजीवन सिकाई ५.** .......... 68

परिचय ........ 68

३वर्तमान अवस्था १.५. ........ 69

३उद्देश्य .२.५. ........ 70

३रणनितिहरु ३.५. ........ 70

३उपलब्धि ४.५., नतिजाप्रमुख क्रियाकलाप तथा लक्ष्य , ........ 70

३ प्रमुख ५.५.क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य ........ 72

परिच्छेद चार : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू ........ 73

परिचय ........ 73

४पाठयक्रम तथा मुल्यांकन १. ........ 74

४वर्तमान अवस्था .१.१. ........ 75

४उद्देष्य २.१. ........ 76

४ ३.१.रणनितिहरु ........ 77

४प्रमुख उपलब्धि तथा नतिजा ४.१. ........ 77

४प्रमुख क्रियाकलापहरु तथा लक्ष्य ४.१. ........ 79

४शिक्षक व्यवस्थापन र विकास २. ........ 82

४बर्तमान अवस्था १.२. ........ 83

४उद्देश्य.२.२. ........ 88

४रणनीतिहरू ३.२. ........ 88

४उपलब्धि .४.२., नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 88

४प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य ५.२. ........ 89

४शैक्षिक समता र समावेशीकरण ३. ........ 95

परिचय ........ 95

४वर्तमान अवस्था १.३. ........ 95

४उद्देश्यहरू २.३. ........ 95

४रणनी ३.३.तिहरू ........ 95

४उपलब्धि ४.४., नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 96

**४प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य ५.४.** .......... 97

**४.४. बिधालय पोषण तथा स्वास्थ्य कार्यक्रम** .......... 99

**४वर्तमान अवस्था १.४.** .......... 99

**४उद्देश्य २.४.** .......... 100

**४रणनीतिहरू ३.४.** .......... 100

**४उपलब्धि ४.४., नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य** .......... 101

**४प्रमुख कृयाकलापहरु तथा परिमाणात्मक लक्ष्य ५.४.** .......... 102

**४बिद्यालय सुरक्षा विपद्न्युनिकरण तथा उत्थानशिलता ५.** .......... 103

**परिचय** .......... 103

**४वर्तमान अवस्था १.५.** .......... 104

**४उद्देश्यहरू २.५.** .......... 105

**४रणनी ३.५.तिहरू** .......... 105

**४उपलब्धि ४.५., नतिजाप्रमुख क्रियाकलाप तथा लक्ष्य ,** .......... 105

**४.५.५. प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य** .......... 106

**४विद्यालय भौतिक पूर्वाधार विकास ६.** .......... 107

**४वर्तमान अवस्था १.६.** .......... 107

**४ २.६.उद्देश्य** .......... 108

**४रणनीतिहरू ३.६.** .......... 108

**४उपलब्धि ४.६., नतिजा तथा प्रमुख क्रियाकलापहरु तथा लक्ष्य** .......... 109

**४प्रमुख क्रियाकलापहरू तथा परिमाण ५.६.ात्मक लक्ष्य** .......... 110

**४विद्यालयमा सुचना तथा संचार प्रबिधि ७.** .......... 111

**परिचय** .......... 111

**४वर्तमान अवस्था १.७.** .......... 111

**४उद्देश्यहरू २.७.** .......... 112

**४रणनी ३.७.तिहरू** .......... 112

**४नतिजा ४.७., क्रियाकलाप तथा लक्ष्य** .......... 113

४प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य ५.७. 114
परिच्छेद पाँच : योजनाको नतिजा खाका (अन्य उपक्षेत्र) 115
परिचय 115
५योजनाको समग्र नतिजा खाका १. 116
तालिका ५योजनाको समग्र नतिजा १.१., नतिजा खाका अपेक्षित प्रभाव तथा उपलब्धिहरू 116
परिच्छेद ६ : सुशासन तथा व्यबस्थापन 120
६शिक्षाको व्यबस्थापन तथा संस्थागत क्षमता विकास १. 121
६वर्तमान अवस्था .१.१. 121
६उद्देश्य २.१. 122
६रणनीतिहरू ३.१. 122
६उपलब्धि ४.१., नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य 123
६प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ५.१. 124
६स्थानीय शिक्षा कार्यान्वनको प्रबन्ध २. 125
परिचय 125
६वर्तमान अवस्था १.२. 125
६ २.२.उद्देश्य 128
६रणनीति ३.२. 128
६प्रमुख उपलब्धि तथा नतिजा ४.२. 129
६प्रमु ५.२. ख क्रियाकलाप र परिमाणात्मक लक्ष्य 129
परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन 130
७वर्तमान अवस्था १. 130
शिक्षामा राज्यको लगानीको अवस्था 131
शिक्षामा निजी लगानी 131
७उद्द २.ेश्य 133
७रणनीतिहरू ३. 134
७प्रमुख उपलब्धि ४. 135

७प्रमुख क्रियाकलाप र लक्ष्य ५. ........ 135
७योजनाको वर्षिक बजेट तर्जुमा प्रक्रिया ६. ........ 137
७योजना कार्यान्वयनका लागि वर्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान ७.्वयन .... 138
परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन ........ 139
८वर्तमान अवस्था १. ........ 139
८उद्देश्य २. ........ 140
८रणनीति ३. ........ 141
८प्रमुख उपलब्धि तथा नतिजा ४. उपलब्धि ........ 141
८प्रमु ५. ख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 142

# योजनाको सारंश

## १. बिषय प्रवेश

स्थानीय तहको शैक्षिक सेवाहरु प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नको लागि शिक्षा योजनाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । धोबीनी गाउँपालिकाको स्थानिय तहको शिक्षाको विकासका लागि **स्थानिय तहको शिक्षाको योजना** निर्माण गर्न लागिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रमहरु स्थानीय तह मार्फत कार्यान्वयन भै रहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हाँसिल गर्नका लागि ७५३ वटै स्थानीय सरकारहरूले संघीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकताहरूलाई प्राथमिकतामा राखी स्थानीयस्तरमा शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । यसै सन्दर्भमा यस धोबीनी गाउँपालिकाले स्थानीय तहको शिक्षा योजना तयार गरिएको छ ।

## २. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य तथा विद्यमान विद्यालय शिक्षा सम्वन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यहरुलाई संघीय संरचना अनुरुप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न संघीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ ।

नेपालको संविधान अनूसूची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले आधारभुत तथा माध्यमिक तहको लागि २३ वटा शिक्षाको अधिकार तोकेको छ । यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ । यी प्रावधानहरुलाई कार्यान्वयन गर्नको लागि धोबीनी गाउँपालिकाले स्थानीय तहहरुले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न लागिएको छ । विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक

लगायतका कारणले सुविधाविहिन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे **विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan)** तयार गरेको छ । यसै आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन् । यसै परिवेशमा यस धोबीनी गाउँपालिकाले स्थानीय तहहरूले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नु पर्ने आवश्यकतालाई महशुस गरी स्थानीय शिक्षा योजना निर्माण तथा विकास गरिएको हो ।

## ३. स्थानीय तहमा योजना निर्माणको औचित्य

- तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न
- सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न
- कार्यक्रम र स्रोतमा देखिएका अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न
- साझा विषयमा लागत साझे दारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन
- शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष् ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुर्याउन

## ४. शिक्षा योजना निर्माणका आधार

यस धोबीनी गाउँपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाएको छ :

- नेपालको संबिधान
- सोह्रौं आवधिक योजना
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ४.४ सङ्घ, प्रदश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन, २०७७
- अनिवार्य तथा निःशलुक शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
- विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना
- शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
- विद्यालय शिक्षामा समता रणनीति

- दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाचा
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना
- राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन
- विद्यालय सधुार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घ संस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

## ५. शिक्षा योजना निर्माण प्रक्रिया

- धोबिनी गाउँपालिका गाउँ कार्यपालिकाको बैठकबाट शिक्षा योजना निर्माण गर्ने सहमति आवश्यकता बारेमा छलफल भई योजना निर्माण गर्ने निर्णय गरेको
- सरोकारवालाहरुलाई यस पलिकाको शिक्षको बर्तमान अवस्था बारे अभिमुखिकरण र साझा सहमतिमा स्थानिय तहको शिक्षा योजना निर्माण सम्बन्धि समाजिक विकास समितिको संयोजकको संयोजकत्वमा सरोकारवाला समिलित कार्यदल गठन गरेको ।
- मनव स्रोत तथा शिक्षा विकास केन्द्रले तयार गरेका तययपिष्त बारे शिक्षा अधिकृतको क्षमता अभिबृद्धि अनुशिक्षणमा सहभागी गराएको
- SESP Toolkit मा तथ्यांक भर्ने र त्यसको विशलेषण गर्ने दुई दिनको कार्यशालामा भगलिई तथ्यांक भर्ने काम सम्पनन गरेको
- योजना लेखन विधि कार्यशालामा कार्यदलको संयोजक तथा सद्स्यहरुले भाग लिएको
- कार्यदल संयोजक तथा सदस्यहरुले तीन दिन सम्म बीरगंजमा विज्ञको निगरानीमा बसेर शिक्षा योजनाको मस्यौदा लेख्ने कार्य गरेको
- योजनाको विषयगत रुपमा लेखिएको मस्यौद माथी सानो सानो विषयगत जनाकार ब्यतित्वहरुको समुहबाट पृष्ठपोषण संकलन गरि योजनामा समाबेश गरिएको ।
- सराकारवालाहरुको बैठक बोलाई शिक्षको मस्यौदमाथी ब्यापक छलफल गरि सुझाव संक्लन तथा समाबेश गरि अन्तिम शिक्षाको मस्यौदा शिक्षा समितिमा पेश गरिएको र शिक्षा समितीलले योजनालाई निर्णयार्थ कार्यपलिकाको निर्णय बमोजिम नगर सभामा पेश गरि .......... मितिमा स्थानिय तह शिक्षा योजना पास भई, राजपत्रमा प्रकाशित भएको छ।

## ६. योजना लेखाजोखा

यस धोबीनी गाउँपालिकाको स्थानीय तहको शिक्षा योजना निर्माण गरिसकेपछि विश्वसनीयदिगो र लगानी योग्य छ या छैन भन्नका , लागी योजनाको विभिन्न पक्षहरू समेटेर लेखाजोखा गरिनु पर्दछजुन योजना कार्यान्वयन गर्नु पूर्व गरिने महत्वपूर्ण कार्य ,

तथा योजनाको अभिन्न अङ्ग हो । निर्माण भएको योजनाको लेखाजोखा कार्यलाई सम्बन्धित स्थानीय तहले आन्तरिक र बाहिरका बिभिन्न बिषय क्षेत्रका बिज्ञहरूको समिति निर्माण गरी सो समितिको कार्य बिबरण तोकी सम्पन्न गर्नु पर्दछ ।

धोबीनी गाउँपालिकाले निर्माण गरेको शिक्षा क्षेत्रको योजनाको लेखाजोखा गर्न सहयोग गर्न योजनाको सबलताप्रासंगिकता ,, सुसंगतता र विश्वसनीयताआदि पक्षहरु हेरिन्छन्। , यो योजनाको लेखाजोखा प्रक्रिया धोबीनी गाउँपालिकाको नीति र प्राविधिक संवादमा आधारित र सरोकारवालाहरूको सहभागितामूलक हुनेछ । यो प्रक्रिया योजनामा तय गरिएका प्रमुख सूचकहरूमा आधारित भई बिभिन्न परामर्श प्राबिधिक ,योजना निर्मार्ण समिति) (समितिहरूसँग बैठक, प्रमुख सरोकारवालाहरूसँगको अन्तर्वार्ता, र खासखास मुद्‌दा तथा समस्या रहेका वडासमुदाय तथा बिद्‌यालयको भ्रमणहरू ,गाउँ ,, शिक्षा क्षेत्रको योजना र अन्य सान्दर्भिक कागजातहरूको डेस्क समीक्षाभरपर्दो जानकारीहरुको विश्लेषण , (चेक गर्न आवश्यक छ-जसलाई विज्ञहरूले प्रमाणित र क्रस) समावेश गरिनेछ । लेखाजोखा प्रक्रिया सकेपछि सोबाट प्राप्त पृष्टपोषण तथा निष्कर्षहरूलाई योजनालाई अन्तिम रूप दिन उपयोग गर्नु पर्दछ यस अतिरिक्त योजनालाई अन्तिम रूप दिनुपूर्व लेखाजोखाबाट । प्राप्त सिफारिसहरूको प्रमाणीकरण कार्यशाला आयोजना गर्नु राम्रो हुन्छ ।

| **क्र.सं.** | **लेखाजोखाको पक्ष** | **विस्तृत विवरण** |
|---|---|---|
| १ | नेतृत्व तथा हभागिता (Leadership and participation) | योजना निर्माणमा पोखरिया नगरपाकिले नेतृत्व लिइएको थियो र शिक्षाका सरोकारवालाहरुको योजनाको हरेक चरणमा सहभागिता गराएको । |
| २ | प्रयाप्ता तथा सान्दर्भिकता (adequacy and relevance ) | योजनामा समाबेश गरिएको रणनिति, कार्यक्रम तथा कृयकलाप शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतिलाई सम्बोधन गर्ने खालका छन । योजना बनाउन भन्दा अगाडी तययपिष्त मा सम्पुर्ण सुचनाहरु भरेको सोही औजार (tools) ले प्रक्षेपण गरेको आधारमा प्रथामिताको क्षेत्रहरु निर्धारण गरिएको छ । |
| ३ | समता, सक्षमता तथा गुणस्तर ( Equity, efficiency and quality) | Toolkit आधारित प्रक्षेपण गरेको आधारमा प्रथामिताको क्षेत्रहरु निर्धारण गरिएको छ, जसले सबै तह, वर्ग, अवस्था महिला पुरुषको मुद्‌धहरुलाई सम्बोधन गर्न कार्यक्रम समाबेश गरिएको छ। |

| | | |
|---|---|---|
| ४ | अन्तर सम्बन्ध( coherence) | शिक्षा योजनाले पालिका भित्र निर्माण भएका योजना जस्तै कृषि, स्वास्थ्य, पुर्वाधार, पोषण आदिसंग तादम्त्य मिलाएको छ साथै यसले विधालय सुधार योजना, शिक्षक सुधार योजना संग पनि अन्तर सम्बन्ध मिलाइएको छ । योजनाले राष्टिय शिक्षा निति तथा विधालय शिक्षा क्षेत्र योजनासंग पनि अन्तर सम्बन्ध विकास गर्नुको साथै योजनमा समाबेश भएका विभिन्न उपक्षेत्र तथा विषय बीच अन्तर सम्बन्ध कायम गरेको छ। |
| ५ | सम्भाव्यता र कार्यान्वयन योग्यता तथा सान्दर्भीकता | योजनमा समाबेश भएका विभिन्न उपक्षेत्र तथा विषय बीच अन्तर सम्बन्ध कायम गरेको छ। साथै लाक्षित बर्गलाई प्रत्यक्ष लाभ पुग्ने किसिमले कार्यक्रम र रणनितिहरुको निर्माण गरिएको छ । |
| ६ | स्रोतको प्रवन्ध | योजनामा तय गरिएको राणनिति तथा कार्यक्रमहरु निश्चित समयावधि स्रोतको आधारमा निर्धारण गरिएको छ र |
| ७ | संस्थागत क्षमता | योजनामा तय गरिएको राणनिति तथा कार्यक्रमहरुलाई निश्चित समयावधि प्रभावकारी कार्यान्वयनको लागि मानवीय स्रोतको क्षमता अभिबृद्धिका जस्तै तालिम, अन्तरकृया आदि जस्ता कार्यक्रमहरु समाबेश गरिएको छ । |
| ८ | कार्यान्वय तत्परता | योजनामा तय गरिएको राणनिति तथा कार्यक्रमहरु निश्चित समयावधि तथा स्रोतको आधारमा निर्धारण योजनाको लागि आवश्यक चरणहरु पुरा गरेको छ र सबैको साझा प्रतिवद्धता प्राप्त भएको छ । |
| ९ | तथ्यांक विशलेषण तथा प्रक्षेपण | मानव स्रोत तथा शिक्षा विकास केन्द्र (CHERD) ले तयार गरेको तययपिष्तक लाई आधार बनाई तथ्यांक संकलन गरेको तथा त्यहि तययकि ले गरेको तथ्यांक विश्लेषणको आधारमा कार्यक्रम तथा रणनितिहरु तय गरिएको छ । |
| १० | अनुगमन र | योजना कार्यान्वयन गर्ने मुल्यांन गर्ने तथा त्यसको |

| | | |
|---|---|---|
| | प्रतिवेदन | आध्वधि गर्ने कार्य कायदललाइ दिएको छ साथै पालिका प्रमुख, उपप्रमुख तथा प्रमख प्रशासकिय अधिकृत र अन्य शाखाका प्रमुखहरु तथा सहयोग संस्था समिलित संयुत्त अनुगमन( Joint Monitoring) समिती गर्ने ब्यवस्था योजनामा गरिएको छ । |

## ७. योजना दस्तावेजको स्वरूप

स्थानीय तहको यस योजनाको स्वरूपलाई तल भए बमोजिमको ढाँचाभित्र रही तयार गर्नुपर्दछ ।

**स्थानीय शिक्षा योजनाको प्रस्तावित ढाँचा**

विषय प्रवेश

शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

शिक्षा योजना निर्माण प्रक्रिया

परिच्छेद १ : परिचय

११. पृष्ठभूमि

१२. मुख्य समस्याहरुः

१३. शिक्षा क्षेत्रका चुनौतीहरुः

१४. अवसरहरुः

परिच्छेद २ : लक्ष्य निर्धारण

२१. दूरदृष्टि

२२. लक्ष्य

२३. उदेश्य

२४. रणनीतिहरु

२५. कार्यनीति

२६. अपेक्षित उपलब्धि

२७. मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

परिच्छेद ३ : विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु

३१. प्रारम्भिक बालविकास र शिक्षा

३२. आधारभूत शिक्षा

३३. माध्यमिक शिक्षा

३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

३.५ अन्य उपक्षेत्रहरू (प्राविधिक तथा व्यावसायिक शिक्षा, उच्च शिक्षा, आदि)

परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु

४१. पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

४२. शिक्षक व्यवस्थापन र विकास

४३. शिक्षामा समता र समावेशीकरण

४४. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम

४५. आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा

४६. विद्यालय भौतिक पूर्वाधार विकास

४७. शिक्षामा सूचना तथा सञ्चार प्रविधि

विद्यालय सुरक्षा

परिच्छेद ५ : सुशासन तथा व्यवस्थापन

५१. शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

५२. स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध
अनुगमन तथा मूल्याङ्कन
परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन
परिच्छेद ७ : अनुगमन तथा मूल्याङ्कन

# परिच्छेद १: परिचय

धोबीनी गाउँपालिका पर्सा जिल्लाको १४ स्थानीय तहहरु मध्ये एक स्थानीय तह हो । यस गाउँपालिकाले अफ्नो क्षेत्रको सामाजिक, सास्कृतिक, आर्थिक, शैक्षिक लगायतका सम्पूर्ण पक्षको विकास गर्नु पर्दछ । प्रत्यक्ष रुपमा आफु पनि संलग्न भइ रहने हुदा अत्यन्त गहणता पूर्वक विकासका बाटाहरु पहिल्याउनु पर्छ । हाम्रो संविधानमा समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने मुख्य ध्येय राखे अनुरुप शिक्षा सम्बन्धी हक अधिकारका प्राथमिकताहरु स्थापित गरेका छन । शिक्षा सम्बन्धी हक तथा प्राथमिकतालाई कार्यान्वयन गर्न निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, निःशुल्क तथा अनिवार्य शिक्षा नियमावली २०७७ र बालबालिका सम्बन्धी ऐन २०७५ ले शिक्षा सम्बन्धी हकहरुलाई प्रत्याभूत गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित रही शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका निम्ति नीतिगत व्यवस्था गरेको छ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (२) ज मा आधारभूत तथा माध्यमिक शिक्षाको संचालन तथा व्यवस्थापन गर्ने अधिकार दिइएको छ । सोही आधारमा बृहत दायित्व बोध हुनेगरी शिक्षाको विकास गर्नु अनिवार्य हुन जान्छ ।

कुनै पनि क्षेत्रको विकास " **योजना विना** " अधुरो हुने हुदा सुरुमा नै योजना निर्माण गर्नु पर्दछ । त्यसैले विभिन्न कालखण्डमा शिक्षा क्षेत्रको विकास गर्न योजना निर्माण गरेको इतिहास छ । राणाकालमा पनी शिक्षाको विकास गर्न नखोजेका होइन, तर ठोस योजना विना शिक्षाको विकास गर्न खोज्दा उपलब्धी मुलक नभएको जस्तो देखिन्छ । व्यवस्थितरुपमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन २०११ ले गरेको देखिन्छ । यसै गरी सर्वाङ्गीण राष्ट्रिय शिक्षा योजना २०१८, राष्ट्रिय शिक्षा पद्धति योजना २०३२-२०२८)) हुदै विभिन्न समयमा विभिन्न योजना परियोजना र कार्यक्रम लागु भएका छन । पछिल्लो चरणमा दीगो विकासका लागि शिक्षा कार्यक्रम मा उल्लिखित उद्देश्य एवम् सूचकहरुलाई परिपूर्ति गर्नका (२०३०-२०१५) २००९ सन्) लागि विद्यालय क्षेत्र सुधार योजना-२०१५(, विद्यालय क्षेत्र विकास योजना -२०१६) को मान्यताको आधारमा (२०२२धोबीनी गाउँपालिकाले गाउँ शिक्षा योजना वि(२०९०-२०८१) .स.

निर्माण गरी धोबीनी गाउँपालिका स्थानिय राजपत्रमा प्रकासित गरीसकिएको छ । राष्ट्रिय तहमा बनेका विधालय क्षेत्र विकास योजना सन् को समाप्ती संगै शिक्षा क्षेत्रको योजना (२०२२-२०१६) )Education Sector Plan -ESP) आगामी १० वर्षे शिक्षा विकासको दृष्टिकोण सहित निरर्माण गर्न सन् २०२४-२०३३ का लागी धोबीनी गाउँपालिकाका शिक्षा शाखाले यो शिक्षा योजना तयार गरेको हो ।

## १.१ वर्तमान अवस्था

नेपालको बर्तमान संविधानुसार पुरानो संरचनालाई पुनः संरचना गर्दा शिक्षाको पनि संस्थागत संरचना भएको पाइन्छ पहिला शिक्षाको सम्पुर्ण कार्य जिल्ला शिक्षा कार्यालय तथा स्रोत केन्द्रहरु मार्फत संचालन भइरहेको हुदाँ शिक्षा सम्बन्धि सबै कार्यहरु एउटा लयमा संचालन भइरहेको थियो तर देश संधियतामा गइसकेपछि विधालय शिक्षाको सम्पुर्ण कार्य स्थानिय तहलाई दिई सकेपछि शुरुको पाँच बर्षमा संघ र स्थानिय बीच अधिकार क्षेत्रलाई लिएर केहि अन्योलता भएता पनि हाल त्यो समस्या समाधन भएको पाइन्छ । विधालय शिक्षा स्थानिय निकायको जिम्मा आइसकेपछि अवसर र चुनौति दुवै एकै चाटि आएको छ अवसर यो मानेमा कि शिक्षामा देखिएको समस्यालाई स्थानिय स्तरबाटै प्राथमिकताको आधारमा समबोधान गर्न सकिन्छ भन्ने चुनौती मानव स्रोतको अभाव, गुणास्तरियता सुनिश्चितताको लागि पालिकाको स्रोत अभावको कारण ससर्तअनुदानमा आधारित हुनु तथा शिक्षक ब्यवस्थापनमा चुनौतीको रुपमा देखिन्छ । यस पालिकामा सबै प्रकारको विधालय संख्या २० रहेको जस मध्ये १८ वटा सामुदायिक विधालय रहेको छ । बालविकासमा खुद भर्ना दर ६७.२ छ जुन राष्टिय औषत भन्दा निकै कम देखिन्छ । कक्षा १ मा खुद भर्ना दर ६२.३ प्रतिशत छ जसले विधालय भर्ना दर नाजुक अवस्थालाई चित्रण गर्दछ । कक्षा १ देखि १० सम्मको टिकाउः दर प्रतिशत ३०.२ रहेको तथ्यांकले देखाउछ माथी उल्लेखित तथ्यांकले शिक्षाको अवस्था कमजोर अवस्थामा रहेको देखाउँछ जसका लागि शिक्षाको हरेक क्षेत्र जस्तै शिक्षक ब्यवस्थापन, क्षमताअभिबृद्धि, ब्यवस्थापन समिती गठन तथा परिचालन, अभिभावक परिचालन आदि कार्य एकै पटक योजनाबद्ध रुपले गर्न आवश्यक देखिन्छ

### (क) भौगोलिक अवस्थितिको विश्लेषण


यो गाउँपालिकाको कुल क्षेत्रफल २४.४१ बर्ग कि.मि.रहेको छ भने कुल जनसंख्या २२,६०६ (वि.स.२०७८) रहेको छ जसमा पुरुष जनसंख्या ५१.४ प्रतिशत र महिला ४८.६ प्रतिशत रहेको छ । यस गाउँपालिका को पूर्व तर्फ कालिकामाई गाउँपालिका र पोखरिया नगरपालिका, दक्षिण र

पश्चिम तर्फ छिपहरमाई गाउँपालिका, र उत्तर तर्फ जगरनाथपुर गाउँपालिका रहेका छन । यो स्थानिय तह २७.०९ डिग्रि अक्षांश र ८४.७१ डिग्रि देशान्तरमा रहेको छ ।

धोबीनी गाउँपालिकाको कूल जनसंख्या २२,६०६ जना रहेको छ जसमा पुरुषको ११,६११ जना र महिला १०,९९५ जना रहेका छन । यहाँको लैङ्गिक अनुपात १०५.६० रहेको छ । वडागत जनसंख्या निम्न अनुसार रहेको छ ।

**(ख) जनसाङ्ख्यिक सरंचनाको विश्लेषण**


धोबीनी गाउँपालिकाको कूल जनसंख्या २२,६०६ जना रहेको छ जसमा पुरुषको ११,६११ जना र महिला १०,९९५ जना रहेका छन । महिलाको भन्दा पुरुषको जनसंख्या ६१६ जना )५.३%ले बढी ( देखिन्छ । यहाँको लैङ्गिक अनुपात १०५.६० रहेको छ । विभिन्न समूहको जनसंख्यालाई तालिकामा प्रस्तुत गरिएको छ ।




| | ९५ माथि | ९०-९४ | ८५-८९ | ८०-८४ | ७५-७९ | ७०-७४ | ६५-६९ | ६०-६४ | ५५-५९ | ५०-५४ | ४५-४९ | ४०-४४ | ३५-३९ | ३०-३४ | २५-२९ | २०-२४ | १५-१९ | १०--१४ | ०५--०९ | ००-०४ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ४ | ४ | २५ | ४६ | १८१ | २२८ | ३२३ | २३५ | ३४३ | ५०० | ५२० | ६३४ | ७०४ | ७४८ | ८३८ | ९५१ | १२६१ | १४०६ | १४८१ | ११७९ |
| महिला | ८ | ४ | १५ | ४६ | १५२ | २५३ | ३२३ | २९० | २६९ | ३९४ | ५३१ | ५७७ | ६९४ | ७७७ | ८४७ | ८२८ | १०६१ | १३७० | १४५३ | ११०३ |


पुरुष महिला

*स्रोत :राष्ट्रिय जनगणना २०७८*




| | 1 | 2 | 3 | 4 | 5 |
|---|---|---|---|---|---|
| वडा नं. | १ | २ | ३ | ४ | ५ |
| पुरुष | १२०१ | २३९४ | २८७१ | १९७६ | ३१६९ |
| महिला | ११२४ | २१४५ | २७२३ | १९५८ | ३०४५ |

*स्रोत :राष्ट्रिय जनगणना २०७८*




*स्रोत :राष्ट्रिय जनगणना २०७८*

**(ग) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण**

धोबीनी गाउँपालिका सामाजिक तथा सांस्कृतिक विविधतायुक्त स्थानीय तह हो । साविकको धोबीनी गा.वि.स.को नामले नै यस पालिकाको नाम धोबीनी नामाकरण भएको हो । यहाँ विभिन्न जातजातिका फरक-फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम प्रचलनहरु रहेका छन । यहाँ बसोबास गर्ने जातिहरु ब्राहमण, क्षेत्री, कुर्मि, साह, दलित, यादव, मुस्लिम आदि हुन। यहाँ भोजपुरी मातृभाषा भएको समुदाय रहेको छ । यो स्थानीय तहमा हिन्दु र मुस्लिम धर्मावलम्बीहरु बसोबास गर्छन भने उनीहरुले दशैं, तिहार, छठपर्व, माघे संक्रान्ति र फागुपुर्णिमा, जनै पूर्णिमा, तीज, पञ्चमी, इद बकरिद  जस्ता चाडपर्वहरु मान्ने गर्दछन । यस पालिकाभित्र रहेका बहुविशेषताहरु बीचमा एकीकरण भएको अवस्था छ । अनेकताबीच एकता कायम भएको छ। त्यसैले सामाजिक सद्भाव, सहयोग, सहकार्य, सह-अस्तित्व, सहिष्णुता, मेलमिलाप कायम भएको छ।

**(घ) आर्थिक अवस्थाको विश्लेषण:**

कम आय भएको मुलुकबाट नेपाललाई मध्यम आय भएको राष्ट्रमा पुर्याउने सरकारको महत्वकांक्षी लक्ष्यलाई टेवा दिन धोबीनी गाउँपालिकाले पनि विभिन्न किसिमका आर्थिक क्रियाकलापहरुलाई अगाडि बढाएको छ । यहाँका बासिन्दा मुख्य गरी कृषिमा निर्भर छन । यहाँ धान, गहु, उखु, सुर्ती, सरसो, तरकारी खेती हुने गर्छ । यहाँका मानिसहरुको आर्थिक स्तर माथि उकास्न उन्नत जातको पशुपालन, बीउ विजन, व्यावसायिक खेती, रोजगार तथा स्वरोजगारमुखी कार्यक्रम सञ्चालन गर्दै आएकोछ । यसका अलावा वैदेशिक रोजगारले पनि यहाँको आर्थिक अवस्था वृद्धि गर्नमा मदत गरेको देखिन्छ भने महामारीको रुपमा फैलिएको कोभिड-१९ ले समग्र आर्थिक क्षेत्रमा नकारात्मक प्रभाव पारेको छ ।

**(ङ) शैक्षिक अवस्थाको विश्लेषण:**

विधालय शिक्षा स्थानिय निकायको जिम्मा आइसकेपछि अवसर र चुनौति दुवै एकै चाटि आएको छ अवसर यो मानेमा कि शिक्षामा देखिएको समस्यालाई स्थानिय स्तरबाटै प्राथमिकताको आधारमा समबोधान गर्न सकिन्छ भन्ने चुनौती मानव स्रोतको अभाव, गुणास्तरियता सुनिश्चितताको लागि पालिकाको स्रोत अभावको कारण ससर्तअनुदानमा आधारित हुनु तथा शिक्षक ब्यवस्थापनमा चुनौतीको रुपमा देखिन्छ । यस पालिकामा सबै प्रकारको विधालय संख्या २० रहेको जस मध्ये १८ वटा सामुदायिक विधालय रहेको । बालविकासमा खुद भर्ना दर ६७.२ छ जुन राष्टिय औषत भन्दा निकै कम देखिन्छ । कक्षा १ मा खुद भर्ना दर ६२.३ प्रतिशत छ जसले विधालय भर्ना दर नाजुक अवस्थालाई चित्रण गर्दछ । कक्षा १ देखि १० सम्मको टिकाउः दर प्रतिशत ३०.२ रहेको तथ्यांकले देखाउछ माथी उल्लेखित तथ्यांकले शिक्षाको अवस्था कमजोर

अवस्थामा रहेको देखाउँछ जसका लागि शिक्षाको हरेक क्षेत्र जस्तै शिक्षक ब्यवस्थापन, क्षमताअभिबृद्धि, ब्यवस्थापन समिती गठन तथा परिचालन, अभिभावक परिचालन आदि कार्य एकै पटक योजनाबद्ध रुपले गर्न आवश्यक देखिन्छ माथी उल्लेखित तथ्यांकले शिक्षाको अवस्था कमजोर अवस्थामा रहेको देखाउँछ जसका लागि शिक्षाको हरेक क्षेत्र जस्तै शिक्षक ब्यवस्थापन, क्षमताअभिबृद्धि, ब्यवस्थापन समिती गठन तथा परिचालन, अभिभावक परिचालन आदि कार्य एकै पटक योजनाबद्ध रुपले सबैको सहयोगमा गर्दै जादाँ अपेक्षित उपलब्धि प्राप्त हुन्छ ।

यस खण्डमा धोबीनी गाउँपालिकाको संक्षिप्त शैक्षिक अवस्था अन्तर्गत नीतिगत व्यवस्था, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन र दीगो विकासका लक्ष्यहरुको सन्दर्भ चर्चा गरीएको छ।

**नीतिगत प्रवन्ध**

नेपालको संविधान, २०७२ को भाग ३, धारा ३१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था गरिएको छ। उक्त संविधानमा आधारभूत शिक्षामा पहुँचको हक, आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशल्क, माध्यमिक तहसम्मको शिक्षा निःशल्क, आर्थिक रुपले विपन्न र अपाङ्गता भएकालाई कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक तथा आधारभूत तहसम्म मातृभाषामा शिक्षा पाउने मौलिक हकको संवैधानिक व्यवस्था गरिएको छ। त्यसै गरी आधारभूत शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवम गुणस्तरयुक्त बनाउन अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७ ले प्रत्येक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई शिक्षा सम्बन्धी २३ वटा अधिकाररकार्यहरु प्रदान गरे अनुरुप धोबीनी गाउँपालिकाले गाउँ शिक्षा नियमावली निर्माण लगायत यहाँको समग्र शैक्षिक गुणस्तरलाई वृद्धि गर्न शैक्षिक अन्तरक्रिया, पेशागत क्षमता विकास, शैक्षिक गुणस्तर सुधार लगायतका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ।

## उपलब्धिको अवस्था

| कक्षागत रुपमा सन्चालित बिद्यालयहरुको बिबरण (Schools Running by Grades) | L_Basic Unit(1-5) | U_Basic Unit(6-8) | Sec (9-10) Unit | Sec (11-12) Unit |
|---|---|---|---|---|
| कक्षागत र तहगत जम्मा बिद्यालय सङ्ख्या (सबै प्रकारका) | 20 | 6 | 3 | 3 |

| | | | | |
|---|---|---|---|---|
| कक्षागत र तहगत सबै प्रकारका समुदायिक जम्मा बिद्यालय सङ्ख्या | 14 | 5 | 3 | 3 |
| जम्मा समुदायिक बिद्यालयमध्ये अनुमति प्राप्त कक्षाग र तहगत बिद्यालय सङ्ख्या (शुन्य दरबन्दी भएका) | 1 | 0 | 0 | 0 |
| जम्मा सामुदयिक बिद्यालयमध्ये बिशेष बिद्यालयहरुको सङ्ख्या (बिभिन्न अपाङ्गताका भएका बालबालिकाका लागि) | 1 | 0 | 0 | 0 |
| जम्मा सामुदयिक बिद्यालयमध्ये धार्मिक बिद्यालयहरुको सङ्ख्या | 4 | 0 | 0 | 0 |

| | | |
|---|---|---|
| **१. प्रारम्भिक बाल बिकाश तथा शिक्षा** | | |
| १.१ | कुल भर्नादर | ६९.७ |
| १.२ | खुद भर्नादर | ६७.२ |
| १.३ | कक्षा १ का नवप्रवेशी मध्ये प्रारम्भिक बालबिकाश तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ४८.६ |
| **२. आधारभुत शिक्षा** | | |
| २.१ | कक्षा १ मा कुल प्रवेशदर | ९७.३ |
| २.२ | कक्षा १ मा खुद प्रवेशदर | ६२.३ |
| २.३ | कक्षा १-५ मा कुल भर्ना दर | ११३.८ |
| २.४ | कक्षा १-५ मा खुद भर्ना दर | ९४.५ |
| २.५ | कक्षा ५ सम्म टिकाउ दर | ५९.६ |
| २.६ | कक्षा १-८ मा कुल भर्ना दर | १०१.५ |
| २.७ | कक्षा १-८ मा खुद भर्ना दर | ८७. |

| | | |
|---|---|---|
| २.८ | कक्षा १-८ खुद भर्नादरमा लैङ्गिक समता सूचकांक | १.०५ |
| २.९ | कक्षा ८ सम्म टिकाउ दर | ४०.३ |
| २.१ | ५-१२ बर्ष उमेरका बिद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | १७.६ |
| **३. माध्यमिक शिक्षा** | | |
| ३.१ | कुल भर्नादर कक्षा ९-१० | ७९.७ |
| ३.२ | खुद भर्ना दर कक्षा ९-१० | ४८.१ |
| ३.३ | कुल भर्नादर कक्षा ११-१२ | ३९.९ |
| ३.४ | खुद भर्नादर कक्षा ११-१२ | १५.३ |
| ३.५ | कुल भर्नादर कक्षा ९-१२ | ५७.९ |
| ३.६ | खुद भर्नादर कक्षा ९-१२ | ३०.१ |
| ३.७ | कक्षा ९-१२ मा खुद भर्नादरका आधारमा लैङ्गिक समता सूचकांक | १.३३ |

धोबीनी गाउँपालिकाको विगत वर्षहरुको शैक्षिक उपलब्धि स्तर र शैक्षिक वर्ष २०८१ को उपलब्धि स्तरलाई समीक्षा गर्दा विगतका वर्षहरुको भन्दा हालको उपलब्धि स्तर क्रमशः खस्कदै गएको स्थिति छ। कोभिड-१९ को महामारीको प्रभावले यहाँको शैक्षिक उपलब्धिको स्तरलाई अझ ह्रास पार्ने सम्भावना देखिन्छ।

## शिक्षा क्षेत्र विकास योजनाको कार्यान्वयन

विद्यालय क्षेत्र विकास योजना )२०८१-२०९०( ले विभिन्न शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु परिकल्पना गरि अगाडि सारे पश्चात् सो योजनालाई सहयोग पुऱ्याउने हेतुले धोबीनी गाउँपालिकाले आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापनमा केही पहल कदमी गरे तापनि जडा गाडेको केही समस्या दरबन्दी, दरबन्दी अनुसार शिक्षक व्यवस्थापन सम्बन्धी समस्या,

शैक्षिक समस्या तथा शैक्षिक समस्या प्रतिको सारोकारवालाको उदासिन्ताले गर्दा **चुनौतीको** सामना बढी गर्नु परिरहेको छ । जसले गर्दा योजना कार्यन्वयनमा हुन सक्ने अपेक्षित उपलब्धी प्राप्त नभएको देखिन्छ ।

**दीगो विकास लक्ष्यहरु**

दीगो विकास लक्ष्य सबैका लागि समावेशी र समतामूलक " ४ .को लक्ष्य नं (२०३०-२०१५) लक्ष्य "गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरुमा प्रोत्साहित गर्ने दीगो विकासका " मा दक्षिण कोरियाको इन्चोनमा भएको २०१५ पूरा गर्न नेपाल सरकारले सन् क "लागि शिक्षाार्यक्रम र सेप्टेम्वरको संयुक्त राष्ट्रसंघको साधारण सभाको बैठकबाट पारित प्रतिवद्धता अनुरुप उक्त लक्ष्य नं हासिल गर्न ४ .धोबीनी गाउँपालिकाले शिक्षा क्षेत्रको योजना निर्माण गरेको छ। सो लक्ष्य प्राप्तिका लागि यस गाउँपालिकाले दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति, लक्ष्य र कार्यक्रम सहित १० वर्षको शिक्षा क्षेत्रको योजना )२०२४-२०३३तयार गरी कार्यान्वयनमा ( ल्याउन प्रयासरत छ ।

## १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

धोबीनी गाउँपालिकाको समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य समस्या तथा चुनौतीहरु निम्नानुसार छन ।

- प्रारम्भिक बालविकास केन्द्र र कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्नु।
- नक्शांकनका आधारमा सुलभ दुरीमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गर्नु।
- बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्रीको सिकाइ वातावरण निर्माण गर्नु।
- इन्टरनेट, सूचना र प्रविधिको पहुँच विद्यालयमा पुर्याउनु ।
- भौतिक पूर्वाधार र शैक्षिक वातावरणको निर्माण गर्नु।
- आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण रुपमा निःशुल्क गरी गुणस्तरयुक्त सिकाइलाई सुनिश्चित गर्नु।
- व्यवहारकुशल सीपलाई विद्यालय शिक्षाको प्रारम्भिक बालविकास शिक्षादेखि माध्यमिक तहसम्म एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग अनुकूलन गर्न पाठ्यक्रममा परिमार्जन गरी विद्यालय शिक्षाको औचित्यता वृद्धि गर्नु।
- व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपर्युक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु।

- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्नु।

### १.३ शिक्षाक्षेत्रका चुनौतीको SWOT विश्लेषण

यस धोबीनी गाउँपालिकाको शिक्षा क्षेत्रको सबल पक्ष, अवसर, चुनौती र सुधार गर्ने पक्षलाई तल विश्लेषण गरिएको छ

## क) शिक्षा क्षेत्रका सबल पक्षहरु

यस गाउँपालिका को शिक्षा क्षेत्रका सबल पक्षहरु यस प्रकार रहेका छन् :

- यस गाउँपालिकामा सबै वडाहरुमा बिधालय रहेका छन
- शिक्षकहरुको सहभागिता र सक्रियता राम्रो छ
- प्राय सबै बिधालयमा बालविकाश केन्द्र रहेको छ

## ख) शिक्षा क्षेत्रका अवसरहरु

- संबैधानिक प्राबधान अनुसार यस गाउँ पालिकाले शिक्षाको विकास गर्न तत्पर रहेको
- पालिका शिक्षा सम्बन्धि नितिगत ब्यबस्था गर्न प्रयासरत रहेको
- यस पालिकाले शिक्षा सम्बन्धि बजेट बिनियोजन गर्न शुरुवात गरेको
- यो गाउँपालिकामा शिक्षा क्षेत्रको विकास गर्न सहज रहेको
- यस गाउँ पालिकामा शिक्षा क्षेत्रमा बिभिन्न संघ संस्थाहरु कार्यरत रहेको

### ग) शिक्षा क्षेत्रका सुधार गर्ने पक्षहरु

- बिधालयमा बालबालिकाको निरन्तरता र टिकाउ को लागि बिधालय ब्यबस्थापनलाई सक्रिय बनाउन र स्थानीय तह बाट निरन्तर अनुगनमा जोड
- बिधालयमा खाजा ब्यबस्थापन भएपनि त्यसको गुणस्तर र स्थानीय परिबेस अनुसार बनाउन र अनुगमन गर्नु पर्ने
- छिमेकी स्थानीय तह को साक्षरता दर अनुरुप अगाडी बढन यस पालिकाले ध्यान केन्द्रित गर्नु पर्ने
- प्रारम्भिक कक्षाको सिकाई उपलब्धिलाई बढाउन पहल गर्नु पर्ने
- स्थानीय तह ले सिक्षा क्षेत्र को बजेट बढाउन जोड दिनु पर्ने

### घ) शिक्षा क्षेत्रको चुनौतिहरु

धोबीनी गाउँपालिकाको समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य समस्या तथा चुनौतीहरु निम्नानुसार छन् -

- प्रारम्भिक बालविकास केन्द्रकक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड / लनअनुसार सञ्चा गर्नु।
- नक्शांकनका आधारमा सुलभ दुरीमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गर्नु।
- बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्रीको सिकाइ वातावरण निर्माण गर्नु।
- इन्टरनेट, सूचना र प्रविधिको पहुँच विद्यालयमा पुऱ्याउँनु।
- भौतिक पूर्वाधार र शैक्षिक वातावरणको निर्माण गर्नु।
- आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण रुपमा निःशुल्क गरी गुणस्तरयुक्त सिकाइलाई सुनिश्चित गर्नु।
- व्यवहारकुशल सीपलाई विद्यालय शिक्षाको प्रारम्भिक बालविकास शिक्षादेखि माध्यमिक तहसम्म एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग अनुकूलन गर्न पाठ्यक्रममा परिमार्जन गरी विद्यालय शिक्षाको औचित्यता वृद्धि गर्नु।
- व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपर्युक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु।
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्नु।
- शिक्षकको व्यवस्थापन, विषयगत शिक्षकको प्रयाप्ता साथै धोबीनी गाउँपालिकाले दरवन्दी मिलान गरेर भएपनी शिक्षक र प्रको व्यवस्थापन गर्नु पर्ने । .अ.

## १.४ अवसर

माथि उल्लेख गरिएका चुनौतीहरु समाधान गरि विद्यालय शिक्षाको प्रभावकारी विकासका लागि निम्न अवसरहरु रहेकाछन् -

- विद्यालय शिक्षाको पहुँच, समता विकास र गुणस्तर वृद्धिका लागि वितरण भएका कार्यक्रमहरुले विकास गरेका संरचना तथा क्षमता पूर्वाधारका रुपमा रहन सक्ने।
- शिक्षामा सरकारको लागि राजनीतिक रुपमा सहभागी देखिएको।

- दीगो विकासको लक्ष्य प्रप्तिका लागि द्विपक्षीय र बहुपक्षीय सहकार्य तथा प्रतिवद्धता रहेको।
- सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारको लागि सकरात्मक जनमत रहेको।
- शैक्षिक अभियान्ताहरुको अग्रसरता रहेको।

# परिच्छेद २: दुरदृष्टि, ध्येय, रणनीति तथा लक्ष्य

## २.१ स्थानीय तहमा योजना निर्माण गर्दा लिनुपर्ने आधार

नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रुपमा प्रत्याभूत २०७२ , गरेको छ। संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको कानूनी व्यवस्था गरेको छ। अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने र प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय वा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यवस्था गरेको छ। शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा सबै क्षेत्रबाट लगानी अभिवृद्धि गरी अगाडि बढ्नु आजको टड्कारो आवश्यकता छ। नेपालको संविधानको मौलिक हक अन्तरगत शिक्षाको हकबालबालिकाको हक लगायत राज्यका निर्देशक सिद्धान्त ,, नीति तथा दायित्व, राज्य संरचना र राज्य शक्तिको बाँडफाँड सम्बन्धी धारा ५७ को उपधारा ४ बमोजिम स्थानीय तहको अधिकार अनुसूची र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा (ज) उल्लिखित प्राप्त अधिकारलाई समेत आधार मानी स्थानीय तहको शिक्षालाई योजनाबद्ध ढंगले अगाडि बढाइ स्थानीय आवश्यकतालाई पूरा गर्न सक्ने जनशक्ति उत्पादन, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय जनशक्ति उत्पादनका लागि Scaffolding को भूमिका निर्वाह गर्न सकोस् भन्ने आशयले सबैको राय सुझाव लिई यो १० वर्षे शिक्षा क्षेत्रको योजना २०२४ सन्)-२०३३तया (र गरिएको छ।

वि को २०१०.स."नेपालमा शिक्षानामक योजना कार्यान्वयन भए पछि शिक्षामा आम " नागरिक र राष्ट्रिय माग तथा विश्व परिवेशबाट सिर्जित ज्ञानको विकासमा नेपालको शिक्षा नीति, योजना, कार्यक्रम तथा परियोजनाहरु कार्यान्वयन हुँदै आएका छन्। प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, शिक्षक शिक्षा परियोजना, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम परियोजना, सहश्राब्दी विकास

लक्ष्य, उच्च शिक्षा परियोजना, विद्यालय क्षेत्र सुधार योजना तथा विद्यालय क्षेत्र विकास योजना जस्ता योजना तथा कार्यक्रमहरु कार्यान्वयनमा आए। विश्वको बदलिदो परिवेशअनुसार नेपालले राष्ट्रिय स्तरमा बनाएका योजनाहरु र गरेका प्रतिवद्धताहरुलाई पूरा गर्नको लागि शिक्षा विकास गुरुयोजनाले महत्वपूर्ण मार्ग निर्देश गर्ने भएकोले यो योजनाको गरिएको छ। यो योजना तयार गर्ने क्रममा यस गाउँपालिकाको गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक, संघका पदाधिकारीहरु, शिक्षक कर्मचारी, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु, बाल क्लव लगायत सबैसँग औपचारिक तथा अनौपचारिक छलफल र अन्तरक्रिया गरि महत्वपूर्ण राय सुझाव लिइ योजना तर्जुमा गरिएको छ। स्थानीय तहमा उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग गरी स्थानीय तहबाट नै विकेन्द्रीकरणको मर्म अनुरुप Bottom up Planning Approach का आधारमा विद्यालय सुधार योजना लगायत अन्य प्रक्रियाका माध्यमबाट शिक्षा विकासको गुरु योजना निर्माण गर्न वाञ्छनीय भएकोले यो योजना तयार पारिएको हो।

शैक्षिक विकेन्द्रीकरणलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न  आगामी दिनमा शिक्षामा समेटिनु पर्ने विषयवस्तुलाई फरक ढंगले सम्बोधन गरी संविधानको मर्म अनुसार समन्वय, सहअस्तित्व, सहकार्य र सहकारिताको सिद्धान्तमा अगाडि बढे मात्रै स्थानीय स्रोत र साधनको उच्चतम् प्रयोग हुने साथै समस्या पहिचान र प्राथमिकीकरणमा गुणात्मकता आउने ठहरसहित १० वर्षे शिक्षा क्षेत्रको योजना २०२४ सन्)-२०३३निर्माण गर्नु सान्दर्भिक देखिन्छ। (

यस विद्यालय क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा नेपालले वि२०३३ सन्) २०९० .सं.) सम्ममा प्राप्त गर्ने उपलब्धिहरुलाई समेट्ने गरि यस परिच्छेदमा योजनाको दूरदृष्टि, ध्येय, उद्देश्यहरु, रणनीतिहरु तथा प्रमुख उपलब्धि सूचक प्रस्तुत गरिएको छ।

### २.२ धोबीनी गाउँपालिकाको दुरदृष्टि

- गुणस्तरीय शिक्षा धोबीनी गाउँपालिकाको आजको आबस्यकता
- सुखी र सम्बृद्ध समाज रुपान्तरणका लागि ब्यबसायिक प्राबिधिक शिक्षा

### २.३ लक्ष्य

नवप्रवर्तक, दक्ष जनशक्ति, जीवनोपयोगी सीपयुक्त, सामाजिक मूल्य मान्यता, समता र समवेशीता प्रति सचेत नागरिक तयार गर्ने ।

## २.४ उद्देश्य

- सबै बालबालिकाहरुका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर उपलब्ध गराउनु।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर वृद्धि गर्नु।
- माध्यमिक शिक्षामा सबैको  पहुँच सुनिश्चित गरि सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु।
- सबै नागरिकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइमा अवसर उपलब्ध गराउनु।
- विद्यालयहरुमा सुशासन प्रवर्धन गरि सिकाइ उपलब्धि अभिवृद्धि गर्नु।
- विद्यालयलाई भय, विभेद र दुरव्यहारमुक्त तथा विविधता अनुकूल बनाइ बालबालिकालाई बालमैत्री वातावरण प्रदान गर्नु।
- आपतकालीन, संकटपूर्ण र महामारीजस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु।
- विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु।
- सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरिक तयार गर्नु।

## २.५ रणनीति

- सबै बालबालिकालाई विद्यालय शिक्षामा पहुच सुनिश्चित गर्नका लागि विद्यालयको नक्साङ्कन गरी आवश्यकताको आधारमा शैक्षिक सेवाको पहुच विस्तार गर्ने ।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरि गुणस्तर वृद्धि गर्न सुशासन, प्रभावकारी नीतिगत व्यवस्था, बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको विकास, अभिभावक सचेतना, शिक्षकको पेशागत दक्षताको विकास जस्ता पक्षहरुमा जोड दिने।
- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरि सान्दर्भिकता र गुणस्तरमा सुधार गर्न शैक्षिक सुशासन, नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन, बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको  विकास, अभिभावक सचेतना, शिक्षकको पेशागत दक्षताको विकास, अनुगमन, सुपरीवेक्षण, निर्देशन तथा मूल्याङ्कन जस्ता पक्षहरुमा जोड दिने।

- सबै बालबालिका तथा नागरिकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइमा अवसर उपलब्ध गराउनको लागि सामुदायिक सिकाइ केन्द्रको पूर्नवितरण र कार्यशैलीमा सुदृढीकरण गर्ने।
- विद्यालयहरुमा सुशासन तथा सामाजिक परीक्षणको असल अभ्यासको प्रवर्धन गरि सिकाइ उपलब्धि अभिवृद्धि गर्न विद्यालयहरुमा उत्तरदायित्व बोध भएका जनशक्तिको व्यवस्थापन गर्ने, सुशासन प्रवर्धन मापक सूचकहरु निर्धारण गरि सुशासन प्रवर्धनको मापन गर्ने साथै निरीक्षण, अनुगमन, सुपरीवेक्षण र निर्देशन जस्ता गतिविधिलाई प्रभावकारी बनाउन जोड दिने ।
- स्वतन्त्र र भयरहित सिकाइ पद्धतिका सक्षम जनशक्ति निर्माणमा जोड दिने।
- विद्यालयमा आपतकालीन, संकटपूर्ण र महामारी जस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न वैकल्पिक विधि, माध्यम, पद्धतिको विकास गरि कार्यान्वयनमा ल्याउने।
- विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न निश्चित नीति नियम निर्माण गरी प्रभावकारी कार्यान्वयनका लागि जोड दिने।
- सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरिक तयार गर्न स्वतन्त्र सिकाइ, अतिरिक्त क्रियाकलाप, प्रयोगात्मक सिकाइ वातावरण तथा बालमैत्री शिक्षण पद्धतिको प्रयोगमा महत्व दिने।

## २.६ कार्यनीति

यस धोबीनी गाउँपालिकाको शिक्षाको कार्यनीति यस प्रकार हुनेछ :

- विद्यालय नक्साङ्कनको आधारमा विद्यालय स्थापना, समायोजन तथा विस्तार गरिनेछ ।
- विद्यालय शिक्षामा पहुच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशुल्क  पाठ्यपुस्तक, छात्रवृति, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामाग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालय बाहिर रहेका सबै बालबालिकलाई विद्यालयमा भर्ना गर्ने अभियानलाई निरन्तरता दिइ विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरी स्थानीय तहले आफ्नो सेवा क्षेत्रभित्र कुनै पनि बालबालिका बाहिर नरहेको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

- सबैका लागि अनिवार्य तथा निःशलुक शिक्षा सुनिश्चित गर्न शारीरिक तथा सामाजिकरूपमा पछाडि परेको  बालबालिकालाई विशेष सिकाइ सामग्री र उचित शैक्षिक अवसरको सिर्जना गरिनेछ ।
- शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षणमा विभिन्न विधिहरूको प्रयोग गर्दै उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोतसामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन, शिक्षक पेसागत क्षमता विकास जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

### २.७ अपेक्षित मुख्य उपलब्धि

शिक्षा क्षेत्रको योजनाको अन्त्य (सन २०३३) सम्ममा निम्नानुसारको मुख्य उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ । शिक्षा क्षेत्रको योजनाको अन्त्य २०३३ सन्)) सम्ममा निम्नानुसारको मुख्य उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ ।

- सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको पहुँच र अवसर पाएका हुने ।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधिको पहुँचसहभागि ,ता र गुणस्तरमा अभिवृद्धि भएको हुने ।
- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार आएको हुने ।
- सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने ।
- आधारभूत तहमा कार्यान्वयनमा रहेको स्थानीय पाठ्यक्रमको सान्दर्भिकता तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहारकुशल तथा जीवनोपयोगी सीपहरू,स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानसकारात्मक सोच ,, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार गर्ने महत्वपूर्ण साधन भएको हुने ।
- प्रविधिमैत्रीक्षमतावान् र सक्षम शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार , भएको हुने ।
- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने ।
- विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षाको अवसर सुनिश्चितता भएको हुने ।

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार आएको साथै स्वच्छ खानेपानी तथा सरसफाइप्रति सचेत भएको हुने ।
- आर्थिक अभावका कारणले कुनै पनि बालबालिका शिक्षाको अवसरबाट वञ्चित भएको अवस्था नहुने ।
- हरेक परिस्थितिमा बालबालिकाले भौतिक तथा मनोवैज्ञानिक सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुने ।
- समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमैत्री वातावरण निर्माण भइ विद्यालय शिक्षाको व्यवस्थापनमा सुशासन प्रवर्धन भएको हुने ।
- शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भइ बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुने ।
- प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन गरी आवश्यकतामा आधारित योजना निर्माण भएको हुने ।

## २.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

धोबीनी गाउँपालिकाको १० बर्षे शिक्षा क्षेत्रको योजना (सन् २०२४/२५-२०३३/३४)क मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य निम्न बमोजिम निर्धारण गरिएको छ ।

| क्र.स. | सूचकहरु | आधार बर्ष २०८१ | लक्ष्य | |
|---|---|---|---|---|
| | | | २०८५ | २०९० |
| **१. प्रारम्भिक बाल बिकाश तथा शिक्षा** | | | | |
| १.१ | कुल भर्नादर | ६९.७ | ८३.५ | १०० |
| १.२ | खुद भर्नादर | ६७.२ | ७४.९९ | १०० |
| १.३ | कक्षा १ का नवप्रवेशी मध्ये प्रारम्भिक बालबिकाश तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ४८.६ | ६९.७३ | १०० |
| **२. आधारभुत शिक्षा** | | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेशदर | ९७.३ | ९४.२ | ९१.२२ |

| | | | | |
|---|---|---|---|---|
| २.२ | कक्षा १ मा खुद प्रवेशदर | ६२.३ | ७८.९ | १०० |
| २.३ | कक्षा १-५ मा कुल भर्ना दर | ११३.८ | १०६.६८ | १०० |
| २.४ | कक्षा १-५ मा खुद भर्ना दर | ९४.५ | ९७.२ | १०० |
| २.५ | कक्षा ५ सम्म टिकाउ दर | ५९.६ | ६५.९ | ७२.८६ |
| २.६ | कक्षा १-८ मा कुल भर्ना दर | १०१.५ | १०१.०९ | १०० |
| २.७ | कक्षा १-८ मा खुद भर्ना दर | ८७. | ९३.१ | १०० |
| २.८ | कक्षा १-८ खुद भर्नादरमा लैङ्गिक समता सूचकांक | १.०५ | १.०५ | १.०५ |
| २.९ | कक्षा ८ सम्म टिकाउ दर | ४०.३ | ५९. | ८६.३९ |
| २.१ | ५-१२ बर्ष उमेरका बिद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | १७.६ | १०.५ | २.० |
| **३. माध्यमिक शिक्षा** | | | | |
| ३.१ | कुल भर्नादर कक्षा ९-१० | ७९.७ | ८५.०६ | १०० |
| ३.२ | खुद भर्ना दर कक्षा ९-१० | ४८.१ | ६४.५४ | ८६.६९ |
| ३.३ | कुल भर्नादर कक्षा ११-१२ | ३९.९ | ५७.५ | ८१.४८ |
| ३.४ | खुद भर्नादर कक्षा ११-१२ | १५.३ | ३०.४१ | ६०.३९ |
| ३.५ | कुल भर्नादर कक्षा ९-१२ | ५७.९ | ७१.२१ | ८७.५५ |
| ३.६ | खुद भर्नादर कक्षा ९-१२ | ३०.१ | ४६.९ | ७३.०६ |
| ३.७ | कक्षा ९-१२ मा खुद भर्नादरका आधारमा लैङ्गिक समता सूचकांक | १.३३ | १.३३ | १.३३ |
| **४. अनौपचारिक शिक्षा तथा निरन्तर सिकाई** | | | | |
| ४.१ | ५ बर्ष माथिको साक्षरता दर | ६४.७ | ७५.५ | ९७.५ |
| ४.२ | १५-२४ बर्षको साक्षरता दर | ८४.१ | ९५. | १०० |

| | | | | |
|---|---|---|---|---|
| ४.३ | १५ बर्ष माथीको साक्षरता दर | ५७.१ | ७५. | ९५. |
| **५. प्राविधिक तथा वयावसायिक शिक्षा र सिप विकास तालिम** | | | | |
| ५.१ | प्रविधिक तथा व्यावसायिक सिप विकास तथा तालिम प्राप्त आर्थिकरुपले सक्रिय जनशक्ति | | | |
| **६. सुशासन तथा व्यवस्थापन** | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा बिद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विध्यालय) | २६:०१ | ३०:०१ | ४०:०१ |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा बिद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विध्यालय) | ६७:०१ | ५०:०१ | ४५:०१ |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा बिद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विध्यालय) | ६५:०१ | ५०:०१ | ४५:०१ |
| ६.४ | आधारभूत तह (कक्षा ९-१०) मा बिद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विध्यालय) | १२५:०१ | ६०:०१ | ४५:०१ |
| ६.५ | आधारभूत तह (कक्षा ९-१२) मा बिद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विध्यालय) | १५१:०१ | ६०:०१ | ४५:०१ |
| **७. शिक्षामा लगानी** | | | | |
| ७.१ | कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट | | | |

| | | | | |
|---|---|---|---|---|
| ७.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रु. हजारमा) | | | |
| ७.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रु. हजारमा) | | | |

# परिच्छेद ३: बिधालय शिक्षाका मुख्य उपक्षेत्रहरु

## परिचय

यस शिक्षा क्षेत्रको योजना सन् २०२४२०३३- का लागि परिच्छेद दुईमा पहिचान गरिएका विद्यालय शिक्षाका दृष्टिकोण तथा उद्देश्यहरूका आधारमा प्रमुख क्रियाकलापहरू निर्धारण र लक्ष्यहरू आकलन गरि पहिलो पाँच वर्षका अर्थात् सन् २०२४२०२८- लागि लागत अनुमान सहित योजनाको खाका तयार गरिएको छ । पहिलो परिच्छेदमा यस शिक्षा क्षेत्रको योजनाको सन्दर्भ र विद्यालय क्षेत्रको वर्तमान अवस्थाको समग्र समीक्षा गरिएको छ। यसले शिक्षा क्षेत्रको योजनाको आवश्यकता तथा प्राथमिकता पहिचान गर्ने आधार तयार गरेको छ। परिच्छेद दुईमा यस योजनाका समग्र दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्यहरू पहिचान गरिएको छ ।

तेश्रो परिच्छेदमा विद्यालय क्षेत्रअन्तर्गतका विभिन्न उपक्षेत्रहरूबालविकास र शिक्षा :, आधारभूत शिक्षा, माध्यमिक शिक्षा र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ भने पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक विकास तथा व्यवस्थापनजस्ता सबैजसो उपक्षेत्रसँग अन्तर विषयहरूको वर्तमान अवस्थाको समीक्षा गरि चुनौतीहरू पहिचान गरिएको छ । यसमा प्रत्येक उपक्षेत्रको वर्तमान अवस्थाको समीक्षा र पहिचान गरिएका चुनौतीहरूलाई दृष्टिगत गरेर योजनाका उद्देश्य, चुनौतीहरू सामना गरि उद्देश्य प्राप्तिका लागि आवश्यक उपक्षेत्रगत रणनीतिहरू र प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू निर्धारण गरिएको छ ।

### ३.१ बालविकास र शिक्षा

#### परिचय

नेपालको संविधान २०७२ को धारा ३९ बालबालिकाको हकको उपधारा प्रत्येक “ मा (३) बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछभनी उल्लेख गरेको ” को आठौं संशोधनले बालविकास शिक्षालाई विद्यालय शिक्षाकै अंगको २०२८ साथै शिक्षा ऐन ,छ

रूपमा मान्यता दिएको छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अङ्क चिनाउने कार्यमा जोड दिने भन्दा बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्नुका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्छ । प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरू विभिन्न समयावधिका सञ्चालन गर्ने प्रचलन भए पनि चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने व्यवस्था नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०६७ मा उल्लेख भएको र नेपालको पन्ध्रौं र सोह्रौ पञ्चबर्षिय योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा यस शिक्षा योजनामा पनि एकवर्षे बालविकास कार्यक्रम समावेश गरिएको छ । सरकारी तथा गैरसरकारी संस्था, स्थानीय सरकार, समुदाय, निजी क्षेत्र र विद्यालयहरूको सहयोगले यस पालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम विस्तारमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु स्थानीय सरकारको दायित्व भित्र पर्दछ । यसै कुरालाई मध्यनजर गरेर धोबीनी गाउँपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने प्रयास स्वरुप कार्यक्रमहरू समावेश गरिएको छ ।

### ३.१.१ धोबीनी गाउँपालिकाको वर्तमान अवस्था

यस गाउँपालिकामा जम्मा २१ वटा प्रारम्भिक बालबिकास केन्द्रहरु छन् भने समुदायिक बिद्यालय तर्फ १३ वटा प्रारम्भिक बालबिकास शिक्षा केन्द्रहरु रहेका छन् । यस पालिकामा चार वर्ष उमेर समूहका जम्मा ५६७ बालबालिकाहरु रहेका छन् । बालबिकास केन्द्रमा जम्मा ८११ भर्ना भएका छन् । प्रारम्भिक बालबिकास केन्द्रमा जम्मा कुल भर्ना दर ६९.७ प्रतिशत र ०-४ बर्ष उमेर समूहका ५६.२ रहेको छ । कक्षा १ मा प्रारम्भिक बालविकास तथा शिक्षा अनुभव सहितको भर्नादर ४८.६ प्रतिशत रहेको छ । प्रारम्भिक बालविकास तथा शिक्षामा लैङ्गिक समता सूचक ०.८३ प्रतिशत रहेको छ । प्रारम्भिक बालविकास तथा शिक्षामा कार्यरत सहजकर्ताहरुमध्ये १०० प्रतिशत महिला रहेका छन ,जसमध्ये ,८ कक्षा उतिर्ण गरेका ६ जना, एस योग्यता भएका .सी.एल. १० जना प्रवीणता प्रमाणपत्र तह योग्यता भएका ,५ जना र सो भन्दा माथिल्लो योग्यता भएका ० जना सहजकर्ता कार्यरत छन् । यसरी हेर्दा यस पालिकामा कार्यरत सबै सहजकर्ताहरु नेपाल सरकारले तोकेको न्यूनतम् शैक्षिक योग्यता पूरा भएको देखिन्छ ।

भौतिक रुपमा हेर्दा प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम मापदण्ड निर्देशिका २०६७ पहिलो संशोधन २०७५ अनुसार यस पालिका अन्तर्गत कुनै पनि बालविकास केन्द्रको न्यूनतम् मापदण्ड नपुगेको देखिन्छ । प्रायःबालविकास केन्द्रहरु बालमैत्री क मैत्री बन्नलैङ्गि ,अपाङ्ग मैत्री , सकेका छैनन् । एकातिर सहजकर्ताका लागि उत्प्रेरणा र मनोवल वढाइ पेशामा क्रियाशील बनाउन पारिश्रमिकतामा न्यूनता छ भने अर्कातिर उनीहरुका लागि कुनै सघन तालिम प्रदान गर्ने व्यवस्था गरिएको छैन ।

**प्रारम्भिक बालविकास तथा शिक्षामा देखिएका विद्यमान चुनौतीहरु -**

१. २८ प्रतिशत प्रारम्भिक बालविकास केन्द्रमा न्यूनतम् मापदण्ड पूरा नभएको ।
२. ४४.८ प्रतिशत तोकिएको उमेरमा बालविकास कक्षामा भर्ना गराउन (कुल भर्ना दर ६९.७ प्रतिशत र खुद  भर्ना दर ५६.२) नभएको।
३. सहजकर्ताहरूको पारिश्रमिकमा स्रोत व्यवस्थापन नभएको ।
४. पोषणयुत, दिवा खाजाको उचित व्यवस्थापनमा समस्या ।
५. कक्षा १ मा कुल भर्ना दर मध्ये ४८.६ प्रतिशत बालबालिका बालविकासको मात्र अनुभव प्राप्त गरेको छ ।
६. ४५ प्रतिशत प्रारम्भिक बालविकास केन्द्रहरूमा व्यवस्थापन समिति गढन भएको देखिदैन ।
७. ५० प्रतिशत प्रारम्भिक बालविकास केन्द्रहरूमा सिकाइका ६ कुने व्यवस्थापन गर्ने चुनौती ।
८. १५ प्रतिशत प्रारम्भिक बालविकासका शिक्षकहरू तालीम प्राप्त नगरेको ।

### ३.१.२ उद्देश्य

सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु बालविकास र शिक्षा कार्यक्रमको प्रमुख उद्देश्य हो। यो उद्देश्य परिपूर्तिका लागि शिक्षा क्षेत्रको योजनाले प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ -

१. चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास गर्नु ।
२. प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर सुनिश्चित गर्नु ।
३. तोकिएको न्युन्तम राष्ट्रिय माप दण्ड का सिकाई कुनाको विकास गर्ने।
४. बाल बिकास शिक्षिकाहरुलाई तोकिएको अनुसारको क्षमता अभिबृद्धि तालिम दिने।
५. बाल विकासमा अध्यनरत वालवालिकाहरुलाई स्वास्थ परिक्षणको व्यवस्था मिलाउने।

६. सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु ।

### ३.१.३ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरीने छ -

१. १०० प्रतिशत प्रारम्भिक बालविकास केन्द्रमा न्यूनतम् मापदण्ड पूरा गराउन शिक्षकहरूलाई आधारभुत तालीम दिने ।

२. प्रारम्भिक बालविकासका केन्द्रका भौतीक संरचना, बालमैत्री समावेशी भयरहित वातारण बनाउने।

३. अभिभावकहरूलाई सचेतना कार्यक्रमहरू गराउने ।

४. सहजकर्ताहरुको पारिश्रमिक वृद्धि, वृत्ति विकासका लगी सम्बन्धीत निकायहरू संग सम्नवय गर्दै जाने ।

५. पोषण युत (सहित) दिवा खाजाको उचित व्यवस्थापन गराउने ।

६. कुल भर्नादरको आधारमा प्रारम्भिक बालविकास केन्द्रको व्यवस्थापन गर्दै जाने ।

### ३.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

- **अपेक्षित नतिजाहरू**

१. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने वातावरण तयार हुनेछ ।

२. सबै प्रारम्भिक बालविकास सहजकर्ताहरुलाई मन्टेश्वरीमा आधारित ३० दिने तालिम प्राप्त हुनेछन ।

३. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन र पुनर्वितरण गरि २० मिनेटको दूरी भन्दा बढी नपर्ने गरी नयाँ बालविकास केन्द्र विस्तार गरिएको हुनेछ ।

४. प्रारम्भिक बालविकास शिक्षाको कार्यान्वयनका लागि परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र,पालीका र विधालयहरूलाई जिम्मेवार बनाइनेछ ।

| क्र.स. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कुल भर्ना दर | ६९.७ | ६९.७ | ७२.९४ | ७६.३० | ७९.८२ | ८२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | न्यूनतम मापदण्ड पुरा गरेको बालविकास केन्द्रको सङ्ख्या | १३ | १३ | ३ | ३ | २ | २१ |
| ३ | ४ वर्ष उमेर समूहका बालबालिकाहरुको प्रारम्भिक बालबिकास शिक्षाई केन्द्रमा खुद भर्ना दर | ५६.२ % | ६०% | ६५% | ६९% | ७७% | ८०% |
| ४ | प्रारम्भिक बाल बिकासमा शिक्षकहरुलाई तालिम प्रदान गर्ने दर | १९.३५ | १६.१३ | १६.१३ | १६.१३ | १६.१३ | १६.१३ |

### ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पाँच बर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | पूर्व प्रा/.बि.ECED कक्षाके/न्द्रमा तोकिएका न्युनतम मापदण्डहरूको (Minimum Standards) कार्यन्वयन गर्ने | केन्द्र | 1 | ३ | ४ | | | | |
| २ | विद्यमान ECD/PPC (संस्थागत विद्यालय | केन्द्र | 1 | | 1 | | 1 | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सुविधासहित) को पुनरावलोकन गर्ने र आवश्यकता पहिचानका आधारमा नयाँ ECD केन्द्रको स्थापना गर्ने | | | | | | | | |
| ३ | राष्ट्रिय न्यूनतम मापदण्ड अनुसार ECD केन्द्रको व्यवस्था गर्ने | केन्द्र | 3 | 3 | 3 | 3 | 3 | | |
| ४ | बिभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाहरूलाई सहयोग | % | २० | २० | २० | २० | २० | १०० | १०० |
| ५ | पालिका तहको स्वास्थ्य केन्द्रहरूमार्फत त्रैमासिकरुपमा बालबालिकाहरुको स्वस्थ्य जांच गर्ने | केन्द्र | 1 | 1 | 1 | 1 | 1 | | |
| ६ | ECED कक्षाका सहयोगी कार्यकर्ताशिक्षकको / तलब भत्ता | जना | २१ | २२ | २२ | २३ | २४ | | |
| ७ | ECED कक्षाका सहयोगी कार्यकर्ताशिक्षकका / लागि पोशाक भत्ता | जना | 0 | 13 | 13 | 13 | 13 | | |
| ८ | ECED कक्षाका सहयोगीहरूका लागि तलबभत्ता/ | जना | 0 | 13 | 13 | 13 | 13 | | |
| ९ | ECED कक्षाहरूका सामग्री र सिकाई कुनाका लागि बजेट | केन्द्र | 13 | 13 | 13 | 13 | 13 | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अनुदान | | | | | | | | |
| १० | शिक्षक/सहयोगी कार्यकर्ता क्षमता विकास | जना | १३ | ४ | ३ | ३ | ४ | २० | २० |
| ११ | अभिभावकलाई हेरचाह स्याहार र सचेतना कार्याक्रम संचालन | केन्द्र मा | प्रत्येक केन्द्रमा | प्रत्येक केन्द्रमा | प्रत्येक केन्द्र मा | प्रत्येक केन्द्रमा | प्रत्येक केन्द्रमा | | |

## ३.२ आधारभूत शिक्षा

**परिचय**

शिक्षा ऐन २०२८ अनुसार "आधारभूत शिक्षाभन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा " आठ सम्म दिइने शिक्षा हो । विद्यालय क्षेत्र सुधार योजना २०६६ले विद्यालय शिक्षाको २०७२-लाई माध्यमिक शिक्षाको रूपमा १२-९ लाई आधारभूत शिक्षा र कक्षा ८-१ पुनर्संरचना गरेर कक्षा परिभाषित गरेपछि विद्यालय शिक्षा हाल दुई तहको भएको छ । प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर बनाइएको आधारभूत तहलाई संविधानको धारा ३१मा नागर (१)िकको मौलिक हक अन्तर्गत राखिएको छ । गुणस्तरीय आधारभूत शिक्षाले गरिबी घटाउन मद्दत गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनहरूले देखाएका छन् । युनेस्कोको एउटा प्रतिवेदनले यदि कम आय भएका मुलुकका सबै विद्यार्थीहरूले आधारभूत पढाइ सीप हासिल गरेर विद्यालय छाड्ने हो भने १७ करोड १० लाख मानिसलाई गरिबीबाट माथि उठाउन सकिने तथ्य प्रकाशन गरेको छ । आधारभूत तहको शिक्षाको महत्वलाई दृष्टिगत गरेर नै यसलाई योजनाबद्ध रूपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि धोबीनी गाउँपालिकाले यस योजनामा आधारभूत शिक्षाअन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता र व्यवस्थापकीय प्रवन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरि आगामी दश वर्षका लागि यस तहको शिक्षा विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र तथा संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ। संविधानका उल्लिखित प्रावधानहरूले सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकार जिम्मेवार हुनुपर्ने देखिन्छ ।

### ३.२.१. वर्तमान अवस्था

धोबीनी गाउँपालिका भित्र हाल समुदायिक बिद्यालय तर्फ कक्षा १ सञ्चालित ५-१४, कक्षा ६ सञ्चालित ८-३ विद्यालयहरू गरी आधारभुत विद्यालयहरूको संख्या १७ वटा रहेको छ । कक्षा १ मा प्रारम्भिक बालबिकास र शिक्षाको अनिभव सहित आएका बालबालिकाको भर्ना दर ४८.६ प्रतिशत रहेको छ । आधारभूत तहमा विद्यमान अवस्थाको लिङ्गको आधारमा विद्यार्थी हेर्दा सामुदायिक विद्यालयतर्फ कक्षा १-५ मा ५३.९ प्रतिशत छात्रा र ४६.१ प्रतिशत छात्र कक्षा ,६-८ मा ५२.५ प्रतिशत छात्रा र ४७.५ प्रतिशत छात्रहरु भएको अवस्था छ। यसरी हेर्दा सामुदायिक विद्यालयमा छात्राको प्रतिशत उच्च छ। शिक्षक विद्यार्थी अनुपात कक्षा १ मा ५-२६:१ र कक्षा ६- मा ८६७:१ रहेको अवस्थामा विद्यालयमा रहेको पूरानो दरवन्दी संरचनाले गर्दा न्यायोचित रुपमा विद्यालय विद्यार्थी संख्याका आधारमा दरबन्दी नरहेको तथा शिक्षण सिकाइ पद्धतिमा बहुकक्षा शिक्षणको अधिक विद्यालयमा अभ्यास भइरहेकोले विद्यार्थी संख्याका आधारमा शिक्षक दरबन्दीको पुनर्वितरण तथा दरवन्दी मिलान गर्नु आवश्यक रहेको छ । कक्षा ६-८ मा भने खुद भर्नादर ७५.१ र कुल भर्नादर ८२.१ प्रतिशत रहेकोले तोकिएको उमेर भन्दा माथिल्लो उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा लिएको देखिन्छ।

आधारभूत तह कक्षा १-८ मा पुनःउहि कक्षा दोहर्याउने दर १०.८ प्रतिशत, कक्षा छाड्ने दर १२.२ प्रतिशत र कक्षाउन्नति दर ७७.० प्रतिशत रहेको कक्षा १ - ५ र ६-८ सम्मको सिकाई उपल्बधि क्रमशः ..... र .......... रहेको छ । पेशागत तालिम प्राप्त कूल शिक्षक ८० प्रतिशत रहेको यस पालिकामा आगामी दिनमा शिक्षकको पेशागत तालिमका लागि जोड दिनुपर्ने देखिन्छ ।

**आधारभूत शिक्षामा देखिएका बिधमान चुनौतिहरु**

१. विधार्थी संख्याको आधारमा शिक्षक दरवन्दी कम हुनु ।
२. शिक्षा नियमावली अनुसार प्रधानाध्यापकहरुको व्यवस्थापन नहुनु।
३. खुद भर्ना दर ७५.१ प्रतिशत मात्र हुनु ।
४. १-८ कक्षा सम्म पुन: उहि कक्षा दोहोर्याउने संख्या १०.८ प्रतिशत हुनु ।
५. कक्षा छाड्ने दर १२.२ प्रतिशत हुनु ।

६. कक्षा उन्नति गर्ने दर ७७ प्रतिशत मात्र हुनु ।
७. प्रधानाध्यपक व्यवस्थापनमा समस्या हुनु ।
८. निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता नहुनु।
९. विद्यार्थीको सिकाइ उपलब्धि दर शत प्रतिशत नहुनु ।
१०. विद्यालयको प्रशासनिकभौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई , बालमैत्री , मैत्रीअपाङ्गबनाउन नसक्नु।
११. विद्यालय व्यवस्थापनमा परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र सरोकारवालाहरुको अर्थपूर्ण जनसहभागिता नहुनु ।
१२. सूचना तथा सञ्चार प्रविधिको दक्षतामा वृद्धि गरि शिक्षण सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग नहुनु ।
१३. विधालयमा अनावश्यक राजनैतिक हस्तक्षेप हुनु ।
१४. मौसम अनुसारको कक्षा कोठाको व्यवस्थापन नहुनु ।

### ३.२.२ उद्देश्य

यस योजनाले आधारभूत शिक्षासम्बन्धी निम्नलिखित उद्देश्य राखेको छ -

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्दै समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
२. विद्यार्थीको सिकाइ उपलब्धी राष्ट्रिय औसत उपलब्धी बराबर बनाउनु,
३. विद्यालयको भौतिकशैक्षिक र व्यवस्थापकीय वातावरणमा सुधार गर ,ि बालमैत्री , ,सुरक्षित र जवाफदेही बनाउनु ,समावेशी
४. खुद भर्ना दर ७५.१ प्रतिशत बाट शत प्रतिशत पुर्याउनु ।
५. कक्षा ६-८ मा शिक्षक विद्यार्थी अनुपातलाई ४० मा ल्याउनु र विषयगत शिक्षकको व्यवस्थापन गर्नु।
६. १-८ सम्म कक्षा दोर्याउने विधार्थीहरुको लागि विशेष कक्षा संचालन गर्नु।
७. कक्षा छाड्ने दर १२.२ लाई ५ प्रतिशतमा ल्याउनु ।
८. विधालयभित्र अनावश्कय राजनैतिक हस्तक्षेपलाई शुन्य बनाउनु ।
९. सामुदायिक विद्यालयमा अभिभावकहरुको सहभागिता अभिवृद्धि गर्नु ।
१०. सामुदायिक विद्यालयका पूर्वाधारहरु बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री बनाउनु ।

११. विधालयलाई सूचना प्रविधि मैत्री बनाउनु ।

### ३.२.३ रणनीतिहरु

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ -

१. विद्यालय नक्साङ्कनमार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन गर्ने ।
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न स्थानीय सरकारले आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था गर्ने ।
३. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरि शिक्षामा उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था गर्ने ।
४. अनौपचारिक तथा जीवनपर्यन्त शिकाई सुनिश्चित गर्न वैकल्पिक, खुला, परम्परागत शिक्षा तथा सिकाइ जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने ।
५. विद्यालयमा न्यूनतम् भौतिक सुविधा सुनिश्चितता गर्ने ।
६. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको दक्षतामा वृद्धि गरी शिक्षण सिकाइमा प्रभावकारी ढङ्ले प्रयोग गर्ने ।
७. विधालयमा अनावश्यक राजनैतिक हस्तक्षेप न्युनिकरण गर्न राजनितिक दलका पदाधिकारीहरुको लागि विद्यालय शान्ति क्षेत्र कार्यविधी सम्बन्धी अभिमुखिकरण संचालन गर्ने ।
८. शिक्षकलाई पेशागत तालिमको लागि आवश्यक वातावरण सिर्जना गर्ने ।
९. मूल्याङ्कनलाई शिक्षण सिकाइ कै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याएर विद्यार्थीलाई कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गर्ने ।
१०. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गर्ने ।
११. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न स्थानीय स्वास्थ्य एकाइ मार्फत विद्यालयमा पोषण कर्नर स्थापना गरी सचित्र स्थानीय पोषण पाठ्यक्रम तयार गरी लागू गर्ने ।
१२. स्थानीय पाठ्यक्रम मार्फत प्रकोप व्यवस्थापन तथा न्युनिकरण सम्बन्धी ज्ञान दिने ।
१३. विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यस्थापकीय पद्धतिमा सुधार गर्ने ।
१४. टोल शिक्षा निगरानी समूह गठन तथा परिचालन गर्ने ।

१५. विद्यालयहरुमा अभिभावक शिक्षा सचेतना कार्यक्रम लागु गर्ने ।

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजाहरु

**क) उपलब्धिहरु**

१. ५-१२ वर्ष उमेर समूहका सबै बालबालिकाहरुले अनिवार्य तथा निःशुल्क गुणस्तरिय आधारभूत शिक्षा प्राप्त गरेका हुने छन।

२. सबै विद्यालयहरु न्यूनतम गुणस्तरिय शिकाई मापदण्ड (PMEC) पुरा गरेका हुनेछन ।

३. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरू अनौपचारिक तथा वैकल्पिक शिकाईको अवसर प्राप्त गरेका हुनेछन ।

४. आधारभुत तहको विद्यार्थीहरुको न्यूनतम शिकाई उपलब्धि ८५ प्रतिशत पुगेको हुनेछ ।

**ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (प्रथिमिक कक्षा १-५) मा विधालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | 126 | 126 | ७० | ४० | ० | ० |
| २ | आधारभूत तह ( कक्षा १-५) मा तालिम प्राप्त शिक्षकको सङ्ख्या | ४२ | ४२ | ४६ | ५० | ५३ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (Minimum Enabiling Conditions ) पुरा गरेका आधारभूत तहका विधालयको सङ्ख्या | ६ | ६ | ८ | १० | १२ | १४ |
| ४ | आधारभुत तहको न्यूनतम शिकाई उपलब्धि | | | | | | |
| ५ | EMIS मा Complete Data entry गर्ने विद्यालयको संख्या | ० | ० | २० | ० | ० | ० |

### ३.२.५. प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पाँच बर्ष) | | | | | | भौतिक लक्ष्य ( १० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | सामुदायिक आधारभूत बिद्यालयमा १ कक्षा)-५ ( स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता | शिक्षक संख्या | 53 | 53 | 53 | 53 | 53 | | |
| २ | सामुदायिक आधारभूत बिद्यालयमा ६ कक्षा)-८ ( स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता | शिक्षक संख्या | 12 | 12 | 12 | 12 | 12 | | |
| ३ | आधारभूत तह १ ५-कालागि थप ...........वटा नयाँ शिक्षक दरबन्दी सिर्जना गर्ने वा सो बराबरको शिक्षण सिकाई बजेट अनुदान प्रदान गर्ने | शिक्षक संख्या | 32 | 38 | 46 | 55 | 65 | | |
| ४ | आधारभूत तह ६ ८-कालागि थप ...........वटा नयाँ शिक्षक दरबन्दी सिर्जना गर्ने वा सो बराबरको शिक्षण सिकाई बजेट अनुदान प्रदान गर्ने | शिक्षक संख्या | 32 | 32 | 29 | 28 | 29 | | |
| ५ | सामुदायिक आधारभुत तह १ कक्षा)-८ ( | विद्याल य | 19 | 19 | 19 | 19 | 19 | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बिद्यालयहरुमा कार्यरत कर्मचारी र साहयक कर्मचारीहरूका लागि तलब भत्ता पोशाक भत्ता ) (सहित | | | | | | | | |
| ६ | सामुदायिक आधारभुत तह १ कक्षा)-५ ( बिद्यालयहरुका लागि व्यवस्थापनसन्चालन / शिक्षण सिकाई ) खर्च समाग्री, कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि( | विद्यालय | 14 | 14 | 14 | 14 | 14 | | |
| ७ | सामुदायिक आधारभुत तह १ कक्षा)-८ ( बिद्यालयहरुका लागि व्यवस्थापनसन्चालन / शिक्षण सिकाई ) खर्च समाग्री, कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि( | विद्यालय | 5 | 5 | 5 | 5 | 5 | | |
| ८ | आधारभूत तह १ कक्षा)-८भत्ता.अ.का लागि प्र ( | विद्यालय | 19 | 19 | 19 | 19 | 19 | | |
| ९ | आधारभूत बिद्यालय १ कक्षा)-८ का लागि ( सन्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान )SIP निर्माणअद्यावधिक/, SMC का सदस्यहरूको | विद्यालय | 19 | 19 | 19 | 19 | 19 | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | क्षमता विकास,<br>अभिभावक शिक्षा,<br>अतिरिक्त क्रियाकलाप,<br>सामाजिक परीक्षण,<br>EMIS व्यवस्थापन,<br>School report card विकास र प्रयोग,<br>School bulletin प्रकाशन, आदिका लागि( | | | | | | | | |
| १० | आधारभूत तह १ कक्षा)-५सन्चालित ( परम्परागत धार्मिक :बिध्यालयहरु गुरुकुलआश्रम/, गुम्बा र मदरसाका लागि बजेट अनुदान | रकम | 4 | 4 | 4 | 4 | 4 | | |
| ११ | बहुकक्षाबहुभाषिक / ) कार्यक्रमMGML program) सन्चालन भएका बिद्यालयका लागि सन्चालन अनुदान | विद्याल य | 1 | 1 | 1 | 1 | 1 | | |
| १२ | बहुभाषिक कार्यक्रम )ML program) सन्चालन भएका बिद्यालयका लागि सन्चालन अनुदान | | 1 | 1 | 1 | 1 | 1 | | |
| १३ | आधारभूत तह १ कक्षा)-५का लागि ( पाठ्यपुस्तक खरिद र बितरण अनुदान | रकम | 3734 | 3842 | 410 5 | 444 0 | 4863 | | |
| १४ | आधारभूत तह ६ कक्षा)-८का लागि ( | रकम | 1996 | 1978 | 185 5 | 177 9 | 1856 | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पाठ्यपुस्तक खरिद र बितरण अनुदान | | | | | | | | |
| १५ | आधारभूत तह १ कक्षा)-५का ( बालबालिकाका लागि दिवा खाजा व्यवस्थापन र सन्चालन अनुदान | रकम | 3361 | 3458 | 3695 | 3996 | 4377 | | |
| १६ | EMIS मा Complete Data entry गर्न विद्यालयका प्रधानाध्यापकहरुको लागि क्षमता अभिवृद्धि तालिम | विद्यालय | 20 | 20 | 20 | 20 | 20 | | |
| १७ | आधारभूत तहमा अध्ययनरत बिद्यार्थीमध्ये करिब २०% बिद्यार्थीलाई मागमा आधारित साधारण छात्रवृत्ति बापतको बजेट अनुदान | रकम | 1146 | 1164 | 1192 | 1244 | 1344 | | |
| १८ | आवासीय सुबिधा प्राप्त गर्ने बाहेकका बिभिन्न अपाङ्गता भएका बिद्यार्थीहरुलाई थप सुबिधा बापतको बजेट अनुदान | रकम | 199 | 197 | 185 | 178 | 185 | | |
| १९ | आवासीय सुबिधा सहितको छात्रवृत्ति बापतको बजेट अनुदान | रकम | 8 | 0 | 11 | 6 | 11 | | |
| २० | कक्षा ६का ८-छात्राहरूलाईSanitary | रकम | 1049 | 1042 | 979 | 941 | 984 | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | Pad बितरण बापतको बजेट अनुदान | | | | | | | | |
| २१ | बिद्यालयहरुमा ICT lab स्थापना र ICT learning materials व्यवस्थापन बापतको बजेट अनुदान | विद्यालय | 4 | 4 | 4 | 4 | 4 | | |
| २२ | समता रणनिति कार्यन्वयन गरी सोका आधारमा लक्षित स्थानीय तहहरूमा बिद्यालय बाहिर रहेका बालबालिकाहरुलाई बिद्यालय शिक्षामा ल्याई उनीहरूको शिक्षालाई निरन्तरता दिन पालिकाहरुलाई बजेट अनुदान | विद्यालय | 58 | 59 | 57 | 51 | 42 | | |
| २३ | SMCs र PTAs को क्षमता अभिबृद्दी र अभिभावकहरूलाई सचेतना कार्यक्रम | विद्यालय | २० | २० | २० | २० | २० | | |
| २४ | आधारभूत तहको अन्तिम परीक्षा ८ कक्षा)) व्यवस्थापन र सन्चालन बापत स्थानीय तहलाई बजेट अनुदान | **रकम** | 443 | 488 | 475 | 379 | 343 | | |
| २५ | विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका विपतहरुको प्रभावबाट जोगाउन प्र.अ., | विद्यालय | ६० | ६० | ६० | ६० | ६० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय व्यवस्थापन समिति र बाल क्लबहरुको लागि क्षमता अभिवृद्धि तालिम | | | | | | | | |
| २६ | विधालयमा अनावश्यक राजनैतिक हस्तक्षेप न्युनिकरण गर्न राजनितिक दलका पदाधिकारीहरुको लागि विद्यालय शान्ति शान्ति क्षेत्र कार्यविधी सम्बन्धी क्षमता अभिवृद्धि तालिम | पटक/ संख्या | ४९ (वर्षको २ पटक) | ४९ (वर्षको २ पटक) | ४९ (वर्ष को २ पटक) | ४९ (वर्ष को २ पटक) | ४९ (वर्षको २ पटक) | | |
| २७ | बाल क्लब गठन तथा परिचालन | पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | | |
| २८ | विद्यालय नर्स शिक्षक तथा प्राथमिक उपचार | विद्यालय | २० | २० | २० | २० | २० | | |
| २९ | बालिका तथा समावेशि शिक्षा संजाल गठन र परिचालन | विद्यालय | २० | २० | २० | २० | २० | | |
| ३० | अपाङ्गता भएका बालबालिकाहरुको पहिचान तथा सहयोग | विद्यालय | २० | २० | २० | २० | २० | | |
| ३१ | गुनासो सुनवाई संयन्त्रको स्थापना र सबलिकरण | विद्यालय | २० | २० | २० | २० | २० | | |
| ३२ | अतिरिक्त क्रियाकलाप तथा योग सम्बन्धि सबलिकरण | विद्यालय | २० | २० | २० | २० | २० | | |

## ३.३ माध्यमिक शिक्षा

**परिचय**

नेपालको संविधान २०७२ ले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ । संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ । संविधानका उल्लिखित प्रावधानहरूले आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ । शिक्षा ऐन २०२८ ले कक्षा ९सम्मलाई माध्यमिक शिक्षाको रुपमा राखेको छ। अनिवार्य आधारभूत शिक्षा १२-सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको ८ अन्तर्गत सबै बालबालिकाले कक्षा रुचि र क्षमता अनुसार माध्यमिक तहमा परम्परागत, प्राविधिक र साधारण धारको शिक्षा छनोट गर्ने अवसर प्रदान गर्नुपर्दछ। यस तहको शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, प्रविधियुक्त, सीपमूलक र व्यावहारिक बनाउनु पर्दछ । आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सीपको उपयोग गरेर आफ्नो रुचि र क्षमताअनुसार विद्यार्थीले साधारण शिक्षाको लक्ष्य लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा विभिन्न किसिमका प्राविधिक र व्यावसायिक सीप हासिल गरेर भविष्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नुपर्दछ । धोबीनी गाउँपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सीपमूलक, निःशुल्क, बालमैत्री, र समावेशी गराउने नीति लिएको छ ।

### ३.३.१ वर्तमान अवस्था

धोबीनी गाउँपालिका भित्र हाल कक्षा १ सञ्चालित १०-०१ कक्षा ,-१२ सञ्चालित ३ गरी माध्यमिक तहको विद्यालयहरूको संख्या ३ वटा रहेको छ । माध्यमिक तह कक्षाको ९को १०-खुद भर्ना दर४८.१ र कूल भर्नादर ७९.७ रहेको छ । माध्यमिक तहमा विद्यमान अवस्थामा लिङ्गको आधारमा विद्यार्थी हेर्दा सामुदायिक विद्यालयतर्फ कक्षा ९ मा १०-५६.६ प्रतिशत छात्रा र ४३.४ प्रतिशत छात्र भर्ना भएको अवस्था छ। यस तहमा खुद भर्नादरमा लैङ्गिक समता सूचक १.३३ र शिक्षक विद्यार्थी अनुपात १२५:१ रहेको छ। माध्यमिक तह कक्षा १० मा पुनःउहिकक्षा दोहर्याउने दर ० प्रतिशत, कक्षा छाड्ने दर ४.३ प्रतिशत र कक्षाउन्नति दर ९५.७ प्रतिशत रहेको छ । कक्षा १० मा उतिर्ण विद्यार्थी १०० प्रतिशत र कक्षा १२ मा उतिर्ण विद्यार्थि संख्या ८२

प्रतिशत रहेको छ । कक्षा ९-१० र ११-१२ सम्मको सिकाई उपल्बधि क्रमशः ४९ र ३९ रहेको छ ।

**माध्यमिक शिक्षामा देखिएका विद्यमान चुनौतीहरुः**

१. निःशुल्क माध्यमिक तह सम्मको शिक्षा भए पनि १७.१ प्रतिशत बालबालिकाहरु कक्षाको पहुँच भन्दा बाहिर रहेको
२. कक्षा १ को बिधार्थी कक्षा १० पुरा गर्ने दर ३०.२ प्रतिशत पुरा गरेका र बाकि ६९.८ बालबालिकाहरु मा.बि. तहका शिक्षण सिकाइबाट बाहिर देखिएको
३. माध्यमिक तहमा न्युनतम सिकाई सक्षमतामा बिज्ञान र अंग्रेजीमा ५० प्रतिशत भन्दा कम रहेको
४. माध्यमिक तह कक्षा ९-१२ मा ४२.१ प्रतिशत बिधार्थीहरु यी कक्षामा बाहिर देखिएको
५. बिषयगत शिक्षकको ( अन्ग्रेजी, गणित , बिज्ञान ) कमि देखिएको
६. तिन वटा मा.बिधालयमा शुन्य दरबन्दी रहेको
७. ३ वटा मा.बि.मध्ये न्युनतम सिकाई मापदण्ड पुरा गर्ने बिधालय १ मात्र रहेको

### ३.३.२. उद्देश्यहरु

१. माध्यमिक शिक्षा को पहुच भन्दा बाहिर रहेका बालाबालिकाहरुको पहिचान गरि बैकल्पिक तथा अनौपचारिक शिक्षाको माध्यम बाट शिक्षामा सबैको पहुँच सुनिश्चीत गर्नु ।
२. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणमा सुधार गरी बालमैत्री, समावेशी , अल्पसंख्यक ( **LGBTQI++)** मैत्री र शुरक्षित बनाउनु ।
३. सबै बिधालयहरुमा न्युनतम सिकाई मापदण्ड सुनिश्चित गरि बालबालिकाहरुको सिकाई उपलब्धि अभिवृद्धि गर्नु
४. माध्यमिक शिक्षामा खुद भर्ना तथा टिकाउ दर बढाउनु र कक्षा छोड्ने र दोहोऱ्याउने दर घटाउनु ।
५. बिधार्थीको अनुपातमा शिक्षक दरबन्दी र बिसयगत शिक्षकको व्यवस्थापन गर्नु
६. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र प्राविधिक तथा व्यवहार कुशल सीपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।
७. अपांगता भएका बालबालिकाहरुको पहिचान गरि शिक्षण सिकाइको व्यवस्थापन गर्नु |
८. सिकाई कमजोर भएका बालबालिकाहरुका पहिचान गरि Remedial कक्षाको व्यवस्थापना गर्नु |

९. शिक्षकहरुको लागी पेशागत. बिषयगत दक्षता अभिवृद्धि गर्नु

**१०.** बिधार्थी र शिक्षकमा सूचना प्रविधिको पहुँच पुर्याउनु

### ३.३.३ रणनितिहरु

योजनाका उद्देश्यहरू हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरीनेछ :

१. विद्यालय नक्शाङ्कनमार्फत सबै बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण ,समायोजन तथा व्यवस्थापना गर्ने ।

२. बिधालयमा सहज भर्ना , सिकाउने टिकाउने र बिकाउने वाताबरण तयार गर्ने .

३. अभिभावक भेला, बि.व्य.स., सी,अ, स को बैठक . बिधार्थी शिक्षक बिच छलफल तथा घरदैलो कार्यमा बढी जोड दिने

४. निःशुल्क माध्यमिक शिक्षामा पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न क्षमता विकास तथा पहिचान भए अनुसारको व्यवस्थापन गर्ने ।

५. हरेक विद्यालयको शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि सुनिस्चितता गर्ने ।

६. विद्यालयको भौतिक शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री समाबेशी तथा अल्पसन्खयक ( LGBTQI++) मैत्री बनाउने ।

७. सामुदायिक विद्यालयमा कक्षा १११-२ मा विज्ञान विषय अध्ययनका लागि आकर्षण बढाउन पर्याप्त पूर्वाधार सहितको व्यवस्था गर्ने ।

८. आवश्यकता अनुसार बिषयगत शिक्षक दरबन्दी पुनर्वितरण, समायोजन तथा थप गर्ने ।

९. अपांगता भएका बालबालिकाहरुको पहिचान गरि शिक्षण सिकाइको व्यवस्थापन गर्ने |

१०. सिकाई कमजोर भएका बालबालिकाहरुका पहिचान गरि Remedial कक्षाको व्यवस्थापन गर्ने ।

११. गुनासो सुनवाई संत्रयको विकास गर्ने

१२. पालिका स्तरीय बालिका संजाल गठन तथा परिचालन गर्ने

१३. बिषयगत सिकाई समुह गठन तथा परिचालन गर्ने

१४. बिधालयहरुमा न्युनतम सिकाई मापदण्ड सुनिचित गरि नमुना बिधालयको संख्या अभिवृद्धि गर्ने

१५. बिधालय स्वास्थ नर्सको व्यवस्था गर्ने

१६. प्र अ को नेतृत्व क्षमता बिकास तालिमको व्यवस्थापन गर्ने

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) अपेक्षित उपलब्धि**

१. १ .माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार हुने छ ।
२. सबै बिधालयहरुले न्युनतम रास्ट्रिय मापदण्ड पुरा गरेका हुने छन्
३. कम्तिमा ९५ प्रतिशत बालबालिकाहरुलाई माध्यमिक शिक्षामा पहुँच सुनिस्चित गरिने छ
४. माध्यमिक तहमा बिज्ञान र अंग्रेजी बिषयको न्युनतम सिकाई उपल्बधि ९५ प्रतिशत पुर्याइने छ
५. सबै माध्यमिक बिधालयहरुमा बिषयगत शिक्षकको सुनिस्चितता गरिने छ

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१० ) मा भर्ना भएका विधार्थी सङ्ख्या | ९३३ | ९३३ | ९०७ | ९८१ | १०९८ | १०५० |
| २ | माध्यमिक तह ( कक्षा ११-१२) मा भर्ना भएको विधार्थी सङ्ख्या | ४८९ | ४८९ | ५२१ | ० | ० | ० |
| ३ | माध्यमिक तहमा खुद भर्ना दर | ४८.१ | ४८.१ | ५०.५ | ७५ | ८५ | १०० |
| ४ | मा.बि.तहको शिक्षक संख्या | ८ | ८ | १० | १२ | १४ | १६ |
| ५ | न्युनतम सिकाई मापदण्ड पुरा गरेका माध्यमिक बिधालयरुको संख्या | १ | १ | १ | १ | १ | ३ |
| ६ | स्वास्थ नर्स भएको बिधालय संख्या | ० | ० | १ | १ | २ | ३ |
| ७ | गुनासो सुनवाई संयत्र भएको बिधालय संख्या | ३ | ३ | ३ | ३ | ३ | ३ |
| ८ | पालिका स्तरीय बालिका संजाल गठन | १ | १ | १ | १ | १ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | बिषयगत सिकाई समुह सक्रिय भएको बिधालय संख्या | १ | १ | १ | १ | १ | १ |
| १० | बिशेष बिधालय संख्या | ० | ० | १ | ० | ० | १ |

### ३.३.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पाँच बर्ष) | | | | | | भौतिक लक्ष्य ( १० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | माध्यमिक तहसम्म संचलित बिद्यालयहरूको सङ्ख्या | विधालय | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ |
| २ | सबै प्रकार र तहका बिद्यालय नक्शांकन, समायोजन र पुनरवितरण कार्यक्रम सन्चालन | विधालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| 3 | माध्यमिक तह ९ कक्षा)-१२भत्ता.अ.का लागि प्र ( | विधालय | ३ | ० | ० | १ | १ | ३ | ३ |
| 4 | सामुदायिक माध्यमिक तह कक्षा)९ (१२- बिद्यालयहरुमा कार्यरत कर्मचारी र सहायक कर्मचारीहरूका लागि तलब भत्ता पोशाक भत्ता) | विधालय | ३ | ० | ० | १ | १ | ३ | ३ |
| 5 | सामुदायिक माध्यमिक तह कक्षा)९ (१२- बिद्यालयहरुमा कार्यरत लेखा र प्रशासनिक कर्मचारीहरूका लागि तलब भत्ता पोशाक भत्ता) सहित( | विधालय | ३ | ० | ० | १ | १ | ३ | ३ |
| 6 | माध्यमिक बिद्यालय | विधालय | ३ | ० | ० | १ | १ | ३ | ३ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | (कक्षा ९ का (१२-लागि सन्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान )SIP निर्माणअद्यावधिक/, शिक्षण सिकाई सामग्री, कम्तिमा १सेट १/ पाठ्यक्रम र शिक्षक निर्देशिका, Book Corner, इन्टरनेट सुबिधा, सुद्ध पिउने पानी ) | | | | | | | | |
| 7 | माद्यमिक बिद्यालय कक्षा)९ का लागि (१२- एकमुष्ठ अनुदान )SIP निर्माणअद्यावधिक/, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, ( | विधालय | ३ | ० | ० | १ | १ | ३ | ३ |
| 8 | माध्यमिक तह (कक्षा ९- का लागि (१० पाठ्यपुस्तक खरिद र बितरण अनुदान | विधालय | ७७५ | ७७५ | ७७५ | ७७५ | ७७५ | सबै | सबै |
| 9 | माध्यमिक तह कक्षा) ११-१२का लागि ( पाठ्यपुस्तक खरिद र बितरण अनुदान | विधालय | ४५८ | ४५८ | ४५८ | ४५८ | ४५८ | सबै | सबै |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पाठ्यपुस्तकको सङ्ख्या ) पाठ्यक्रम ढाँचाले तोके (अनुसार हुने | | | | | | | | |
| १० | माध्यमिक तहका बिद्यार्थीहरूमध्ये कक्षा) ९-१०अतिबिपन्न ( छात्रवृत्ति )Pro-poor targeted Scholarship) का लागि छनौट भएका बिद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | विधालय | ८३ | ९८ | १०६ | ११३ | १२१ | सबै | सबै |
| 11 | माध्यमिक तहका बिद्यार्थीहरूमध्ये कक्षा) ११-१२अतिबिपन्न ( छात्रवृत्ति )Pro-poor targeted Scholarship) का लागि छनौट भएका बिद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | विधालय | ५५ | ६० | ६४ | ६९ | ७३ | सबै | सबै |
| 12 | कक्षा ९का १२- छात्राहरूलाईSanitary Pad बितरण बापतको बजेट अनुदान | विधालय | ८२१ | ५६५ | ६३३ | ६०७ | ५५९ | सबै | सबै |
| 13 | माध्यमिक बिद्यालय तहमा पुस्तकालय स्थापना र सन्चालन बजेट अनुदान | विधालय | १ | १ | १ | १ | १ | ३ | ३ |
| 14 | माध्यमिक बिद्यालय तहमा बिज्ञान प्रयोगशाला स्थापना र | विधालय | २ | १ | १ | १ | १ | ३ | ३ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सन्चालन बजेट अनुदान | | | | | | | | |
| 15 | ध्यमिक बिद्यालय तहमा ICT प्रयोगशाला स्थापना, सिकाई सामग्री र सन्चालन बजेट अनुदान | विधालय | ३ | ३ | ० | १ | १ | ३ | ३ |
| 16 | नमूना बिद्यालय कार्यक्रम छनौटमा परेका माध्यमिक बिद्यालयमा भौतिक विकास कार्यक्रम बजेट अनुदान | विधालय | १ | १ | १ | १ | १ | ३ | ३ |
| 17 | नमूना बिद्यालय कार्यक्रम छनौटमा परेका माध्यमिक बिद्यालयमा Master Plan कार्यान्वयन पुस्तकालय ) व्यवस्थापन, ICT र बिज्ञान प्रयोगशाला, समाग्री र किट्सहरू, आदिका लागि बजेट ( अनुदान | विधालय | १ | १ | १ | १ | १ | ३ | ३ |
| 18 | अभिभावक भेला | बिधालय | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ |
| 19 | शिक्षक ,बिधार्थी. बि.व्य.स. र शिक्षक अभिभावक स. बीच अन्तरक्रिया | बिधालय | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ |
| 19 | Remedial Class | आवस्यकता अनुसार | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ |
| 20 | बालबालिकाहरुको स्वास्थ परिक्षण | पटक( कम्तिमा | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ,अपाङ्गता पहिचान तथा सहयोग कार्यक्रम | १ पटक ) | | | | | | | |
| २२ | गुनासो सुनुवाई सयन्त्रको कार्यन्वयन | बिधालय | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ |
| | खेलखुद/ मनोरजनको व्यवस्थापन | पालिकाको कार्यतालिका अनुसार | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ |
| २३ | स्यनेटरी पेड बितरण तथा व्यवस्थापन | बिधालय | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ |
| २४ | बिधालय स्तरीय बाल क्लब तथा बालिका संजाल गठन तथा परिचान | बिधालय | ० | ३ | ० | १ | १ | ३ | ३ |
| २५ | बिषयगत सिकाई समुह गठन तथा परिचालन | बिधालय | २ | २ | १ | १ | २ | ३ | ३ |
| २६ | प्र.अ. तथा शिक्षक हरूकालागि कार्य सम्पन्नका आधारमा प्रोत्साहन भत्ता | विधालय | ३ | ३ | ० | १ | १ | ३ | ३ |
| २७ | बृहत बिधालय सुरक्षा कार्यक्रम कार्यान्वन | विधालय | ० | ० | ३ | १ | १ | ३ | ३ |
| २८ | हरित बिधालय स्थापन अभियान | विधालय | ० | १ | २ | १ | २ | ३ | ३ |
| २९ | बिशेष बिधालय स्थापना | बिधालय | ० | ० | १ | ० | ० | १ | ० |
| ३० | प्र अ को नेतृत्व क्षमता बिकास तालिमको व्यवस्थापन गर्ने | विधालय | ४ | ४ | ० | १ | १ | ३ | ३ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३१ | शिक्षक दरबन्दी पदपूर्ति गरिने | बिधालय | ८ | ८ | १० | १२ | १२ | १६ | १६ |
| ३२. | शिक्षक पेशागत क्षमता बिकास तालिम | बिधालय | ८ | ८ | १० | १२ | १२ | १६ | १६ |

### ३.४ प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम

**परिचय**

शिक्षाले गरिखाने सीप सिकाउन सकेन र शिक्षालयहरु बेरोजगार उत्पादन गर्ने थलोमात्र भए गुनासो अहिले सर्वत्र सुनिन गरेको छ । यस्ता गुनासोहरुलाई सम्बोधन गर्न माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको व्यवस्था गरिनुका साथै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदले एनेक्स कार्यक्रम मार्फत सामुदायिक विद्यालयहरुमा विभिन्न विषयको प्राविधिक शिक्षा कार्यक्रमहरु संचालन गरिरहेको छ । तर प्राविधिक तथा व्यवसायिक शिक्षाका यस्ता अवसरहरु सिमित भएको आफैले केहि गर्न ,उत्पादित जनशक्ति जागिर खोज्ने खालको मात्र भएको ,पुँजि लगायत अन्य अवरोधहरु रहेकोरोजगारदाताको अभाव भएको जस्ता गुनासोहरु पनि सुनिन , ६ थालेका छन् । अर्कोतिर कक्षा-८ को पाठ्यक्रममा राखिएको पेशाव्यवसाय र प्रविधि शिक्षाको , व्यवसाय र प्रविधि प्रति रुचि जगाएर नर ,पढाइलाई व्यवहारिक बनाउने र विद्यार्थीहरुमा पेसाम सीपको विकासमा जोड दिनुपर्ने कुराप्रति भने विद्यालयहरु त्यति सजग भएको देखिदैन । यस्तो अवस्थामा कक्षा ८ देखि १२ सम्म उत्तीर्ण गरेका र माथिल्लो तहको शिक्षामा जान आर्थिक र बौद्धिक क्षमता तथा रुचि र चाहनाका कारण असक्षम र अनिच्छुक विद्यार्थीहरु अलमलमा पर्ने गरेको देखिन्छ । त्यस्ता व्यक्तिहरुका लागि गाउँपालिकाले रोजगारमुलक सीप सिक्ने अवसर प्रदान गर्नुपर्दछ भन्ने मान्यताका साथ यस योजनामा कार्यक्रम राखिएको हो ।

#### ३.४.१ वर्तमान अवस्था

यस धोबिनी गाउँपालिकामा प्रविधिक शिक्षा तथा व्यसायिक तालिम परिषद अन्तर्गत एउटा पनि संचालनमा रहेको छैन्। आगामि दिनमा संचालन गर्ने योजना रहेको छ ।

#### ३.४.२. उद्देश्य

- यस स्थानिय तहका सबै नागरिकका लागि प्रविधिक शिक्षा तथा व्यवसायिक तालिमाका अवसर शुनिस्चित गर्नु।

- प्रविधिक तथा व्यवसायिक शिक्षा तथा तालिम को क्षेत्रमा उत्पादन हुने जन शिक्तिको लागि स्थानिय स्तरमा रोजगारी तथा स्व-रोजगारीका अवसरहरु उपलब्ध गराउनु।
- प्रविधिक तथा व्यवसायिक शिक्षा तथा सिप विकास का अवसरहरुलाई सान्दर्भिक, उपयोगी तथा गुणस्तरीय बनाउनु।
- प्राविधिक शिक्षा अध्ययन गरिरहेका जम्मा विद्यार्थीहरु मध्ये १००% विद्यार्थी उर्तिर्ण गराउनेर सो मध्य ५०% रोजगार वा स्व-रोजगार शुनिश्चता गर्नु।

### ३.४.३ रणनीति

- स्थानिय तहमा प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपको अवसर सृजना गर्ने।
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद सानोठिमी भक्तपुरसँग समन्वय गरेर , नगरपालिकामा एउटा वहुप्राविधिक शिक्षालयको स्थापना गर्ने ।
- थप विद्यालयमा समेत प्रविधिक धार संचालन गर्ने।
- प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने।
- प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपको गुणस्तर प्रभावकारिता र पहुँच बढाउनको लागि सरोकारबालहरु संग समन्वय तथा सहकार्य गर्ने।
- आय आर्जन खालका क्रियाकलापको लागि संघ, प्रदेश, नगरपालिका निजि क्षेत्र संग आवश्यक सहयोग तथा सहकार्य गर्दै जाने।
- अनौपचारिक शिक्षा राष्ट्रिय सक्षमता प्रारुप (Non formal Education National qualification framework) को प्रभावकारी कार्यन्वयन गर्ने।

### ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**अपेक्षित उपलब्धि**

- प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययन गरेका विद्यार्थीहरु मध्ये शैक्षिक सत्र २०८० मा सत प्रतिशत उर्तिर्ण भएका हुने छन।
- प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययन गरेका मध्ये कम्तिमा ५०% विद्यार्थीहरु स्थानीय तह, निजी तथा सरकारी क्षेत्रमा रोजगार वा स्व-रोजगार हुने छन।
- अनौपचारिक शिक्षा राष्ट्रिय सक्षमता प्रारुप (Non formal Education National qualification framework) को प्रभावकारी कार्यन्वयन भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम प्रदान गर्ने बिधालय सङ्ख्या | ० | ० | ० | ० | ० | ० |
| २ | माध्यमिक तहमा प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिममा भर्ना भएका विधार्थी सङ्ख्या | ० | ० | ० | ० | ० | ० |

### ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य बर्ष ५ | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिममा भर्ना हुन चाहने बिधार्थीको तथ्याँक संकलन तथा खण्डीकृत डाटाबेस | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | तयार | | | | | | | | |
| २ | प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम सञ्चालन | विद्यालय | १ | ० | १ | १ | ० | ३ | |
| ३ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरूको अनुगमन, नियमन र व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | आय आर्जन खालका क्रियाकलाप को लागि संघ, प्रदेश, नगरपालिका निजि क्षेत्र संग समन्वय बैठक | पटक | १ | १ | १ | १ | १ | १० | |
| ५ | रोजगार मेला | पटक | १ | १ | १ | १ | १ | १० | |

### ३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाई

**परिचय**

सिकाइलाई जीवनपर्यन्त चलिरहने प्रकृयाका रुपमा लिने गरिन्छ । मानिसहरु औपचारिक , अनौपचारिक र अरितिक पद्धतिको माध्यमबाट जीवनजगत र वातावरणमा अन्तरक्रिया गर्दै अनुभवहरु हासिल गर्दछन् र केहि न केहि नयाँ कुराहरुको सिकाइ पनि भइनै रहेको हुन्छ । तर हाम्रो समाजमा निश्चि‍ित उमेरसमय र स्थानमा संचालन गरिने औपचारिक शिक्षालाई मात्रै , सिकाइ मान्ने चलन रहेको छ र त्यस्तो औपचारिक शिक्षाबाट विभिन्न कारणले बन्चित भएका भन्दै पश्चाताप गरेको पनि सुन्न पाइन्छ । त्यस्ता 'उमेरमा पढ्न पाइएन' मानिसहरु मानिसहरुमा इच्छा र जाँगर भए जीवनभर सि‍िकाइमा सकृयतापुर्वक संलग्न रहन पाइन्छ भन्ने भावनाको विकास गर्न सकिएमा समृद्ध र सभ्य समाजको निर्माणमा सहयोग पुग्न सक्दछ । यसै कुरालाई मध्यनजर गर्दै धोबीनी गाउँपालिकाले निर्माण गरेको शिक्षा योजनामा अनौपचारिक र जीवनपर्यन्त शिक्षालाई प्राथमिकताका साथ व्यवस्था गरिएको छ ।

विगतमा हाम्रो देशमा जिल्ला शिक्षा कार्यालयहरु मार्फत अनौपचारिक शिक्षा अन्तरगत धेरै साक्षरता कक्षाहरु संचालन गरिए । साक्षरताका सघन कार्यक्रमहरु मार्फत जिल्लाहरुलाई पुर्ण साक्षर जिल्ला घोषणा गर्ने अभियान पनि संचालन गरियो । यस अनुसार धेरै जिल्लाहरुलाई पुर्ण साक्षर जिल्ला घोषणा पनि गरिएको छ ।तर यस प्रकारका घोषणाहरु केवल घोषणाका लागि घोषणा मात्रै गरिएको र वास्तवमा साक्षरतामा हासिल हुनु पर्ने उपलब्धि हासिल नभएको भनी आलोचना पनि हुने गरेको छ । पुर्ण साक्षर घोषणा गरिएका कैयौं जिल्लामा धेरै मानिसहरु निरक्षर रहेको प्रमाण सहितका समाचारहरु संचार माध्यमहरुमा पनि आएका छन् । यसबाट अनौपचारिक शिक्षा र साक्षरता कार्यक्रम संचालनको परिपाटीमा केही परिवर्तन गर्नु पर्ने हो कि भन्ने पनि देखिन्छ । यिनै कुराहरुलाई विचार गरेर अव स्थानीय सरकारबाट संचालन हुने साक्षरता अभियानलाई परिणाममुखि बनाउनु परेको छ ।

जीवनपर्यन्त शिक्षाको महत्व मानिसहरुलाई बुझाउनका लागि साक्षरताका सीपहरुलाई दैनिक जीवनका क्रियाकलापहरुसँग सम्बन्धित गराएर त्यसबाट कसरी जीवनस्तरमा सुधार ल्याउन सकिन्छ भन्ने कुरामा सम्बन्धित व्यक्तिलाई राम्रोसँग सुसूचित गराउनु आवश्यक हुन्छ । पढाइ , लेखाइ र सामान्य गणितीय सीपको सहयोगले कृषिपशुपालन लगायत ,व्यापार ,घरेलु उद्यम , धेरै प्रकारका पेशा व्यवसाय संचालनमा ठुलो सहयोग हुन सक्ने र यसबाट आय आर्जनमा बृद्धि गरी जीवनस्तरमा सुधार ल्याउन सकिने कुराप्रति मानिसहरुलाई विश्वस्त गराउनका लागि

स्थानीय स्तरकै उदाहरण सहितका सामग्रीहरुको निर्माण गरी सिकारुका अनुभवहरुलाई उपयोग गर्ने रणनीति अपनाउने हो भने जीवन पर्यन्त सिकाइलाइ सफलतापुर्वक संचालन गर्न सकिन्छ ।

### ३.५.१ वर्तमान अवस्था

यस पालिकामा विधालय बाहिर रहेका बालबालिकाहरुको शिक्षाको अधिकारको सुनिश्चिताकोलागि विगतको बर्ष देखि अनौपचारिक प्रौढ शिक्षा बालशिक्षा कार्यक्रम सञ्चालन हुदै आएपनि विधालय भन्दा बाहिर रहेको बालबालिकहरुहरु अझै निमुल भएको छैन । यस पालिकामा ५ देखि ९ बर्षका विधालय भन्दा बाहिर रहेका बालबालिका २०.२ प्रतिशत, १० देखि १२ बर्ष सम्मका विधालय भन्दा बाहिर रहेका बालबालिका १५.० प्रतिशत, १३ देखि १४ बर्ष सम्मका विधालय भन्दा बाहिर रहेका बालबालिका १२.७ प्रतिशत, १५ देखि १७ बर्ष सम्मका विधालय भन्दा बाहिर रहेका बालबालिका २४.५ प्रतिशत तथा ५ देखि १७ बर्ष सम्मका विधालय भन्दा बाहिर रहेका कुल बालबालिका १८.६ प्रतिशत यस पलिकामा विधालय भन्दा बाहिर रहेका छन् । यस पालिकामा सामुदायिक पुस्तकालयको र सामुदायि सिकाई संचालनमा रहेको छैन् , त्यसै गरि विभिन्न माध्यमबाट प्राप्त गरेको शिक्षालाई समकक्षता दिने प्रणालीको विकास पालिका स्तरमा भएको छैन । पालिकाको साक्षरता अवस्था विशलेषण गर्दा ५ बर्ष भन्दा माथिको साक्षरता दर ६४.७ प्रतिशत, १५ बर्ष भन्दा माथि ५७.१ प्रतिशत, १५ देखि २५ बर्ष भित्र उमेर समुहका साक्षरता प्रतिशत ८४.१ मात्र रहेको छ । तथ्यांकले के देखाउँछ कि पालिकामा निरक्षरता प्रतिशत १५.९ रहेको छ जस्लाई सुधार गर्न आवश्यक देखिन्छ । विभिन्न कारणले विधालय भन्दा बाहिर रहेका मानिसहरुलाई रोजगर मुलक तथा सीप मुलक शिक्षाको शुरुवात पालिकाले गरे तापनि अप्रयाप्त देखिन्छ

**अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका चुनौतीहरू देहाय बमोजिम पहिचान गरिएको छः**

- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ लागि मापदण्ड बनाउनु।
- ५ देखि १७ बर्ष उमेर समुहका १३७६ बालबालिकाहरु अझ विधालय भन्दा बाहिर रहेको ।
- सामुदायिक पुस्तकालयको संख्या १ वटा पनि नरहेको ।
- विभिन्न माध्यमबाट प्राप्त गरेको शिक्षालाई समकक्षता दिने प्रणालीको विकास पालिका स्तरमा भएको छैन ।
- पालिकाको साक्षरता अवस्था विशलेषण गर्दा ५ बर्ष भन्दा माथिको साक्षरता दर ६४.७ प्रतिशत, १५ बर्ष भन्दा माथि ५७.१ प्रतिशत, १५ देखि २५ बर्ष भित्र उमेर समुहका साक्षरता प्रतिशत ८४.१ मात्र रहेको छ ।

- विभिन्न कारणले शिक्षाबाट बंचित मानिसहरुलाई रोजगर तथा सीपमुलक शिक्षाको शुरुवात पालिकाले गरे तापनि अप्रयाप्त देखिन्छ ।
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ लागि मापदण्ड बनाउनु।

### ३.५.२. उद्देश्य

- विधालय भन्दा बाहिर रहेको उमेर पुगेका सबै बालबालिकाहरुलाई विधालय भर्ना गराउने तथा शिक्षाको बैकल्पिक ब्यवस्था गर्ने ।
- रोजगर तथा सीपमुलक शिक्षाको विकास गरि आयआर्जनलाई बढावा दिने ।
- नगर पालिका भित्रका सबै प्रौढहरुलाई(१५-६० उमेर समुह) आगामी २ वर्ष भित्र साक्षर बनाउने ।
- पालिका स्तरमा समकक्षता प्रणालीको स्थापना गर्ने ।

### ३.५.३ रणनितिहरु

- विधालय भन्दा बाहिर रहेका बालबालिका तथा किशोरकिशोरिहरु एवमः निरक्षरहरुको विवरण संकल्न गर्ने ।
- विधालय भन्दा बाहिर रहेका बालबालिका तथा किशोरकिशोरिहरुको लागि अनौपचारिक तथा बैकल्पिक सिकाई केन्द्रहरुको स्थापना तथा संचालन गर्ने ।
- विधालय भर्ना तथा बैकल्पिक शिक्षाको ब्यवस्था गर्ने ।
- वडाअन्तर्गत आवश्यक स्थानमा समुदायिक सिकाई केन्द्र स्थापना गर्ने
- आयआर्जन बृद्धिकालागि उधोग तथा रोजगार शाखासंग सम्बन्य गर्ने ।
- सामुदायिक सिकाई केन्द्र मार्फत विभिन्न सीप विकास र आयअर्जन तथा सीप मुलक कार्यक्रम संचालन गर्ने
- अनौपारिक माध्यमबाट प्रप्त गरेका ज्ञान तथा सीपहरुको परिक्षण र प्रमाणिकरण गरि राष्टिय योग्यता प्रारुपले गरेको ब्यवस्या बमोजिम प्रामाण पत्रको ब्यवस्था मिलाउने ।
- नातिजामा आधारित अनुगमन तथा मुल्यांकन प्रणालीमा संस्थागत गर्ने ।
- समुदाय परिचालनको लागि टोल शिक्षा निगरानि समुह गठन तथा परिचालन गर्ने ।
- अभिभावक सचेतना कार्यक्रम गर्ने ।

### ३.५.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) अपेक्षित उपलब्धिः**

- विधालय भन्दा बाहिर रहेको उमेर पुगेका सबै बालबालिकाहरुलाई विधालय भर्ना गराई शिक्षाको अधिकार सुनिश्चित भएको हुनेछ।
- १५-६० उमेर समुहका सबै नागरिकहरु साक्षर भएका हुनेछन् ।
- रोजगर तथा सीपमुलक शिक्षाको माध्यम बाट आयआर्जनमा बृधि भएको हुनेछ ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| **क्र.स.** | **सूचक** | **आधार वर्ष (२०८१/८२)** | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | **२०८५/८६** |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र बर्षभन्दा माथि) (%) | ५७.१ | ५७.१ | ७२.० | ८०.५ | ९०.० | १०० |
| २ | भाषिक तथा गणितीय साक्षरता सिप ( पन्ध्र बर्ष भन्दा माथिको महिला) (%) | ४२.२ | ५०.५ | ४५.५ | ६५.५ | ७०.० | ७५.० |
| ३ | आधारभूत सुविधासम्पन्न सामुदायिक सिकाई केन्द्रको सङ्ख्या | ० | ० | २ | ३ | ४ | ५ |
| ४ | सामुदायिक पुस्तकालयको सङ्ख्या | ० | ० | १ | १ | १ | १ |

### ३.५.५ प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पाँच बर्ष) | | | | | | भौतिक लक्ष्य ( १० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८४ | जम्मा | |
| १ | स्थानीय तह र सो तहमा कार्यरत गैर- -सरकारी र अन्य सङ्घ सँस्थाहरू सँगको सहकार्यमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी स्थानीय तहको मापदण्ड र निर्देशिकाहरूको विकास गर्ने | निर्देशिका | १ | १ | १ | १ | १ | १ | १ |
| २ | स्थानीय तह र सो तहमा कार्यरत गैर- -सरकारी र अन्य सङ्घ सँस्थाहरू सँगको सहकार्यमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षा सन्चालन र व्यवस्थापनसम्बन्धी लागत सहभागिताको तौरतरिका तथा बिधिका लागि ढाँचा र स्वरूप विकास गर्ने | संख्या | १ | १ | १ | १ | १ | १ | १ |
| ३ | स्थानीय तहका सबै सरोकारवालाहरू सँगको समन्वय र सहयोगमा लक्षित कार्यक्रमहरू मार्फत स्थानीय तहका वार्डहरूलाई चरणबद्ध | केन्द्र | १ | १ | १ | १ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | रूपमा पूर्ण साक्षरता बनाउन पूर्ण साक्षर पालिका कार्यक्रम सन्चालन बापतको बजेट अनुदान | | | | | | | | |
| ४ | स्थानीय तहको प्रत्येक वार्डमा सन्चालित सामुदायिक अध्ययन केन्द्रमा रहेका पुस्तकालयहरू सँग सम्बन्ध स्थापना गराउने गरी समुदाय स्तरमा पुस्तकालय स्थापना र सन्चालन गर्ने | संख्या | २ | ३ | ० | ० | ० | ० | ५ |
| ५ | समुदायिक केन्द्र सवलिकरण तथा व्यवस्थापन अनुदान | संख्या | ३ | २ | ० | ० | ० | ० | ५ |
| ६ | CLC परिचालकहरुको क्षमता अभिबृधितालिमका / लागि बजेट अनुदान | संख्या | ३ | २ | ० | ० | ० | ० | ५ |

# परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

## परिचय

परिच्छेद तीनमा शिक्षा क्षेत्रकाअन्तर्गतका मुख्य उपक्षेत्रहरू प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राबिधिक शिक्षा, उच्च शिक्षा तथा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइलगायतसँग सम्बन्धित वर्तमान अवस्थाको विश्लेषणका आधारमा

चुनौतीहरू पहिचान गरि यस योजनाका लागि उद्देश्य, रणनीतिहरू तथा प्रमुख नतिजा, क्रियाकलाप तथा लक्ष्यहरूसहितको योजनाको खाका प्रस्तुत गरिएको छ । परिच्छेद तीनका विभिन्न खण्डहरूमा ती खण्डहरूसँग सम्बन्धित विभिन्न अन्तरसम्बन्धित विषयहरू जस्तैः समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, छात्रवृत्ति, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा; विद्यालय भौतिक विकास, शिक्षामा सूचना तथा सञ्चारलगायतका कतिपय पक्षहरू समावेश गरिएका भए पनि यी अन्तरसम्बन्धित विषयलाई समग्रमा विश्लेषण गरि योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसँग सम्बन्धित गराउन सहयोग पुऱ्याउने उद्देश्यले यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

यस परिच्छेदमा शिक्षामा समता तथा समावेशीकरणको अभिवृद्धि, विद्यालय स्वास्थ्य, पोषण तथा दिवा खाजा र छात्रवृत्तिजस्ता आवश्यकीय सेवाको सञ्चालन तथा व्यवस्थापन, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाका लागि तयारी, विद्यालय भौतिक विकास, र शिक्षामा सूचना तथा सञ्चार जस्ता अन्तरसम्बन्धित विषयहरू समावेश गरिएको छ । यसमा उल्लिखित प्रत्येक विषयको अवधारणा तथा विद्यालय शिक्षामा यसको आवश्यकता, विद्यमान अवस्थाको विश्लेक्षण गरि चुनौतीहरू पहिचान गरिएको छ भने यस योजनामा यस विषयका उद्देश्य, अपेक्षित नतिजा तथा योजना अवधिमा सञ्चालन गरिने मुख्य क्रियालाप तथा लक्ष्यहरू उल्लेख गरिएको छ ।

## ४.१ पाठयक्रम तथा मुल्यांकन

**परिचय**

मानव जीवनका लागि आइपर्ने विभिन्न समस्याहरु समाधान गर्नका लागि चाहिने ज्ञान, सीप र क्षमता आर्जनका लागि एउटा मार्गनिर्देश नै पाठ्यक्रम हो । मानव जीवनका व्यावहारिक समस्या समाधान हुनु भनेको राष्ट्र र समाजका समस्या समाधान हुनु हो। वास्तवमा पाठ्यक्रमले शैक्षिक तथा सामाजिक जीवनदर्शन, समकालीन समाजका वास्तविकताहरु, सिकाइ प्रक्रिया एवं विषयवस्तु तथा ज्ञानको प्रकृति समेतलाई विचार गरि बालकका सिकाइ सम्बन्धी आवश्यकताको निदान गरेर विस्तृत योजना प्रस्तुत गरेको हुन्छ । पाठ्यक्रम विकास एउटा निरन्तर प्रक्रिया भएकोले समाज, राष्ट्र र व्यक्तिको आवश्यकता र चाहाना अनुरुप परिवर्तन भइरहन्छ। निर्धारित सिकाइ उपलब्धिहरु प्राप्तिका लागि विद्यार्थीहरुलाई विभिन्न अनुभवहरु हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठ्यक्रम हो ।

पाठ्यक्रम विकास तथा कार्यान्वयन प्राविधिक कार्य हो। यसमा विभिन्न व्यक्ति, समूहसँगको सहकार्य आवश्यक हुन्छ। पाठ्यक्रम निश्चित रुपमा सान्दर्भिक हुनुपर्छ। समयसापेक्ष हुनुपर्छ । जनचाहाना पूरा गर्न सक्नुपर्दछ। कक्षाकोठा वातावरण अनुकूल हुनुपर्छ। व्यवहार योग्य, प्रयोग योग्य, पाठ्यक्रम विकास तथा कार्यान्वयन सर्वत्र अपेक्षित विषयका रुपमा पर्छ । पाठ्यक्रम समावेशी हुनुपर्छ। यसले सबैको चाहाना प्रतिविम्वन गर्न सक्नुपर्छ। स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरि मातृभाषा तथा स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गरिनुलाई स्थानीय आवश्यकतामा आधारित शिक्षाका रुपमा लिइन्छ ।

पाठ्यक्रम कुनै कक्षा वा तहमा कुन कुन विषयवस्तु सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभई विद्यार्थीमा केकस्ता क्षमता विकास गराउने हो अर्थात् किन पढाउने, के कस्ता क्रियाकलापका माध्यबाट अपेक्षित सक्षमता हासिल गराउन सकिन्छ र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरि आवश्यक पृष्ठपोषण प्रदान गर्न केकसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्त्वपूर्ण आधार हो ।

### ४.१.१. वर्तमान अवस्था

धोबीनी गाउँपालिकाले हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गर्दै आएको सर्वविदितै छ । यसै शैक्षिक सत्रदेखि यस पालिकाले आधारभूत तह कक्षा १को स्थानीय ५- विषयको पाठ्यक्रम निर्माण गरि परीक्षणको तयारीमा रहेको छ भने आधारभूत तह कक्षा ६को ८- स्थानीय विषयको पाठ्यक्रम निर्माणका लागि अन्तिम तयारीमा जुटिरहेको छ । स्थानीय विषयले यस पालिकाको समग्रता झल्काउन मद्दत पुर्‍याई बालबालिकाहरुलाई आफ्नो परिवेश अनुकूलको विषयवस्तुमा सहज तरिकाले परिचित हुन सहयोग पुर्‍याउछ । स्थानीय पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १मा अन्तरसम्बधित ८- विषयवस्तुलाई एकीकृत गरिएको, व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नु पर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बधित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरीएको छ । प्रत्येक विषयमा विषयवस्तुको स्वरूपअनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्यलगायतका व्यावहारिक अभ्यास गराउनु पर्ने व्यवस्था

छ । त्यसै गरी यसले सिकाइमा प्रयोग गरीने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई  जीवनोपयोगी तथा व्यवहार कुशल सीपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिएको छ ।

आधारभूत तह कक्षा १न प्रणाली  मार्फत उदार मा निरन्तर विद्यार्थी मूल्याङ्क ३-प्रतिशत निर ५० मा ५-४ ति नीति अपनाइएको छ भने  आधारभूत तह कक्षाकक्षोन्न्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन अपनाएइको छ ।  आधारभूत तह कक्षा ६ ६० मा ८-न अपनाएइको छप्रतिशत निर्माणात्मक मूल्याङ्क ४० प्रतिशत निर्णयात्मक र ।  आधारभूत तहको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाइएको छ। कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरमा हुने छ । कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुरुप हुने गरेको छ ।

पठ्यक्रम तथा मूल्याङ्कनमा देखिएका विद्यमान चुनौतीहरुः

१. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास ।
२. प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग ।
३. स्थानीय पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउने ।
४. सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग ।
५. स्थानीय  पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तह अर्थपूर्ण सहभागिता ।
६. अपाङ्गता मैत्री पाठ्यपुस्तक तथा कार्य पुस्तिकाको प्रयोग ।
७. स्थानीय  पाठ्यक्रम कार्यान्वयन ।

### ४.१.२ उद्देष्य

यस योजनाले पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ :

१. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।
२. स्थानीय पाठ्यक्रम मार्फत समृद्ध धोबीनी निर्माणका लागि सक्षम, सिर्जनशील तथा प्रतिस्पर्धी नागरीक तयार गर्न सहयोग गर्नु ।

३. सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु ।

### ४.१.३ रणनितिहरु

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरीनेछ :

१. स्थानीय पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सम्मृद्ध धोबीनी निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरीक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कनमा आधारित बनाइने छ ।

२. पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई सहभागितामूलक बनाई स्थानीय सरोकारवालामा अपनत्व विकास गरी जवाफदेही बनाउन स्थानीय परिवेशमा आधारित पाठ्यक्रम विकास प्रक्रियालाई अवलम्वन गरी परीक्षणका रूपमा कार्यान्वयनमा ल्याइने छ र प्रभावकारिता आधारमा निरन्तरता प्रदान गरीने छ ।

३. स्थानीय पाठ्यक्रम मार्फत प्रकोप व्यवस्थापन विषयवस्तु समावेश गरी विपत, महामारी तथा सङ्कट व्यवस्थापन र न्यूनीकरण गर्न प्रारम्भिक कक्षा देखिनै बालबालिकालाई सक्षम बनाइँदै लगिने छ ।

४. विपत, महामारी तथा सङ्कटको समयमा सिकाइलाई निरन्तरता दिन सूचना तथा सञ्चार प्रविधिको अधिकतम् उपयोगमा जोड दिइने छ ।

५. प्रारम्भिक कक्षाहरुमा सिकाइ सहजीकरणका निम्ति आवश्यकता अनुसार मातृभाषा र स्थानीय भाषा लाई प्राथमिकता दिइने छ ।

६. अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ अवसर वृद्धि गर्न सिकाइ सामग्रीलाई ब्रेल लिपिमा तयार गर्ने र श्रव्यदृश्यमा आधारित साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरूको विकास र प्रयोगलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याईने छ ।

७. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारिताका साथ कार्यान्वयन गरीनेछ ।

८. आधारभूत तहको कक्षा ५ र ८ को वार्षिक परीक्षालाई पालिका स्तरीय वनाइ सुधार गरीनेछ ।

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**क ( अपेक्षित उपलब्धि**

१. स्थानीय पाठ्यक्रम २०७८ प्रारम्भिक बाल विकास देखि कक्षा ८ सम्म विकास तथा कार्यान्वयन हुने ।

२. प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा १मा आवश्यकतानुसार ५- मातृभाषा र स्थानीय भाषा प्रयोग गरी सिकाइ सहजीकरण हुने ।
३. शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा मूल्याङ्कन हुने ।
४. शिक्षण सिकाइ क्रियाकलाप बालमैत्रीअपाङ्ग मैत्री तथा स्थानीय सन्दर्भ सा ,पेक्ष प्रभावकारी हुने ।
५. स्थानीय पाठ्यक्रम परिमार्जन तथा सुधार अनुसन्धानमा आधारित हुने ।
६. प्रत्येक विद्यालयमा प्रत्येक विद्यार्थीको मूल्याङ्कनका लागि अनिवार्य कार्य सञ्चयिका फायल खडा भएको हुने ।

**खनतिजा (**

| **क्र.स.** | **सूचक (उदाहरण)** | **आधार वर्ष (२०८१/८२)** | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | **२०८५/८६** |
|---|---|---|---|---|---|---|---|
| १ | एककृत पाठ्यक्रम लागु गरेको विधालय सङ्ख्या | २० | २० | २० | २० | २० | २० |
| २ | परिक्षामा स्तारिकृत प्रश्न प्रयोग गर्ने विधालयसङ्ख्या | २० | २० | २० | २० | २० | २० |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | २० | २० | २० | २० | २० | २० |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विधालय सङ्ख्या | २० | २० | २० | २० | २० | २० |

### ४.१.४ प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पाँच बर्ष) | | | | | | भौतिक लक्ष्य ( १० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | **राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को कार्यन्वयन** (तहगत पाठ्यक्रमहरूको विकास, परीक्षण र कार्यन्वयन, नमुना पाठ्यपुस्तकहरूको विकास, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीहरुको विकास गर्ने( | | 3 | 3 | 3 | 2 | 1 | | |
| २ | **पाठ्यक्रमको मूल्यांकन** (मुल्यांकन, सुधार र बिद्यालयमा आधारित पाठ्यक्रम विकास र नमूना परीक्षण( | | | | | | 1 | | |
| ३ | **Digital सामाग्रीहरुको कार्यन्वयन** (विधुतीय अन्तरक्रियात्मक सामाग्रीहरुको विकास र तिनलाई Online/Offline माध्यमबाट बिद्यार्थी अपाङ्गता भएका ) र (बिद्यार्थी समेत् शिक्षकको पँहुचसम्म पुर्याउने सुनिश्चित गर्ने, पाठ्यक्रम विकास केन्द्रबाट विकास | | 1 | 1 | 1 | 1 | 1 | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | गरिएका सबै सामाग्रीहरुलाई विधुतीय प्रती बनाई तिनलाई e-library को विकास गरी सबैको पँहुच सुनिश्चित गर्ने | | | | | | | | |
| ४ | सँस्थागत संरचनाको विकास र क्षमता अभिबृद्धि गर्ने बिज्ञहरुको) परिचालन गरी स्थानीय तहहरूमा स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनका लागि प्राबिधिक सहयोग प्रदान गर्ने बिधि र पद्धति स्थापित गर्ने( | | 8 | 8 | 8 | | | | |
| ५ | **आधारभूत तहको पाठ्यक्रका लागि सबै शिक्षकहरूलाई ३ दिने अभिमुखीकरण तालिम प्रदान गर्ने** | | 13 | 20 | 20 | 7 | 7 | | |
| ६ | **आन्तरिक र बाहिय दुवै विधिका बिद्यार्थी मुल्यांकन र तिनको कार्यन्वयनको मापदण्डहरू विकास गर्ने** (जसमानमूना -: सामाग्रीहरु विकास गर्ने, कक्षाकोठामा आधारित मुल्यांकनका मापदण्डहरूको विकास र तिनको बारेमा | | 25 | 25 | 25 | 25 | 25 | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अभिमुखीकरण साथै बिद्यार्थी प्रगतीको प्रतिबेदन र सुझाव सङ्कलन( | | | | | | | | |
| ७ | **प्राबिधिक धारका बिषयहरुको पाठ्यक्रम र सिकाई सामग्रीहरुको विकास र कार्यान्वयन गर्ने** (जसमा-: प्राबिधिक धारका बिषयगत समस्या तथा सवालहरू पत्ता लागउने, तिनलाई पाठ्यक्रममा समायोजन गर्ने र सोका आधारमा पाठ्यपुस्तक, सिकाई सामग्रीहरूको विकास, मुल्यांकन पद्धतिको विकास र तिनको प्रबोधिकरण, बितरण, प्रयोग बिषयहरु समाबेश गर्ने( | | 1 | 6 | 4 | 4 | | | |
| ८ | **बहूपाठ्यपुस्तकहरूको कार्यान्यन गर्ने** (जसमा -: बहू पाठ्यपुस्तक नीतिको कार्यान्यन गर्ने, गुणस्तर सुनिश्चित गर्ने, पाठ्यपुस्तकहरुको मुल्यांकन र छनौट, बहूबर्षिय पाठ्यपुस्तकहरूको परिक्षण गर्ने र अपाङ्गता भएका बिद्यार्थीहरूका लागि | | 1 | 1 | 1 | 1 | 1 | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | उपयुक्त पाठ्यपुस्तकहरूको विकास गर्ने( | | | | | | | | |
| ९ | बिद्यालय शिक्षा पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य बिषय क्षेत्रका निर्देशिका, बिधि र प्रक्रियाहरूको विकास र परिमार्जन गर्ने र तिनलाई एकीकृत गर्ने( | | | 1 | | | 1 | | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

**परिचय**

सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रुपमा शिक्षक रहन्छन् । सिकारु र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ । शिक्षक सदैव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ । शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गरि विद्यार्थी, अभिभावक तथा शिक्षकहरुबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ । वर्तमान समयका शिक्षकहरुमा आवश्यकीय सक्षमताहरु सुनिश्चित हुनु पर्दछ । शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ ।

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेशाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ । नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रवर्धनका लागि विगतमा सञ्चालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेशागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरेको पाइन्छ ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्ने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेशागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइने छ । यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ । वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरिएका चुनौतीहरूको सामना गरि शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा यस धोबीनी गाउँपालिकाले कार्यक्रमका उद्देश्य, उद्देश्य पूरा गर्नका लागि अपनाइने रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

### ४.२.१ बर्तमान अवस्था

**शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति**

शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्नका लागि नेपालको पन्ध्रौं योजना (२०७६२०८१ र सोह्रौ योजना (०८१/२०८०-०७७/-०८५ ले यस  पेशामा अब्बल प्रतिभाहरूलाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अङ्क हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण पेशामा प्रवेश गर्न पाउने कानूनी व्यवस्था गर्ने उल्लेख गरेको छ । शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार शिक्षक हुनका लागि शिक्षण अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तीर्ण भएको हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पूरा गर्नुपर्ने र पेशाको सुरक्षा लगायतका कारणले शिक्षण पेशालाई समाजमा प्रतिष्ठत पेशाका रूपमा लिइने अवस्था सुधार हुँदै गएको छ। नियमित रूपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेशामा थप आकर्षण बढेको अवस्था छ । शिक्षक सेवा आयोगद्वारा सञ्चालित परीक्षामा सम्मिलित हुने युवाहरूको उल्लेख्य उपस्थितिले यस सेवाप्रति शिक्षित युवाहरूको आकर्षण बढ्दै गएको पुष्टि हुन्छ । शिक्षक सेवा आयोगबाट नियुक्तिका लागि सिफारिस भएका शिक्षकहरूलाई स्थानीय तहले विद्यालयमा नियुक्ति तथा पदस्थापन गर्ने कार्यको थालनी भएको छ ।

**शिक्षक तयारी**

सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रुपमा शिक्षक रहन्छन् । सिकारु र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ । शिक्षक सदैंव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ । शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गरी विद्यार्थी, अभिभावक तथा शिक्षकहरुबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ । वर्तमान समयका शिक्षकहरुमा आवश्यकीय सक्षमताहरु सुनिश्चित हुनु पर्दछ । शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ ।

शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम वीगरेपछि अध्यापन .एड.वा एम .एड. अनुमतिपत्रका लागि योग्य मानिन्छ। अध्यापन अनुमति पत्र प्राप्त गरेको व्यक्ति मात्र शिक्षकका लागि योग्य हुन्छ। शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली (संशोधनसहित), २०५९ र शिक्षक सेवा आयोग नियमावली, २०५७ मा भएको व्यवस्था अनुसार नेपालमा प्राथमिक र निम्नमाध्यमिक तहका लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२ वा अन्यबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी १० महिने शिक्षक तालिम लिई अध्यापन अनुमति पत्र प्राप्त गरेका र माध्यमिक तहका लागि शिक्षा शास्त्रबाट स्नातक तह उत्तीर्ण वा अन्यबाट स्नातक तह उत्तीर्ण गरी एक वर्षे वीगरी अध्यापन अ.एड.नुमति प्राप्त गरेका व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ। यसै गरी माध्यमिक तह कक्षा ११मा अध्यापन गर्नका लागि १२-स्नातकोत्तर तह उत्तीर्ण गरि अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने प्रावधान छ । शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन भने शिक्षक सेवा आयोगले गर्दै आएको छ ।

**शिक्षणसिकाइ क्रियाकलाप**

कुनै पनि विषयवस्तु विद्यार्थी समक्ष पुर्‍याउँदा जे जस्ता विधि वा माध्यम अपनाइन्छ, तिनले अपेक्षित उद्देश्य परिपूर्तिमा सघाउनु पर्दछ । कुनै पनि शिक्षण विधि शिक्षकले प्रयोग गर्ने तौरतरिका वा विषयवस्तुको स्वरुपमा भर पर्दछ । शिक्षण विधि छनौट गर्दा सकेसम्म विद्यार्थी केन्द्रित खालको अर्थात बालकेन्द्रित विधि अपनाउनुपर्छ, जसमा बढी भन्दा बढी विद्यार्थीको सहभागिता रहोस। शिक्षण विधिको चयन गर्दा मुख्य रुपमा विद्यार्थीको पूर्व ज्ञान, रुचि, क्षमता, चाहना, उनीहरुको तहगत स्तर, विषयवस्तुको प्रकृति र स्वरुप आदिका आधारमा छनौट गर्नु पर्छ ।

बालबालिकाको सिकाइ उपलब्धि मूलतः कक्षाकोठामा सञ्चालन गरिने शिक्षणसिकाइ क्रियाकलापमा भर पर्छ। विद्यालय तहको पाठ्यक्रम प्रारूप २०७६ ले पनि शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित, प्रविधिमैत्री, परियोजनामा आधारित, समूहकार्यमा आधारित, सामुदायिक क्रियाकलापमा आधारित बनाउन जोड दिएको छ । नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन् । यसको फलस्वरूप विद्यालयको शिक्षणसिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गरि शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन् ।

**शिक्षक पेशागत सहयोग पद्धति**

नेपालमा सर्वप्रथम विसालमा चिफ इन् १९९८ .सं.सपेक्टर स्कूलको स्थापना सगै शिक्षक पेशागत सहयोग पद्धतिको शुरुवात भएको देखिनछ । राष्ट्रिय शिक्षा पद्दति योजना २०२८ ले विद्यालय सुपरिवेक्षणबाट शिक्षक सहायता उपलब्ध गराउन प्राथमिक विद्यालय निरीक्षक, माध्यमिक विद्यालय निरीक्षकहरूको व्यवस्था गरिएको थियो । ग्रामीण विकासका लागि सेती परियोजना नेपालको शिक्षा सुधारका लागि धेरै परियोजनाहरू  र सो पश्चात् (१९९१ -१९८१) कार्यान्वयनमा आए । प्राथमिक शिक्षा परियोजना (०४७-२०४२), विज्ञान शिक्षा विकास परियोजना (१९९१-१९८४), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना(०५४-२०४९) पहिलो-, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना(०६१-२०५६) दोस्रो-, प्राथमिक शिक्षा विकास परियोजना १९९२ सन्)-१९९९(, माध्यमिक शिक्षा विकास परियोजना १९९३ सन्)-२०००(, शिक्षक शिक्षा परियोजना  सन्) २००२-२००९(, विद्यालय क्षेत्र विकास कार्यक्रम हुँदै ह (०७३/२०७२-०६८/२०६७)ाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रम ले समेत शिक्षकको पेशागत  (०७८/२०७७-०७४/२०७३) लन भएका देखिन्छसहयोगलाई महत्त्व दिई विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चा ।

ग्रामीण विकासका लागि सेती परियोजना तथा आधारभूत तथा प्राथमिक शिक्षा परियोजनादेखि नै नेपालमा शिक्षक पेशागत सहयोगका लागि स्रोत केन्द्रहरू स्थापना भएर क्रमशस्रोत केन्द्रहरू मार्फत  १०५३ स्रोत केन्द्रहरू तोकेकोमा १०९१ तिनको सङ्ख्या बिस्तार गरि : शिक्षक पेशागत सहयोग प्रदान हुँदै आइरहेको थियो ।

१०५ शिक्षक पेशागत सहयोग स्रोतकेन्द्र३, अगुवा स्रोत केन्द्र ४६ र  शैक्षिक तालिम  ”क“ ९ केन्द्रहरु, बाट विद्यालय सुपरिवेक्षण ५ र उपकेन्द्र २० शैक्षिक तालिम केन्द्रहरु ”ख“, शिक्षकको कार्यको अनुगमन, तालिमको फलोअप, कक्षा अवलोकन र पृष्ठपोषण प्रदान, नियमित

प्रधानाध्यापक बैठक, शिक्षक अन्तर्क्रिया कार्यशाला, छोटो अवधिको मागमा आधारित आदि तालिम सञ्चालन हुँदै आएका थिए ।

**शिक्षक क्षमता विकास कार्यक्रम**

एकाइसौं शताब्दीको शिक्षक आफ्नो विषयमा निपूर्ण हुनुपर्छ । शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी कलाकौशलबाट भरपूर्ण हुनुपर्छ । स्थानीय सरकारले प्रदेश सरकार तथा केन्द्र सरकारसँग समन्वय गरि शिक्षक तथा कर्मचारीहरुको क्षमता विकासका लागि निम्नानुसारका क्षमता विकास कार्यक्रम सञ्चालन गर्न सकिनेछ , प्रमाणीकरण तालिम , स्थानीय आवश्यकतामा आधार ,अनुभव आदान प्रदान कार्यक्रम ,पुनर्ताजगी तालिमि्त मोड्युलर तालिमस्वप्रयत्नमा आधारित सिकाइ आदि , । पेशागत रूपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको शिक्षण सिकाइमा सुधार आउन सक्छ । यसका निम्ति शिक्षकलाई पेशागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ । शिक्षकको पेशागत विकासका विभिन्न तौरतरिकाहरू छन् । शिक्षक तालिम, कार्यशाला, सेमिनार, कन्फरेन्स, क्रियात्मक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङ आदि अवसरहरूबाट शिक्षकको पेशागत विकास सम्भव हुन्छ । नेपालमा शिक्षकको पेशागत क्षमता अभिवृद्धि गर्ने ध्येयले नेपालमा विभिन्न परियोजना तथा कार्यक्रमहरू सञ्चालन भएका थिए । शिक्षकको क्षमता अभिवृद्धि गरि कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउने उद्देश्यले विमा २०५० .सं. शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना भएको थियो ।

**शिक्षक उत्तरदायित्व**

शिक्षणसिकाइ प्रक्रियामा शिक्षकको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । शिक्षक बालबालिकाको भाग्य निर्माता, अभिभावकको भरोसा तथा आशाको केन्द्र, परिवर्तनको संवाहक र समाजको प्रतिष्ठित व्यक्ति हो । असल शिक्षकको सहायताबाट शिक्षाका उद्देश्य पूरा हुन सक्छ । शिक्षकका आचरण समाजका अन्य वर्गलाई अनुकरणीय बन्न सक्नु पर्दछ । शिक्षकमा समाजको मार्गदर्शक, उपदेशक एवम् उदाहरणीय व्यक्तित्वको भूमिका सजिलैसँग निर्वाह गर्न सक्ने आर्दश गुणहरु हुनुपर्दछ । शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध हुनुपर्छ ।

शिक्षक विद्यार्थी, अभिभावक, समुदाय तथा विद्यालय प्रशासक तथा प्रधानाध्यापकप्रति उत्तरदायी हुनुपर्छ । शिक्षक विद्यार्थीप्रति उत्तरदायी हुनु भनेको आफूले पढाउने विद्यार्थीहरूको सिकाइ तथा कार्यसम्पादनप्रति जवाफदेही हुनु पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिमा भएको प्रगति र विकासमा जवाफ दिनु र विद्यार्थीको गुणस्तरीय जीवनका विषयमा जवाफदेही हुनु भन्ने

बुझिन्छ । विद्यालयको आचार संहिता पालना गर्दै दैनिक कार्यतालिकाअनुसार अध्यापन गर्ने, विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्याङ्कन गर्ने त्यसको प्रतिवेदन प्रधानाध्यापकलाई पेस गर्ने आदि कार्य शिक्षकले गर्नुपर्ने हुँदा शिक्षक प्रधानाध्यापकप्रति पनि उत्तरदायी हुनुपर्छ ।

शिक्षा नियमावली,२०५९ को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको विवरण अनुसूची १२ मा व्यवस्था गरिएको छ । पूर्व प्राथमिक विद्यालयमा १ जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा ३ जना, कक्षा ६ का लागि १२-९ जना र माध्यमिक तह ४ का लागि कम्तीमा ८-जना शिक्षक रहने व्यवस्था उक्त नियमावलीमा छ ८ ।

**बिद्यालय प्रकार अनुसार तहगत शिक्षक बिबरण (Number of Teachers by Levels and Types)**

| बिद्यालय तह | ECED | Lower Basic (G1-5) | Upper Basic (G 6-8) | Secondary (G 9-10) | Secondary (G 11-12) |
|---|---|---|---|---|---|
| सबै प्रकारका बिद्यालयमा तहगत जम्मा शिक्षक सङ्ख्या | 21 | 53 | 12 | 6 | 2 |
| सबै प्रकारका सामुदायिक बिद्यालयमा तहगत जम्मा शिक्षक सङ्ख्या | 17 | 53 | 12 | 6 | 2 |
| सबै प्रकारका सामुदायिक बिद्यालयमा स्वीकृत र राहत दरबन्दीमा कार्यरत तहगत जम्मा शिक्षक सङ्ख्या | 0 | 53 | 12 | 6 | 0 |

**शिक्षक व्यवस्थापन र विकासका विद्यमान चुनौतीहरु निम्न बमोजिम छन् -**

१. शिक्षण पेशालाई सबैको रोजाइको पेशाका रूपमा विकास गर्नु ।
२. शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि र क्रियाकलापमा विविधता ल्याउनु ।
३. शिक्षक पेशागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु ।
४. विषयगत आधारमा आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु ।
५. शिक्षकको पेशागत विकासको अवसर र विस्तार गर्न ।
६. तहगत रुपमा परीक्षा सञ्चालन गरी अग्रिम रुपमा स्वयम्सेवक सूची प्रकाशन गर्नु ।

### ४.२.२.उद्देश्य

यस पालिकाको  शिक्षा क्षेत्रको योजनामा शिक्षक व्यवस्थापन र विकासका देहायबमोजिमका उद्देश्यहरू निर्धारण गरिएका छन् -

१. शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउन सहयोग पुऱ्याउनु ।
२. शिक्षक विकास तथा निरन्तर पेशागत सहायता प्रणाली स्थापना गर्नु ।
३. सबै तहमा योग्यदक्ष तथा , क्षमतावान् शिक्षकहरूको प्रबन्ध गर्नु ।
४. पालिका अन्तर्गत स्वयम् सेवक वक शिक्षकको छनोट गर्नु ।

### ४.२.३ रणनीतिहरू

१. शिक्षक तालिमलाई विषयवस्तुको ज्ञान र शिक्षण सीपमा केन्द्रित बनाइने छ ।
२. विषयगत रूपमा शिक्षक दरबन्दी मिलान परिमार्जन गरिनेछ ।
३. शिक्षकको निरन्तर पेशागत विकासका लागि शिक्षण सीप विकाससम्बन्धी तालिम सञ्चालन गरिने छ ।
४. शिक्षक पेशागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग उपलब्ध गराइने छ। यसका लागि अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङको पद्धति विकास गरिनेछ ।
५. शिक्षक सरुवा हुँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरीनेछ ।
६. पालिका अन्तर्गत स्वयम् सेवक शिक्षकको करार सूची प्रकाशन गरिनेछ ।
७. ५ वर्ष सेवा निरन्तरता संझौता गरि क्षमतावान् तथा मेधावी शिक्षकलाई एम्वा  .फिल. विद्यावारिधिका लागि छात्रवृत्ति सहित अनुसन्धानको अवसर दिइने छ ।

### ४.२.४. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क (अपेक्षित उपलब्धि**

१. पालिका अन्तर्गत स्वयम् सेवक शिक्षकको लागि प्रतिस्पर्धा गराई २ वर्षे करार सूची प्रकाशन गरिनेछ ।
२. शिक्षण पेशा प्रतिसपर्धी र सम्मानित हुनेछ ।
३. स्थानीय तहबाट शिक्षक पेशागत सहयोग प्रणालीमार्फत निरन्तर पेशागत सहयोग प्राप्त हुने ।
४. विषयगत रूपमा शिक्षक दरबन्दी मिलान  परिमार्जन तथा आपूर्ति हुने ।
५. क्षमतावान् तथा मेधावी शिक्षकले एम्वा विद्यावारिधिका अवसर पाएका हुनेछन् .फिल्. ।

**ख नतिजा   (**

| क्र.स. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्ररम्भिक बालबिकास र शिक्षामा कार्यरत तोकिएको योग्यता शिक्षक तथा सहजकर्ताको संख्या | १७ | १७ | १७ | १७ | १७ | १७ |
| २ | आधारभूत तहमा कार्यरत तोकोएको योग्यता प्रप्त शिक्षक | ६५ | ६५ | ७५ | ८५ | ९५ | १०५ |
| ३ | माध्यमिक तहमा ( ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्रप्त शिक्षक% | ८ | ८ | १० | १२ | १४ | १६ |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक | ३० | ३० | ४० | ५५ | ६५ | ७५ |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएको बिध्यालय | ३० | ३० | ४० | ५५ | ६५ | ७५ |

### ४.२.५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पाँच बर्ष) | | | | | | भौतिक लक्ष्य ( १० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | शिक्षक योग्यता र बितरणको अध्यावधिक | | 1 | | 1 | | 1 | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | मापदण्डका आधारमा शिक्षक व्यवस्थापन पुनर बितरण र) समायोजन( | | | | | | | | |
| २ | नयाँ नियुक्ति भएका शिक्षकहरुलाई सेवा प्रवेश तालिम | | 2 | 2 | 2 | 2 | 2 | | |
| ३ | १५३५ देखि %% माध्यमिक शिक्षकहरुलाई गणित, विजयन र अंग्रेजी बिषयको बिषयबस्तुहयूको पाठ अध्ययन सामग्री विकाससम्बन्धी तालिम दिने | | 1 | 1 | 2 | 2 | 2 | | |
| ४ | शिक्षकहरुलाई ICT मा आधारित तीनदिने Online/Offline सिकाई सम्बन्धी तालिम | | 11 | 14 | 21 | 28 | 36 | | |
| ५ | सबै प्रकारका शिक्षक तालिमहरू सन्चालनका लागि प्रशि १० दिने प्रशिक्षण तालिम )TOT) | | 200 | 200 | 200 | 200 | 200 | | |
| ६ | प्रारम्भिक कक्षा सिकाई )EGL) सम्बन्धी ५ दिने प्रशिक प्रशिक्षण तालिम | | 0 | 0 | | 0 | | | |
| ७ | ECED सँग सम्बन्धित बिभिन्न तालिमहरुको नयाँ मापदण्डका आधारमा तालिमहरुको गुणस्तर सुनिश्चित गर्न | | 0 | | 0 | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रशिक प्रशिक्षण सन्चालन गर्ने | | | | | | | | |
| ८ | सबै बिद्यालयका प्रहरुलाई जिम्मेवार .अ. बनाईTeacher's Time-on-task सम्बन्धी तयार गरिएको प्रणालीको अनिवार्य कार्यान्वयन गरिने | | 6 | 5 | 7 | 7 | | | |
| ९ | बिद्यालयमा आधारित अनुगमन र सहयोग प्रणाली अन्तर्गत प्रहरुका.अ. लागि Teachers, Mentors सम्बन्धी ३ दिने तालिम दिने | | 1 | 2 | 1 | 1.5 | 1.5 | | |
| १० | शिक्षक अनुगन कार्यक्रमका लागि क्षमता अभिबृद्दी गर्ने | | 3000 | 3000 | 300<br>0 | 300<br>0 | 3000 | | |
| ११ | तालिम परिषदबाट स्वीकृत शिक्षक तालिम पाठ्यक्रमका आधारमा माध्यमिक तहका शिक्षकहरुलाई ४५ दिने TPD Certification तालिम प्रदान गर्ने दिने १५ जस्मा) तालिम Face to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम बिद्यालयमा आधारित | | 1.5 | 1.5 | 0 | 0 | 0 | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अभ्यासात्मक रुपमा देने( | | | | | | | | |
| १२ | माध्यमिक तहका शिक्षकहरुलाई दिइदै आएको Online TPD Certification तालिमलाई निरन्तरता दिने | | | | | | | | |
| १३ | आधारभूत तहका कक्षा) ६-८ शिक्षकहरुलाई ( TPD Certification तालिम प्रदान गर्ने दिने तालिम १५ जस्मा) Face to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने( | | 1 | 1 | 1 | 1 | 1 | | |
| १४ | आधारभूत तहका कक्षा) ६-८शिक्षकहरुलाई ( दिइदै आएकोOnline TPD Certification तालिमलाई निरन्तरता दिने | | | | | | | | |
| १५ | आधारभूत तहका कक्षा) १-५ शिक्षकहरुलाई ( TPD Certification तालिम प्रदान गर्ने दिने तालिम १५ जस्मा) Face to Face दिने, | | 5 | 5 | 5 | 5 | 5 | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने( | | | | | | | | |
| १६ | आधारभूत तहका कक्षा) ६-८शिक्षकहरुलाई ( दिइदै आएकोOnline TPD Certification तालिमलाई शिक्षक तालिम एकीकृत पाठ्यक्रमका आधारमा निरन्तरता दिने | | 9000 | 9000 | 900 0 | 900 0 | 9000 | | |
| १७ | नयाँ भर्ना हुने ECED Teachers/Facilatotar s हरूलाई १५ दिने ९०) घण्टासेवा प्रवेश ( तालिम प्रदान गर्ने | | 0 | 0 | 0 | 0 | 0 | | |
| १८ | हाल कार्यरत सबै ECED Teachers/Facilatotar s हरूलाई दुई Modules मा प्रत्येक ५बर्षमा ५/ पुनर्ताजगी तालिम प्रदान गर्ने | | 1500 | 1500 | 150 0 | 150 0 | 1500 | | |
| १९ | आधारभूत र माध्यमिक तहका प्रहरुलाई .अ. नेतृत्व विकास तालिम प्रदान गर्ने १५ जस्मा) दिने तालिमFace to Face दिने र १५ दिने | | 1000 | 1000 | 100 0 | 100 0 | 1000 | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | तालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने( | | | | | | | | |
| २० | शिक्षकहरूलाई Face to Face र Online दुवै विधिमा मागमा आधारित Soft-skills integration, EGL Skill, एकीकृत शिक्षण सिकाई र शिक्षण सिकाईका अन्य क्षेत्रमा छोटो अवधिका तालिमहरू प्रदान गर्ने | | 5 | 5 | 5 | 5 | 5 | | |
| २१ | बिशेष शिक्षाका बिद्यालयहरूमा कार्यरत शिक्षकहरू र बिशेष शिक्षाका स्रोतकक्षाहरू सन्चालन गर्ने स्रोत शिक्षकहरूलाई तालिम प्रदान गर्ने | | 0 | 0 | 0 | 0 | 0 | | |
| २२ | बिशेष शिक्षाका बिद्यालयहरूमा कार्यरत शिक्षकहरू र बिशेष शिक्षाका स्रोतकक्षाहरू सन्चालन गर्ने स्रोत शिक्षकहरूलाई तालिम प्रदान गर्ने | | 0 | 0 | 0 | 0 | 0 | | |

### ४.३ शैक्षिक समता र समावेशीकरण

#### परिचय

धोबीनी गाउँपालिका सामाजिक, आर्थिक, सास्कृतिक विविधता भएको स्थानीय तह हो । यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरूको बसोवास छ । अन्य चौहान, तेलि र यादवको मुख्य रुपमा बसोवासको बाहुल्यता रहेको यस क्षेत्रमा जनजाति, मुस्लमान तथा दलित समुदाय छन् । साक्षरताका आधारमा हेर्दा पुरुषको भन्दा महिलाको २१.७ प्रतिशत कम रहेको छ।

#### ४.३.१ वर्तमान अवस्था

यस पालिकामा लैङ्गिक अनुपात १०८.००(पुरुष प्रति १०० महिला) प्रतिशत रहेको छ । नगर कार्यपालिका ,वडा समिति ,नगर शिक्षा समितिशिक्षक ,विद्यालय व्यवस्थापन समिति , सङ्ध संस्थामा महिला र सामाजिक परीक्षण समिति आदि तथा विभिन्न ,अभिभावक संघ दलितको सहभागितात्मक उपस्थिति उल्लेख्य रहेको छ ।

शैक्षिक समता र समावेशीकरण सम्बन्धमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ -

१. लैङ्गिक मूलप्रवाहीकरणमा महिलाको सहभागिता सुनिस्चित गर्नु ।
२. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्ने ।
३. लक्षित समूहको शिक्षामा समतामूलक पहुँच पुऱ्याउने ।
४. विद्यालयमा विभेदरहित बालमैत्री बनाउने ।

#### ४.३.२ उद्देश्यहरू

१. शिक्षाको मूल धारबाट वञ्चित रहेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याई गुणस्तर सुनिश्चित गर्ने ।
२. शैक्षिक सुशासन कायम गर्ने ।
३. विद्यालयलाई लैङ्गिकमैत्रीअपाङ्गतामैत्री तथा बालमैत्री बनाउने , ।

#### ४.३.३ रणनीतिहरू

१. विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरि सोअनुसार प्रबन्ध मिलाइने छ ।
२. विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरिने छ ।

३. आवासीय विद्यालय मार्फत आवश्यकतानुसार पोशाक, स्टेसनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने छ ।
४. विभेदरहित बालमैत्री वातावरण सिर्जना गरिने छ ।
५. आधारभूत तहमा मातृभाषामा सिकाइको अवसर प्रदान गरिनेछ ।
६. लैङ्गिकमैत्रीअपाङ्गतामैत्री तथा बालमैत्री भौतिक संरचना निर्माण गर्ने , ।
७. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने छ ।
८. हरेक कार्यालय तथा विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति व्यवस्था गर्ने ।

### ४.४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क (अपेक्षित उपलब्धि**

१. विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरि सबै बालबालिकाहरूलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्ने ।
२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरि गुणस्तर सुधार हुने ।
३. विद्यालयमा भेदभाव रहित बालमैत्री वातावरण सिर्जना हुने ।
४. विद्यालयहरूमा अपाङ्गतामैत्री र लैङ्गिकमैत्री वातावरण सिर्जना हुने ।
५. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने ।
६. मातृभाषामा सिकाइको अवसर प्रदान गरिने ।

**ख नतिजा (**

| क्र.स. | शिक्षामा समता र समाबेशीकरण | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | 97 | 97 | 85 | 71 | 57 | 42 |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक% | 1.08 | 1.08 | 1.08 | 1.08 | 1.08 | 1.08 |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक% | 1.28 | 1.28 | 1.28 | 1.28 | 1.28 | 1.28 |

### ४.४.५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पाँच बर्ष) | | | | | | भौतिक लक्ष्य ( १० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | स्थानीय तहका स्वास्थ्य शाखाकेन्द्रहरू सँग / समन्वय गरी शैक्षिक सत्रको शुरूमाECD देखि आधारभूत तहसम्मका बिद्यार्थीहरुको अपाङ्गतासम्बन्धी स्वास्थ्य जांच र परीक्षण गरी निदान गर्न बजेट अनुदान | | 7248 | 6941 | 731<br>7 | 776<br>9 | 8354 | | |
| २ | बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि बिशेष शिक्षा प्रदान गर्न बिशेष बिद्यालय निर्माणका लागि बजेट अनुदान | | 2 | 2 | 2 | 4 | 4 | | |
| ३ | श्रवणबहिरा/, बोलाई कठिनाई भएका र बौद्धिक अपाङ्गता भएका बालबालिकाकालाई बिशेष शिक्षा प्रदान गर्नका लागि साथै आवास सुबिधा सहित भएका बिद्यालयहरुलाई | | 41 | 41 | 41 | 41 | 41 | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बजेट अनुदान | | | | | | | | |
| ४ | बिशेष शिक्षा परिषदबाट सहयोग प्राप्त भई सन्चालित बिशेष बिद्यालयहरुमा शिक्षण सिकाई सामग्री बितरण बापतको बजेट अनुदान | | 41 | 41 | 41 | 41 | 41 | | |
| ५ | बिशेष शिक्षा अन्तगतका स्रोत कक्षाहरू सन्चालन र व्यवस्थापन बापतको बजेट अनुदान | | 0 | 0 | 0 | 0 | 0 | | |
| ६ | श्रवणबहिरा र बौद्धिक / अपाङ्गता भएका बालबालिकाका लागि साथै अन्य प्रकारका अपाङ्गता भएका बालबालिकाका लागि शिक्षण सिकाई सामग्री, ब्रेल किताब, श्रवण सामग्री र थप सामग्रीहरु बितरणका लागि बजेट अनुदान | | 1 | 1 | 1 | 1 | 1 | | |
| ७ | पालिकाहरुकालाई बिशेष शिक्षा र अन्तरगतका छात्रबास सुबिधा, छात्रवृत्ति र तथ्याँक प्रमाणिकरणका लागि बजेट अनुदान | | 1 | 1 | 1 | 1 | 1 | | |

## ४.४. बिधालय पोषण तथा स्वास्थ्य कार्यक्रम

**परिचय**

नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाका छानिएका प्राथमिक विद्यालयमा विश्व खाजा कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो । आर्थिक वर्ष २०८०का सबै ५ मा सामुदायिक विद्यालयमा पूर्वप्राथमिकदेखि कक्षा २०८१/ विद्यार्थीलाई दिवाखाजाको व्यवस्था गरीएको छ । नेपाल सरकारले दिवा खाजामा विगत केही वर्षदेखि लगानी विस्तार गर्दै आई आर्थिक वर्ष २०८०अरब पुगेको ८ मा यो लगानी करिब २०८१/ छ । नेपालको हाल कार्यान्वयनमा रहेको पन्ध्रौं तथा सोह्रौ योजनालगायत शिक्षा क्षेत्रका मुख्य रणनीतिक दस्तावेजहरूमा दिवा खाजालाई स्वास्थ्य, प्राथमिकता दिइएको छ भने विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवा खाजाले महत्वपूर्ण योगदान दिएको छ ।

**विद्यालय स्वास्थ्य र पोषण**

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ । वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधिकिशोरीका लागि फोलिक एसिड तथ ,ा आइरन चक्की वितरण कार्यक्रम स्वास्थ्य क्षेत्रबाट सञ्चालन हुने गर्दछन् ।

**सरसफाइ तथा स्वच्छता**

विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने स्पष्ट छ । यसले बालबालिकाको भावी जीवनका लागि सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नाका साथै परिवार तथा समुदायमा पनि यसले सकारात्मक घर कोठाको प्रबन्ध नै छैन भने भएकाहरूमध्ये कतिपयको सरसफाइ र स्वच्छतामा सुधार आवश्यक छ । विपद तथा जोखिम व्यवस्थापनको तयारीका केही कार्य भए पनि यसमा विपद,जोखिम तथा महामारी समावेश गरि थप सुधार गर्नु आवश्यक छ ।

### ४.४.१ वर्तमान अवस्था

नेपाल सरकारबाट विद्यलय दिवा खाजा कार्यक्रम लागू हुनु पुर्व स्थानीय तहको संरचना वने पश्चात यस पालिकाले विधालयहरुमा संचालन रहेका प्रारम्भिक बालविकास ३४ वटा कक्षाहरुमा "धोबीनी गाउँपालिकाले खाजा खुवाऔ, अभिभावकले नानीबाबुलाई विद्यालय पठाऔँकार्यक्रम "

लन गर्नु पर्छसञ्चा । जसले गर्दा बालविकास शिक्षामा बालबालिकाको उल्लेखनिय सहभागिता हुनुका साथै समुदायको पनि सक्रिय सहभागिता रहनेछ । आदेखि नेपाल सरकारले ०७७/२०७६ .व. त्विद्यालय दिवा खाजा कार्यक्रम शुरु गरे पश्चा यस पालिकाका दिवा खाजा सम्वन्धी व्यवस्थापन गर्ने प्रयास गरिएकोछ । कार्यक्रम संचालन गरेको भएता पनि ववा आमा .स.व्य. समुह गठन हुन नसकि जाहिएको जति पूर्णरुपमा विगतका वर्षमा प्रत्येक विधालयहरुमा खाजा संचालन कार्यक्रम गर्न सकिएको छैन ।

सामुदायिक विद्यालयमा छात्रा शौचालय भएका विद्यालयहरु ... र महिला शिक्षक शौचालय ... वटा छन् । खानेपानीको आफ्नै श्रोत ट्यूवेल भएका सम्पूर्ण विद्यालयहरु रहेका छन् । विपद तथा जोखिम व्यवस्थापनको तयारीका लागि स्थनीय पाठ्यक्रम मार्फत प्रारम्भिक कक्षा देखि नै विषयवस्तु समावेश गरिएको छ ।

दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम निम्नलिखित चुनौतीहरू पहिचान गरीएको छ -

१. दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताका प्रभावकारितालाई व्यवस्थित गर्ने ।
२. सबै विद्यालयमा स्वास्थ्य कर्मीको व्यवस्था गर्ने ।
३. विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्ने ।
४. सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नु ।
५. विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्ने ।
६. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरि कार्यान्वयन गर्ने ।

### ४.४.२ उद्देश्य

१. प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु ।
२. विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु ।
३. सरोकारवालाहरूको समन्वय तथा सहभागितामा सुदृढ गरी बालबालिकाको पोषण,स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

### ४४..३ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरीनेछ -

१. शिक्षास्वास्थ्य र कृषि क्षेत्रलाई समेत समेटी गरी विद्यालय स्वास्थ्य तथा पोषण , रणनिति तयार गरिने ।
२. बालबालिकाको लागि विद्यालयमा नै सफा ताजा र पोषिलो खाजा तयार गरी समूहमा हात धुने बानी विस्तार गरिनेछ ।
३. सवै विद्यालयमा user manual समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्रथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरिएको हुने ।
४. अभिभावक आमा समूह मार्फत सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने ।
५. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरि कार्यान्वयन गर्ने ।

### ४.४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क (अपेक्षित उपलब्धि**

१. विद्यालय दिवा खाजा कर्यविधि २०७७ अद्यावधिक तथा थप प्रभावकारिताका साथ, कार्यान्वयन भएको हुने ।
२. सबै माध्यमिक विद्यालयमा एक विद्यालय एक स्वास्थकर्मी परिचालन हुने ।
३. सवै विद्यालयमा User Manual समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्राथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरीएको हुने ।
४. स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा सम्बन्धी विषय समावेश हुने ।
५. सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास भएको हुने ।
६. स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा सुनिश्चितता हुने ।

**ख प्रमुख नतिजाहरू (**

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरका बालबालिका (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्ष | ECD-५ | ECD-५ | ECD-५ | ECD-५ | ECD-५ | ECD-५ |
| ४ | वार्षिकरूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्नेविद्यालयको सङ्ख्या | ० | ० | १८ | १८ | १८ | १८ |
| ५ | खाने पानी, शौचालय र प्राथमिक स्वास्थ्य से वाको पहुच पुगेका विद्यालय सङ्ख्या | ८ | ८ | ५ | १० | १५ | १८ |
| 6 | नर्सिङ् से वा तथा सुबिधा पुगेको विद्यालय सङ्ख्या | ० | ० | १ | १ | ० | ० |

### ४.४.५ प्रमुख कृयाकलापहरु तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | भौतिक लक्ष्य (वर्ष १०) |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | विद्यालय दिवा खाजा कार्यविधि निर्माण र परिमार्जन | पटक | ० | १ | ० | ० | ० | २ |
| २ | माध्यमिक विद्यालय एक स्वास्थकर्मि | संख्या | ० | ० | २ | ० | २ | ३ |
| ३ | सबै विद्यालयमा प्राथमिक उपचार बाकस वितरण | पटक | ० | ० | १ | ० | ० | २ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा | पटक | ० | ० | १ | ० | ० | १ |
| ५ | सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास | संख्या | ० | ३ | ३ | ३ | ३ | १८ |
| ६ | स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा | निरन्तर | १८ | १८ | १८ | १८ | १८ | १८ |
| ७ | विद्यालयमा पोषण कर्नर निर्माण | निरन्तर | ० | ० | २ | २ | २ | १८ |
| ८ | अभिभावक आमा समूह बैठक | पटक | १ | १ | १ | १ | १ | १ |

## ४.५ बिद्यालय सुरक्षा विपद्न्युनिकरण तथा उत्थानशिलता

### परिचय

विपद को अबस्थामा परिस्थितिजन्य शिक्षा भन्नाले युद्ध, द्वन्द्व, महामारी तथा प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई लिने गरिन्छ । यसको मुख्य उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिकालगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई शुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । यस अवधारणाअन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने आपतकाल पश्चात् क्षतिको आपूरण गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ ।

आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरीएपछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो । अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न राष्ट्रहरूले आआफ्नो नीति-, कानुन तथा योजनाहरूमा परिस्थितिजन्य शिक्षा आपतकालीन तथा ) लाई समावेश गर्ने गरेका छन् (संकटपूर्ण अवस्थामा शिक्षा । विशेषतलामो द्वन्दको परिवेशमा : शिक्षा क्षेत्ररमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिडलगायतका महामारीहरूका प्रभावका १९-

कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस शिक्षा क्षेत्रको योजना मा  यस पालिकाले आगामी १० वर्षका लागि नीति तथा कार्यक्रमिक प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ ।

यस खण्डमा मूलत तीन प्रकारका आपतकालीन अवस्थाहरू समावेश गरिएको छ :-

क) प्राकृतिक प्रकोपभूकम्प :, बाढीपहिरो, हावाहुरी, हिमपहिरो, आगोलागी, चट्याङ, खडेरी, दुर्घटना, आदि ।

ख) महामारीझाडापखाला :, कालाज्वर, हैजा, भाइरल ज्वरो, डेङ्गुटाइफाइड ,, हेपाटाइटिस, बर्डफ्लू, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लूकोभिड आदि सरूवा रोगहरू , ।

ग) युद्ध, द्वन्द्व, विस्थापनद्वन्द्व तथा साम्प्रदायिक आन्तरिक तथा बाह्य युद्ध एवम् :, धार्मिक, राजनीतिक आदि द्वन्द्व, युद्ध, शोषण, दुराचार तथा अन्य कारणले नागरीकहरूको विस्थापन, आन्तरिक तथा बाह्य स्थानान्तरणका कारण बालबालिकाले शिक्षा प्राप्त गर्ने अधिकारलाई शुरक्षित राख्ने ।

### ४.५.१ वर्तमान अवस्था

नेपालको संविधान २०७२ले अनिवार्य तथा निःशुल्क आधारभूत , शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०) र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली (२०७५)७७ ( ले छात्रवृत्ति, दिवाखाजा, सुविधा विहिनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षासहित कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ ।

यस पालिकामा पनि विभिन्न समयमा विपद तथा संकट आइपर्दछन् यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन तथा विपद तथा संकटको घडिमा पनि विचलित नभइ सो को व्यवस्थापन र न्यूनीकरण गर्न योजनाबद्ध रुपमा शिक्षा प्रदान गरीदै आएको छ जस्तै कोभिडका कारणबाट अस्त व्यस्त भएको शैक्षिक सत्र २०७७ लाई विद्यालय ब्यवस्थापन समितिको संयुक्त सहयोगमा फोन तथा  टोल सिकाइ योजना बनाएर बालबालिकाको सिक्ने अधिकारलाई सुनिश्चित गरी सिकाइलाई निरन्तरता दिएको सर्वविविदै छ । स्थानीय पाठ्यक्रमको तल्लो कक्षा देखिनै विपद जोखिम न्युनीकरणका विषयवस्तु समावेश गरिनु पर्ने छ ।

**परिस्थितिजन्य शिक्षाका चुनौतीहरू -**

१. आपतकालीन अवस्थाको शिक्षालाई छुट्टै विधाको रूपमा सम्बोधन गर्ने ।

२. प्रकोप र सोको जोखिमको विषयमा सावधानी अपनाउनु ।
३. संकटको क्षेत्र पहिचान गर्नु ।
४. क्षेत्र पहिचान गरी योजना निर्माण गर्नु ।
५. योजना निर्माणको प्रक्रिया र सहभागिता ।

### ४.५.२ उद्देश्यहरू

१. सङ्कटको सम्भावित जोखिम पहिचान गरी शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने ।
२. सूचना तथा संञ्चार प्रविधिको विकास गर्ने ।

### ४.५.३ रणनीतिहरू

१. स्थानीय सरकारले संकटको पहिचान मूल्याङ्कन का आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत योजना र विद्यालयहरूले आ आफ्ना विद्यालयको योजना-तयार गर्ने छन् ।
२. विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापन गरिने छ ।
३. विद्यार्थी, शिक्षक ,अभिभावकलाई प्रकोप रोकथामर पुनर्स्थापनाका लागि क्षमता विकास , गरिनेछ ।
४. विपद्मा सेवा प्रवाहको संयन्त्र विकास गरिनेछ ।
५. विद्यालय शान्ति क्षेत्र कायम गरी यसप्रति सरोकारवाला लाई जिम्मेवार बनाइनेछ ।

### ४.५.४ उपलब्धि प्रमुख क्रियाकलाप तथा लक्ष्य ,नतिजा ,

**क (अपेक्षित उपलब्धि**

१. विद्यालयमा प्रकोप व्यवस्थापनका लागि पूर्वतयारीको योजना तथा क्षमता विकास हुने ।
२. स्रोतको व्यवस्थापनसहित विद्यालय तथा शिक्षा प्रणाली सक्रिय हुने ।
३. महामारीको समयमा स्वास्थ्य मापदण्ड तथा उपचारसहित सिकाइ निरन्तरता हुने ।

**खनतिजा (**

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभू त जीवन-सिपसहित कोभिड जस्ता महामारी तथा विपत् जोखिम | १ | १ | १ | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | न्यूनीकरणसम्बन्धी अभिमखुीकरण कार्यक्र म सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | | | | | | |
| २ | हरित विद्यालय सङ्ख्या | ० | ० | ३ | ३ | ३ | ३ |
| ३ | जलवायुपरिवर्तन तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्र म कार्यान्वयन गर्नेविद्यालय सङ्ख्या | ० | ० | ३ | ३ | ३ | ३ |

### ४.५.५. प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | भौतिक लक्ष्य (वर्ष १०) |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | सुरक्षित शिक्षण सिकाइ सहजीकरण योजना | आवस्य कतानुसार | ० | १ | ० | ० | ० | २ |
| २ | स्वास्थ्य सुरक्षा सामग्री वितरण | विद्यालय | १८ | १८ | १८ | १८ | १८ | १८ |
| ३ | मापदण्ड अनुसारको भौतिक पूर्वाधार | निरन्तर | ३ | ३ | ४ | ४ | २ | १ |
| ४ | समुदायमा सूचना तथा सञ्चार प्रविधिको विस्तार | प्रतिशत | ८ | १० | १२ | १४ | १६ | १८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास | संख्या | १८ | १८ | १८ | १८ | १८ | १८ |
| ६ | User manual सहितको प्राथमिक उपचार बाकस | विद्यालय | १८ | १८ | १८ | १८ | १८ | १८ |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

**परिचय**

शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ० वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी ७५. वर्गमिटर बराबरको क्षेत्रफल तोकिएको छ ००.१ । बालबालिका विद्यालयमा भर्ना हुनका लागि शुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई शुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ ।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

### ४.६.१ वर्तमान अवस्था

यस पालिकामा कूल १८ सामुदायिक, विद्यालय छन् । सामुदायिक विद्यालय तर्फ २८ पक्की भवन भवन रहेकोछ जसमा साममुदायिक तर्फ १४४ वटा कक्षाकोठा पक्की छन् यसरी हेर्दा विद्यालयमा पक्की संरचना कम देखिन्छ । सामुदायिक विद्यालयमा छात्रा शौचालय भएका विद्यालयहरु १४ छात्र शौचालय , ४ शिक्षक शौचालय । खानेपानीको आफ्नै श्रोत ट्यूवेल भएका विद्यालय १८ रहेका छन । विपद तथा जोखिम व्यवस्थापनको तयारीका लागि स्थनीय पाठ्यक्रम मार्फत प्रारम्भिक कक्षा देखि नै विषयवस्तु समावेश गरिएको छ । पालिका भरमा २ वटा

विद्यालयमा विज्ञान प्रयोगशाला,३ विद्यालयमा कम्प्युटर प्रयोगशाला र १० वटा विद्यालयमा इन्टरनेट पुगेको छ ।

विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित चुनौतीहरू रहेका देखिन्छन् -

१. भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको भूमिका ।
२. पूर्वाधार विकास कालाई गुणस्तरीय पारदर्शी एवं जवाफदेही बनाउनु ।
३. शुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको गुरु योजना विकास गर्नु ।
४. आवश्यक स्रोतको व्यवस्थापन गर्नु ।
५. पूर्वाधारहरूलाई बालमैत्रीअपाङ्गता र लैङ्गिक मैत्री बनाउनु , ।

### ४.६.२ उद्देश्य

१. शुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु ।
२. पूर्वाधारहरूलाई पारदर्शी एवं जवाफदेहीताका आधारमा बालमैत्रीअपङ्गता र लैङ्गिकमैत्री , बनाउने ।

### ४.६.३ रणनीतिहरू

१. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ ।
२. विद्यालय पूर्वाधार विकासका लागि विभिन्न संघसंस्था एवं सरोकारवालाहरूसँग लागत साझेदारी गरिनेछ ।
३. विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय , भान्सा वा खाजा घरलगायत सबैको योजना समावेश गरी डिजायन गरिनेछ ।
४. प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नती गरिनेछ ।
५. पूर्वाधार निर्माणसँगै शुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गरीने छ ।
६. पूर्वाधार विकासकालागि विद्यालयको भौतिक सूचक तयार गरिनेछ ।
७. आंसिक रुपमा क्षति भएका विद्यालका संरचनाको मर्मत सम्भार गरिनेछ ।

### ४.६.४ उपलब्धिनतिजा तथा प्रमुख क्रियाकलापहरु , तथा लक्ष्य

**क (अपेक्षित उपलब्धि**

१. माग र  आवश्यकताका आधारमा विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको  १० वर्षे गुरु योजना तयार हुने ।
२. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी  सङ्ख्याको  आधारमा मापदण्ड विकास गरिनेछ ।
३. पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको विन्याससहित कार्यान्वयन प्रारूप विकास हुने ।
४. पालिकाका सबै विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने ।
५. पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार हुने ।
६. विद्यालयमा अपाङ्गमैत्री बालमैत्री तथा लैङ्गिक ,मैत्री भौतिक पूर्वाधार हुने ।

**ख) नतिजा**

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | १० | १० | १२ | १४ | १६ | १८ |
| २ | नयाँनिर्माण गर्नुपगर्नुर्ने कक्षाकोठा सङ्ख्या | ५० | ५० | १० | १० | ५ | ५ |
| ३ | सवलीकरण गर्नुपगर्नुर्ने कक्षाकोठा सङ्ख्या | २५ | २५ | १० | ५ | ५ | ५ |
| ४ | नयाँ निर्माण गर्नुपगर्नुर्ने शौचालय सङ्ख्या | १० | १० | ८ | ६ | ४ | ४ |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका | ५ | ५ | २ | २ | २ | २ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | लागि कार्य गर्नुपगर्नुर्ने विद्यालय सङ्ख्या | | | | | | |

### ४.६.५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | भौतिक लक्ष्य (वर्ष १०) |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | विद्यालय भवन निर्माण | सङ्ख्या | 5 | 10 | 12 | 20 | 15 | 100 |
| २ | विद्यालयहरूको सबलीकरण | % | 10 | 15 | 20 | 20 | 35 | 100 |
| ३ | विद्यालयहरूमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापनसमेत | विद्यालय सङ्ख्या | 3 | 4 | 5 | 2 | 2 | 18 |
| ४ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय सङ्ख्या | 3 | 4 | 5 | 2 | 2 | 18 |
| ५ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | विद्यालय सङ्ख्या | 3 | 4 | 5 | 2 | 2 | 18 |
| ६ | अपाङ्ता मैत्री संरचना निर्माण | विद्यालय सङ्ख्या | 0 | 1 | 1 | 1 | 1 | 4 |
| ७ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी रूजुसूची भर्ने | सङ्ख्या | 0 | 0 | 20 | 0 | 0 | 20 |

## ४.७ विद्यालयमा सुचना तथा संचार प्रबिधि

### परिचय

सूचना प्रविधि भन्नाले ध्वनी, तस्विर, अक्षर तथ्यांकको रुपमा सूचनाहरुलाई विद्युतीय यन्त्रहरु कम्प्युटर तथा दुरसञ्चारको प्रविधिको प्रयोग गरि भण्डारण, सम्पादन, सम्प्रेषण संग्रह र प्रवाहलाई चिनिन्छ । २१ औ शताव्दीको युग सूचना र प्रविधिको युगमा परिभाषित भइसकेको छ । अबको शिक्षा विश्वव्यापिकरण, प्रतिस्पर्धात्मक तथा आधुनिकताले भरिपूर्ण हुन जरुरी छ । विश्वका शक्तिशाली राष्ट्रहरु विश्व बजारमा आफ्नो मानव संसाधनलाई कसरी शुरक्षित राख्ने र आफ्नो प्रविधिलाई कसरी विश्व बजारसामू अग्रपंक्तिमा पुर्याउने भन्ने होडमा रहेका छन् ।

हालको कोभिडको विष १९-म परिस्थितिमा सूचना प्रविधिको महत्व अझ बढेको छ । नेपाल सरकार शिक्षा मन्त्रालयले मिति २०७७मा जारी गरेको वैकल्पिक प्रणालीबाट १८/०२/ विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड-वा यस्तै प्रकारको विपद् वा महामारी जस् १९ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, टेलिभिजन, अनलाइन, अफलाइन, परियोजना पाठहरु, स्वअध्ययन, दुर तथा खुल्ला शिक्षालगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन अध्यापन सुचारु राख्ने विधि र प्रक्रियालाई सम्झनु पर्दछ। यस निर्देशिकाले पनि सूचना प्रविधिलाई विशेष जोड दिएको छ । वैकल्पिक प्रणालीबाट सिकाइ गर्न सूचना प्रविधिको अहम भूमिका रहेको होला ।

शिक्षाको राष्ट्रिय नीति २०७६ को ४८ मा सूचना तथा संचार प्रविधिलाई शिक्षा प्रणालीको अंगको रुपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने नीति ल्याइएको छ ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढावा दिनु पर्दछ ।

### ४.७.१ वर्तमान अवस्था

यस पालिकाको१८ वटा विद्यालयहरुमा विद्युतको पहुँच छ भने विज्ञान प्रयोगशाला २ , कम्प्युटर प्रयोगशाला ३, तथा इन्टरनेट सुविधा भएका विद्यालयहरु १० वटा रहेका छन् । शिक्षकहरु प्रविधिको पहुँच भन्दा टाढा रहेको देखिन्छ ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ -

१. सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गर्न ।
२. विस्तार गरिएका पुस्तकालयलाई ईपुस्तकालयको रुपमा कार्यान्वयन गर्न र थप - पुस्तकालयको व्यवस्थापन प्रत्येक विधालयमा गर्न ।
३. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि एकीकृत प्रणालीको विकास गर्न ।
४. प्रविधिसम्बन्धी उपकरणको व्यवस्था त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्न ।
५. सबै विद्यालयलाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्न ।
६. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत तथ्याङ्क अद्यावधिक गर्न ।
७. स्थानीय स्तरमा अडियो भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालन गर्न सरोकारवालको सक्रियाता बढाउने ।

### ४.७.२ उद्देश्यहरू

१. विद्यालय शिक्षालाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने ।
२. अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने ।
३. विद्यालयको व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने ।

### ४.७.३ रणनीतिहरू

१. सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गरी उपकरणको प्रवन्ध गरिने ।
२. शिक्षकहरूको क्षमता विकास गरी स्वयम् सेवक  शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य गरिनेछ ।
३. विभिन्न कक्षा र विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास गरीनेछ ।
४. सबै विद्यालयहरूमा सिक्यामरा तथा विद्युतीय हाजिरी जडान गरिनेछ .सि. ।
५. सूचना तथा सञ्चार प्रविधमा आधारित अनुगमन तथा मूल्याङ्कन पद्दतिको विकास गरिनेछ ।

६. अपाङ्गता भएका व्यक्तिहरूलगायत सबैमा सूचना तथा सञ्चार प्रविधमा आधारित शिक्षामा पहुँच पुऱ्याउने ।
७. विद्यालयको समग्र व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने ।
८. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई मासिक रुपमा अद्यावधिक गरिनेछ ।
९. विद्युतीय पुस्तकालय लाई वार्षिक रुपमा अद्यावधिक गरिनेछ ।
१०. सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको विकास गरिनेछ ।

### ४.७.४ नतिजा, क्रियाकलाप तथा लक्ष्य

**क (अपेक्षित उपलब्धि**

१. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि अगुवा विद्यालय विकास गरि एक पूर्णकालीन ICT शिक्षक व्यवस्थापन डिजिटल ल्याव स्थापना र , लन हुनेसञ्चा ।
२. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने ।
३. स्थानीय स्तरमा अडियो भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालन का लागि प्रत्येक विद्यार्थीको हातमा भिडियो प्लेयर वा Android फोन का साथै पेनड्राइभ हुने ।
४. विद्यालयको तथ्याङ्क पद्धति पूर्ण पेपर लेस हुने ।
५. प्रत्येक वडामा एक फ्रि वाईफई चौतारी निर्माण गर्ने- ।
६. शिक्षकहरूको क्षमता विकास गरी स्वयम्सेवक शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य गरिनेछ ।
७. सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको प्रयोगमा विस्तार हुने ।
८. सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने ।

**ग) नतिजा**

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | Internet connectivity भएका विद्यालयको सँख्या | ३ | ३ | ३ | ३ | सबै | सबै |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग | ३ | ३ | ३ | ३ | सबै | सबै |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | भएका विद्यालय सँख्या | | | | | | |
| ३ | मुख्य विषयहरूमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ३ | ३ | ३ | ३ | सबै | सबै |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | ३ | ३ | ३ | ३ | सबै | सबै |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय सँख्या | ३ | ३ | ३ | ३ | सबै | सबै |
| ६ | पूर्णकालीन ICT शिक्षक व्यवस्थापन, डिजिटल ल्याव स्थापना | ४३ | ४३ | ४३ | ४३ | ४३ | १८ |
| ७ | सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको प्रयोग | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ८ | IEMIS व्यवस्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

### ४.७.५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | भौतिक लक्ष्य (वर्ष १०) |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार | संख्या | 5 | 10 | 12 | 20 | 15 | 100 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | पूर्णकालीन ICT शिक्षक व्यवस्थापन ,डिजिटल ल्याव स्थापना | संख्या | 10 | 15 | 20 | 20 | 35 | 100 |
| ३ | कक्षाकोठामा प्रविधिको प्रयोग | संख्या | 3 | 4 | 5 | 2 | 2 | 18 |
| ४ | ईपुस्तकालय- आद्यावधिक र विस्तार | संख्या | 3 | 4 | 5 | 2 | 2 | 18 |
| ५ | विद्यार्थीको हातमा भिडियो प्लेयर वा Android फोन का साथै पेनड्राइभको पहुच | प्रतिशत | 3 | 4 | 5 | 2 | 2 | 18 |
| ६ | तथ्याङ्क पद्धति पूर्ण पेपर लेस | संख्या | 0 | 1 | 1 | 1 | 1 | 8 |
| ७ | फ्रि वाईफाई चौतारी- | संख्या | 0 | 0 | 20 | 0 | 0 | 20 |
| ८ | शिक्षकहरूको क्षमता विकास | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ९ | सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको प्रयोग | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १० | सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

## परिच्छेद ५: योजनाको नतिजा खाका (अन्य उपक्षेत्र)

### परिचय

धोबीनी गाउँपालिकाले निर्माण गरेको शिक्षा क्षेत्रको योजनाले लिएको दूरदृष्टि, दीर्घकालीन सोच, उद्देश्य तथा रणनीतिहरूका आधारमा योजनाको प्रभाव वा गन्तव्य पहिचान गरेको छ । यस योजनामा गन्तव्यमा पुग्नका लागि आवश्यक उपलब्धि तथा यसका सूचकहरू निर्धारण गरी पहिलो पाँच वर्षका लागि प्रत्येक वर्षको नतिजा आकलन गरीएको छ भने दश वर्षमा हुने

नतिजाको पनि प्रक्षेपण गरीएको छ। नतिजा खाकामा उपलब्धि, उपलब्धि सूचकहरू तथा तिनको सङ्ख्यात्मक मान, सूचना प्राप्त हुने स्रोत तथा जिम्मेवारी समेत उल्लेख गरिएको छ ।

नतिजा खाका आवधिक योजनाको उपलब्धि मापन गर्ने सङ्ख्यात्मक साधन हो । जसबाट योजनाका समग्र तथा उपक्षेत्रगत उपलब्धि मापन गर्न सकिन्छ । यसले वार्षिक योजना निर्माणका लागि आधार सिर्जना गर्नका साथै अनुगमन तथा मूल्याङ्कनको मापदण्ड निर्धारण गर्न सहयोग गर्दछ । यसबाट योजनाका अपेक्षित उपलब्धिका लागि पृष्ठपोषण प्राप्त भई नतिजा प्राप्तिलाई सहयोग पुग्दछ । नतिजा खाकाले विद्यालय तथा समस्त विद्यालय शिक्षा प्रणालीलाई नतिजाप्रति जवाफदेही बनाउन सहयोग गर्दछ ।

यस परिच्छेदमा योजनाको समग्र खाकाअन्तर्गत अपेक्षित प्रभावको आँकलन, उपलब्धिहरू तथा उपलब्धिका सूचकहरू समावेश गरीएको छ । त्यसै गरी यसमा मुख्य कार्यसम्पादन सूचकहरू तथा कार्यक्रम नतिजा ढाँचा पनि प्रस्तुत गरिएको छ।

### ५.१ योजनाको समग्र नतिजा खाका

यस शिक्षा क्षेत्रको योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजा खाका अन्तर्गत देशको आर्थिक तथा सामाजिक विकासमा यसको प्रभाव वा गन्तव्य उल्लेख गरिएको छ । त्यसै गरी योजनाको तत्कालीनध्यकालीन र दीर्घकालीन तथा उपलब्धिहरू उल्लेख गरीएको छ , भने उपलब्धिका नतिजाका सूचकहरू तथा नतिजा सत्यापनका स्रोत तथा तरिकाहरू पनि उल्लेख गरिएको छ । यस पछिका दुई तालिकामा ७ तालिका).१ र ७नतिजाका प्रमुख (२. सूचकहरूका मुख्य कार्यसम्पादन सूचकहरू र कार्यक्रम नतिजा सूचकहरू समावेश गरिएको छ ।

तत्कालीन उपलब्धि

**तालिका ५१..१ योजनाको समग्र नतिजानतिजा खाका अपेक्षित , प्रभाव तथा उपलब्धिहरू**

| क्र.सं. | उपलब्धि | नतिजा सूचक | स्रोत तथा तरिका |
|---|---|---|---|
| १ | निशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको पूर्ण कार्यान्वयन | • प्रमुख कार्य सम्पादन सूचकहरु, • कार्यक्रम नतिजा सूचकहरु | • एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली, • वार्षिक स्थिति, अनुगमन, प्रगति प्रतिवेदन, |
| २ | पोषणयुक्त दिवा खाजा | | |
| ३ | धुम्ती पुस्तकालय सञ्चालन | | |
| ४ | स्थानीय पाठ्यक्रम कार्यान्वयन | | |
| ५ | निरक्षरहरुको विवरण संकलन | | |
| ६ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास | | |

| | | | |
|---|---|---|---|
| ७ | विद्यालयको मर्मत सम्भार | | • वार्षिक परीक्षको नतिजा विष्लेषण |
| ७ | ईपुस्तकालय- अद्यावधिक र विस्तार | | |

**मध्यकालीन उपलब्धि**

| क्र.सं. | उपलब्धि | नतिजा सूचक | स्रोत तथा तरिका |
|---|---|---|---|
| १ | स्नातक तहको अध्ययन | • प्रमुख कार्य सम्पादन सूचकहरु,<br>• कार्यक्रम नतिजा सूचकहरु | • एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली,<br>• वार्षिक स्थिति, अनुगमन, प्रगति प्रतिवेदन,<br>• वार्षिक परीक्षको नतिजा विष्लेषण |
| २ | प्राविधिक धारको स्तर उन्नती | | |
| ३ | स्वयम् सेवक शिक्षक तयारी | | |
| ४ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | | |
| ५ | वर्गीय आधारमा छात्रवृत्ति वितरण | | |
| ६ | आवासीय विद्यालय मार्फत छात्रवृत्ति | | |
| ७ | User Manual समेतको प्राथमिक उपचार बाकस | | |
| ८ | विद्यालयमा सूचना तथा सत्र्चार प्रविधिको विकास | | |

**दीर्घकालीन उपलब्धि**

| क्र.सं. | उवपलब्धि | नतिजा सूचक | स्रोत तथा तरिका |
|---|---|---|---|
| १ | सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गरीने। | • प्रमुख कार्य सम्पादन सूचकहरु<br>• कार्यक्रम नतिजा सूचकहरु | • एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली<br>• वार्षिक स्थिति प्रतिवेदन<br>• वार्षिक अनुगमन प्रतिवेदन<br>• विभिन्न तहमा वार्षिक प्रगति |
| २ | अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधियुक्त पहुँच ,सहभागिता र गुणस्तर अभिवृद्धि हुने। | | |
| ३ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने। | | |
| ४ | शुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर हुने। | | |
| ५ | विद्यालय तहमा रहेको आधारभूत तहको स्थानीय | | |

| | | | |
|---|---|---|---|
| | पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान ,सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरीक तयार गर्न सहयोग हुने। | | प्रतिवेदन<br>• वार्षिक परीक्षको नतिजा विष्लेषण |
| ६ | प्रविधिमैत्रीक्षमतावान् र सक्षम , शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने। | | |
| ७ | सबै नागरीकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने। | | |
| ८ | विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा निश्चित हुने। | | |
| ९ | विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, स्वच्छ खानेपानी तथा सरसफाइ प्रति सचेत हुने। | | |
| १० | आर्थिक अभावका कारणले कुनैपनि बालबालिका शिक्षाको अवसरबाट बञ्चित नहुने। | | |
| ११ | हरेक परिस्थितिमा बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरीने। | | |
| १२ | सबै विद्यार्थीहरूलाई शुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने। | | |
| १३ | समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधि मैत्री वातावरण निर्माण भई विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार ल्याइ सुशासन प्रवर्धन हुने। | | |
| १४ | शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने। | | |
| १५ | प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन | | |

| | | | |
|---|---|---|---|
| | गरी अपेक्षित उपलब्धि हासिल हुने र आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने। | | |

# परिच्छेद ६: सुशासन तथा व्यबस्थापन

**परिचय**

शिक्षा पद्धतिमा निणर्य तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्धलाई जनाउँदछ । शासकीय प्रवन्धमा संरचना तथा प्रक्रिया दुवै पर्दछन्। विद्यालय क्षेत्रको यो योजनाका सन्दर्भमा शासकीय प्रवन्ध अन्तर्गत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापूर्वक कार्यान्वयन गरि बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन् । यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निणर्य गर्नु तथा निणर्य कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरि सुशासनको प्रत्याभूति गर्नुपर्दछ। शिक्षामा स्थानीय सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले भूमिका अनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहेको छ ।

शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना सहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ । सुशासन तथा व्यवस्थापन सम्बन्धी योजनाका उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरूप, संवैधानिक प्रावधान अनुसारको संघीय संरचनामा विभिन्न तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्यमान्यता र दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नु पर्दछ । नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरि तीन तहका सरकारका एकल र साझा अधिकारका सूची सहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था भएको छ । यस सन्दर्भमा संविधानमा संघीय एकाइहरूका लागि एकल र साझा अधिकार तथा दायित्वको रूपमा विषयहरू प्रस्तुत भएका सन्दर्भमा एकल अधिकार मूल रूपमा प्रभावी भई साझा अधिकार परिपूरक वा सम्पूरक भएर आउँछ भन्ने विषयलाई ध्यान दिनका साथै शिक्षामा विशिष्टीकृत प्रकृतिका कार्यको सञ्चालन तथा व्यवस्थापनका लागि विशेष प्रबन्धको आवश्यकतालाई पनि विचार गर्नु पर्दछ । त्यसै गरि योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्धन, नतिजाप्रतिको जिम्मेवारी र उत्तरदायित्व जस्ता पक्षहरूलाई प्राथमिकता दिनु पर्दछ । यस परिच्छेदमा सुशासन प्रवर्धन गरी शिक्षा क्षेत्रमा यस १० वर्षे शिक्षा क्षेत्रको योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका

लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरीएको छ । वर्तमान अवस्थाको समीक्षाका आधारमा यस योजनाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरूको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको स्वरूप प्रस्तुत गरिएको छ ।

## ६.१ शिक्षाको व्यबस्थापन तथा संस्थागत क्षमता विकास

**परिचय**

बदलिदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय सरचनाअनुसार स्थानीय सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत बिचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ । यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार; प्रकोप तथा महामारीको अवस्थामा सिकाइ र समता तथा समावेशिताको प्रवर्धन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्ने प्रयास गरिएको छ भने त्यसका लागि आवश्यक पर्ने जनशक्ति तथा क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ । पहिचान गरीएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको लागि तयार गरिएको छ ।

### ६.१.१. वर्तमान अवस्था

शिक्षा क्षेत्रको विकासका लागि हाल संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा विभागीय रुपमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील रहेका छन् । यसैगरी

प्रदेश तहमा सामाजिक विकास मन्त्रालय मार्फत शिक्षा, शिक्षा विकास निर्देशनालय र प्रत्येक प्रदेशमा शिक्षा तालिम केन्द्र रहेका छन् भने स्थानीय तहमा शिक्षा विकास तथा समन्वय इकाइ, प्रत्येक पालिकामा शिक्षा शाखाको व्यवस्था रहेको छ । पालिका स्तरमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनले तोकिए बमोजिमको २३ ओटा कार्यहरु कार्यान्वयनमा रहेका छन् ।

### ६.१.२ उद्देश्य

यस योजनामा सुशासन तथा व्यवस्थापनका लागि संस्थागत संरचना र क्षमता विकाससम्बन्धी उद्देश्यहरू निम्नअनुसार रहेका छन्ः

१विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा . गुणस्तर अभिवृद्धि गर्न संरचना र जनशक्तिको व्यवस्था गर्ने ।

२विद्यालय शिक्षा क्षेत्रका शैक्षिक ग .तिविधिहरुको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि संयन्त्र र संस्थागत व्यवस्था गर्ने ।

३समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन व्यवस्था गर्ने . ।

४विद्यालयमा जनशक्ति ., संरचना र संयन्त्रको क्षमता अभिवृद्धि गर्ने ।

### ६.१.३ रणनीतिहरू

१विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा . गुणस्तर अभिवृद्धि गर्न भौतिक तथा सांगठानिक संरचनाको सुधार गर्ने र पर्याप्त र तालिम प्राप्त जनशक्तिको व्यवस्थापनमा जोड दिने ।

२ विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरुको .समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि नीतिगत र प्रणालीगत संयन्त्रको विकास र कार्यान्वयन गर्ने र संस्थागत व्यवस्थाका लागि आवश्यक भौतिक पूर्वाधार, जनशक्ति, वित्त व्यवस्थापन र नीति नियम निर्माण गरी कार्यान्वयन गर्ने ।

३समता तथा समावेशितालाई प्र .ोत्साहन गर्नका लागि आवश्यक पर्ने नीतिगत तथा कानूनी व्यवस्था गरी कार्यान्वयनमा ल्याउने र शिक्षामा सुशासन व्यवस्था गर्नका लागि पारदर्शिता, जवाफदेहीता, नियमको पालना, कुशल नेतृत्व तथा सूचना सम्प्रेषणका लागि पद्धतिको विकास गरी कार्यान्वयन गर्न जोड दिने ।

४वि .द्यालयका दक्ष जनशक्ति व्यवस्थापनका लागि पेशागत योग्यता र तालिमको व्यवस्था गर्नुका साथै भौतिक तथा सांगठानिक संरचनाको निर्माण गर्ने र संयन्त्रको क्षमता अभिवृद्धि गर्नमा जोड दिने ।

### ६.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क (अपेक्षित उपलब्धि**

१. स्थानीय तहको शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि संयन्त्र, संरचना र जनशक्ति तयार हुने ।

२. स्थानीय सरकार, शिक्षाको शासकीय स्वरुप र विद्यालयको जिम्मेवारी, भूमिका, कर्तव्य, दायित्व र अधिकार सुनिश्चित हुने ।

३. शैक्षिक निकाय र जनशक्तिको दक्षता प्रवर्धन गर्ने संयन्त्र निर्माण हुने र उक्त संयन्त्रले क्षमता सुधार गर्ने ।

४. शिक्षा सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनमुखी, शिक्षार्थीको सिकाइप्रति जवाफदेही, समतमूलक तथा समावेशिताको सिद्धान्तमा कार्यसम्पादन उद्देश्यमूलक र प्रभावकारी हुने ।

**ख प्रमुख नतिजाहरू (**

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेततृव तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | १८ | १८ | १८ | १८ | १८ | १८ |
| २ | आधारभू त तहको विद्यालयमा नेततृवविकास तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न | १८ | १८ | १८ | १८ | १८ | १८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गर्नेविद्यालय सङ्ख्या | | | | | | |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | १८ | १८ | १८ | १८ | १८ | १८ |
| ५ | प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | १८ | १८ | १८ | १८ | १८ | १८ |

### ६.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | भौतिक लक्ष्य (वर्ष १०) |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | आवश्यक कानूनी प्रवन्ध र मापदण्ड विकास | संख्या | 5 | 10 | 12 | 20 | 15 | 100 |
| २ | शिक्षा तालिम केन्द्रको स्थापना | संख्या | 1 | 1 | 1 | 1 | 1 | 1 |
| ३ | सूचना प्रणाली सुधार तथा सुदृढीकरण | पद्धति | 1 | 1 | 1 | 1 | 1 | 1 |
| ४ | प्र. अ. लाई जिम्मेवार वनाउने | संख्या | 18 | 18 | 18 | 18 | 18 | 18 |
| ५ | शिक्षक तथा विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने | पद्धति | 1 | 1 | 1 | 1 | 1 | 1 |
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास | संयन्त्र वडासं) ख्या | 0 | 1 | 1 | 1 | 1 | 8 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | विद्यालय स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता, विपत तथा महामारी सम्बन्धी सेवा तथा समन्वय संयन्त्रको विकास | संयन्त्र | 1 | 1 | 1 | 1 | 1 | 1 |
| ८ | शिक्षासम्बन्धी कार्यको लागि स्थानीय तहको जनशक्ति तथा संरचनाको क्षमता विकास गर्ने | संरचना | 1 | 1 | 1 | 1 | 1 | 1 |

## ६.२ स्थानीय शिक्षा कार्यान्वनको प्रबन्ध

### परिचय

कुनै पनि योजनाको प्रभावकारी कार्यान्वयनको निमित्त व्यवस्थित, नीतिगत, प्रणालीगत र वैज्ञानिक प्रबन्धको खाँचो पर्दछ। योजना निर्माण, संगठन, नियन्त्रण, निर्देशन, नेतृत्व प्रदान जस्ता तत्वहरुले योजना कार्यान्वयनको प्रबन्धमा महत्वपूर्ण भूमिका खेल्दछन् । यसै गरी शिक्षा क्षेत्रको योजना कार्यान्वयन गर्न पनि उल्लेखित तत्वहरुले प्रभाव पार्दछन् । शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रबन्ध प्रभावकारी भएमा अपेक्षित उपलब्धि प्राप्त गर्न सकिन्छ ।

अपेक्षित नतिजा तथा उपलब्धि हासिल गर्न कार्यान्वयनको उपयुक्त व्यवस्था हुनु आवश्यक छ। योजना कार्यान्वयन प्रबन्धमा सङ्गठन, निर्देशन, नियन्त्रण, संयन्त्र, जनशक्ति, नीति नियम ,कानुन तथा मापदण्ड सहितको जिम्मेवारी र उत्तरदायित्व रहन्छन् ।

नेपालमा संघीय व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई स्थानीय तहमा केही कानुनी प्रबन्ध सहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरीएको छ । त्यसैले कार्यान्वयन प्रबन्ध र सम्पादनका लागि आवश्यक संयन्त्रको विकास हुनु जरुरत छ । कार्यान्वयन प्रबन्ध तयार गर्दा दीगोपन, कार्यकुशलता, प्रभावकारितामा ध्यान दिनु पर्दछ । कार्यान्वयन प्रबन्धको समग्र पक्षलाई समावेश गरी स्थानीय तह र विद्यालय अन्तर्गत योजना कार्यान्वयनको प्रबन्धको प्रक्रिया इङ्गित गरिएको छ ।

### ६.२.१ वर्तमान अवस्था

मुलुक संघीय संरचनाको ढाँचामा रुपान्तरण भएसँगै नयाँ चिराबाट योजना कार्यान्वयनको प्रवन्ध गर्नु पर्ने कानूनी व्यवस्था छ । शिक्षा क्षेत्रमा पनि यसै अनुसार संरचनात्मक रुपान्तरण

गर्नुपर्ने हुन्छ। संघमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय, विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गर्दछ । स्थानीय तहमा शिक्षा शाखा रहेको छ । विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षक मध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ ।

स्थानीय तहमा कार्यसम्पादन गर्नका लागि परिवर्तन गरीएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कामय गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको सन्दर्भलाई विचार गर्दा यस योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ । हालको संरचनामा देखिएका केही समस्या तथा चुनौतीहरू निम्न अनुसार छन् -

१. स्थानीय शिक्षक सहायता पद्धति विकास गर्नु ।
२. शिक्षक तालिमको क्षमता विस्तार गर्नु ।
३. स्थानीय तहमा जनशक्ति अभावले विद्यालयका लागि सहयोग तथा अनुगमन प्रणाली व्यवस्थित गर्न र सङ्गठन तथा दरवन्दी पुनरावलोकन गर्नु ।
४. विद्यालय शिक्षाका सन्दर्भमा स्थानीय तहको भूमिका तथा कार्य विवरण स्पष्ट गर्नु पर्ने ।
५. संघ, प्रदेश र स्थानीय तहको बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा योजना निर्माण गर्नु ।
६. संघ, प्रदेश तथा स्थानीय तहहरूवीच समन्वय र सहकार्य सुदृढ गर्ने ।

**योजना कार्यान्वयनको प्रबन्ध**

योजनाको कार्यान्वयनको मुख्य थलो विद्यालय भएकाले विद्यालयमा कार्यान्वयनको उपयुक्त प्रवन्धका साथै स्थानीय तहले विद्यालयको क्रियाकलापहरुमा नियमित अनुगमन तथा कार्यान्वयनमा आवश्यकता अनुसार सहयोग, समन्वय र सहकारी गर्नु पर्दछ। स्थानीय तहमा शिक्षा क्षेत्रको समग्र योजना कार्यान्वयन प्रक्रियाका लागि निम्न लिखित प्रवन्ध गर्नु पर्दछ ।

**स्थानीय तह**

१. धोबीनी गाउँपालिकाले संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।

२. धोबीनी गाउँपालिकाको शिक्षा शाखाको क्षमता विकास गरी कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गर्ने ।
३. धोबीनी गाउँपालिकाले कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने छन् ।
४. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार धोबीनी गाउँपालिकाले कानुन, मापदण्ड र निर्देशिका विकास गर्ने ।
५. धोबीनी गाउँपालिकाले एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने, योजना निर्माणको आधारका रूपमा प्रयोग गर्ने र संघीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्राप्त हुने सुनिश्चितता गर्ने ।
६. धोबीनी गाउँपालिकाले शिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदान प्रदानका लागि पालिका स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चाल गर्ने ।

**विद्यालय**

१. विद्यालयले विद्यालय सुधार योजना तयार गरी सालवसाली अद्यावधिक गर्ने ।
२. संघ, प्रदेश, स्थानीय तह र विद्यालयको आफ्नै आम्दानीबाट प्राप्त बजेट समावेश गरी निर्धारित वार्षिक कार्यक्रमलाई विद्यालय व्यवस्थापन समितिले कार्यान्वयन गर्ने ।
३. व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाइने ।
४. विद्यालयले वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, अभिलेखीकरण, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागू गर्ने ।
५. विद्यालयले अभिभावक र सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।
६. स्थानीय सरकारका सम्बन्धित इकाइहरू, समुदाय र गैरसरकारी संस्थाको सहकार्यमा बालबालिकाका लागि पौष्टिक आहार, सरसफाइ र विपत्तिको व्यवस्थापन समबन्धी सीप प्रदान गर्न क्रियाशील संरचना तयार गर्ने ।

७. विद्यालयले विद्यार्थीलाई विषयगत सिकाइ, अतिरिक्त क्रियाकलाप, सामुदायिक कार्यमा सहभागिताका लागि आवश्यक जिम्मेवारी तथा कार्ययोजना तयार गर्ने ।

**समुदायिक सिकाइ केन्द्र**

१. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न व्यवस्थापन समिति गठन गर्ने ।

१. वित्तीय व्यवस्थापनका आधारमा व्यवस्थापन समितिले वार्षिक योजना निर्माण गरी कार्यान्वयनको व्यवस्था मिलाउने ।

२. साले विषयगत स्थानीय तहका इकाइहरू .के.सि., समुदाय, गैर सरकारी संस्था र सामुदायिक संस्थासँग आवश्यकता अनुसार सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गर्ने ।

### ६.२.२ उद्देश्य

योजना प्रभाबकारी कार्यान्वनका लागि धोबीनी गाउँपालिकाले निम्न उद्देश्य लिएको छ :

१ शिक्षा योजनाको प्रभाबकारी कार्यन्वयन सुनिश्चित गर्नु

### ६.२.३ रणनीति

माथीका उद्धेश्य हासिल गर्न स्थानिय तहले निम्न रणनितिहरु लिनेछन ।

१. संघिय तथा प्रदेश तहवाट वित्तिय हस्तान्तरण मार्फत ससर्त अनुदान तथा अन्य अनुदान र आफनै श्रोत को बजेट समेत संकलन गरी वार्षिक शिक्षाको बजेट तथा कार्यक्रम तयार गर्ने ।

२. कार्यक्रम कार्यान्वयनका लागी आवश्यक्ता अनुसार कानुन , कार्यविधि तथा निर्देशिका तयार गर्ने ।

३. कार्यक्रम कार्यान्वयनको नियमित अन¬¬गमण तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन हुने सुनिश्चिताका साथै समस्या समाधानका लागी आवश्यक निति, निर्देशन तथा समन्वय गर्ने ।

४. एकिकृत शैक्षिक सुचना व्यवस्थापन मार्फत नियमित रुपमा कार्यक्रम कार्यान्वय  तथा त्यसका लागी नतिजाको विवरण तयार गर्ने , त्यसको समिक्षा गरि थप सुधार तथा प्रयोग गर्ने ।

५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ  गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास तथा कार्यान्वयनमा सहजीकरण गर्ने ।

६. विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक गर्ने ।

७. विद्यालय व्यावस्थापनलाई सशक्तिकृत गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागी प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरि उत्तरदारी वनाउने ।

८. वित्तिय व्यवस्थापन, खरिद प्रकृया, शिक्षक व्यवस्थापन  तथा शिक्षक कक्षा कोठामा समय तथा कार्य सुनिश्चितता सम्बन्धि  आवश्यक मापदण्ड  तयार गरी लागु गर्ने

९.अभिभावक तथा सरोकारवालासँग अन्तरकृया तथा सहकार्य गर्न अभिभावक भेला, तथा बैठक आयोजना गर्ने र सामाजिक परिक्षणलाई प्रभावकारी बनाउने ।

१०. सामुदायिक सिकाई केन्द्र मार्फत सबै उमेर समुहका  सिकारुका लागी साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्फिक शिक्षा तथा आय आर्जन शिप  विकासका कार्यक्रम संचालन गर्दै आजिवन सिकाई  केन्द्रका रुपमा समेत कार्य गर्ने ।

### ६.२.४ प्रमुख उपलब्धि तथा नतिजा

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य अपेक्षित उपलब्धिहरु

१. शिक्षाका सबैनिकाय तथा विद्यालयमा सशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ।

### ६.२.५ प्रमु ख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | भौतिक लक्ष्य १०) (वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | | १ | १ | १ | १ | १ | १० |
| २ | विद्यालय सधुार योजना निर्माण एवम् अद्यावधिक | | १ | १ | १ | १ | १ | १० |
| ३ | एकीकृत शैक्षिक सू चना प्रणाली सदृढीकरण | | १ | १ | १ | १ | १ | १० |

# परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन

**परिचय**

आर्थिक तथा सामाजिक परिवर्तनका लागि शिक्षाको भूमिका अहम हुन्छ । सभ्य समाज र समृद्ध राष्ट्र निर्माणका लागि व्यक्ति, समुदाय र सरकारले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ।दक्ष, सीपयुक्त र गुणस्तरीय मानव संसाधनको विकास गर्न नै शिक्षामा लगानी गरिएको हो।शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ ।

राष्ट्रिय आकांक्षालाई मध्यनजर गर्दै नेपाल सरकार र समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरीएको छ । शिक्षामा गरीने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दीगो विकासको लक्ष्यका लागि कार्य गर्नु पर्दछ । संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र नीजिक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनु पर्ने महत्वपूर्ण पक्ष हुन्।शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयमा ध्यान पुग्दछ ।

यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरीएको छ।पहिचान गरीएका चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ ।

## ७.१ वर्तमान अवस्था

धोबीनी गाउँपालिकाको आ.व. २०७८/७९ को कूल बजेट मध्ये रु. ........ (.... प्रतिशत) शिक्षा क्षेत्रमा कार्यक्रम तथा परियोजना अन्तरगतको बजेट विनियोजन गरेको छ । शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ । सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्वपूर्ण आधार मान्न सकिन्छ । नेपालका सबैजसो राजनीतिक दलको

राष्ट्रिय तहको चुनावी घोषणापत्रमा कूल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरीने कुरा उल्लेख गरिएको छ ।

**शिक्षामा राज्यको लगानीको अवस्था**

नेपालमा वि. सं. २०४९/५० मा शिक्षामा राज्यको लगानी कूल राष्ट्रिय बजेटको करिब ८.५ प्रतिशत मात्र रहेकोमा सबैको लागि शिक्षा अभियान (सन् १९९० को दशक) सँगै आ.व. २०६७/६८ मा आइपुग्दा यो प्रतिशत १७.१ पुगेको थियो । कूल गार्हस्थ उत्पादनसँग शिक्षा क्षेत्रको बजेट तुलना गर्दा वि सं. २०५५ देखि २०७५ सम्मको अवधिमा नेपाल सरकारको शिक्षामा लगानी कूल गार्हस्थ उत्पादनको औसत ३.७ प्रतिशत रहेको थियो । विगत एक दशक अवधिमा सरकारबाट कूल राष्ट्रिय बजेटको औसत १३.२ प्रतिशत बजेट शिक्षा क्षेत्रमा लगानी भएको पाइन्छ । नेपालमा शिक्षाको लगानीमा वैदेशिक सहायताको पनि महत्त्वपूर्ण अंश रहेको छ । विगत ५ वर्षमा शिक्षा क्षेत्रको बजेट तथा उक्त बजेटमा वैदेशिक सहायताको अवस्था हेर्दा कूल शिक्षा बजेटको औसत १०.६८ प्रतिशत वैदेशिक सहायताको रहेको छ।विगत ५ वर्षको शिक्षा क्षेत्रको बजेट देहायअनुसार रहेको छ ।

**विगत पाँच वर्षमा शिक्षा बजेटको स्वरूप (बजेट रु करोडमा)**

| आ.व. | शिक्षा बजेट | बैदेशिक सहायता रकम | बैदेशिक सहायता प्रतिशत | वार्षिक बजेट बृद्धि प्रतिशत | शिक्षा बजेटमा गार्हस्थ उत्पादनको प्रतिशत | कुल संघीय बजेटमा शिक्षा जेटको अंश | कुल स्थानीय बजेटमा शिक्षा वजेटको अंश |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

स्रोतः अर्थ मन्त्रालय (सम्बन्धित आ.व.को बजेट पुस्तिका)

**शिक्षामा निजी लगानी**

नेपालमा निजी क्षेत्रबाट सञ्चालित संस्थागत विद्यालमा पढ्ने विद्यार्थी सङ्ख्या कूल विद्यार्थी सङ्ख्याको २५ प्रतिशतभन्दा बढी रहेको छ । प्रारम्भिक बालविकास शिक्षामा ५० प्रतिशत भन्दा बढी बालबालिका निजी क्षेत्रबाट सञ्चालित विद्यालयमा रहेका छन् । निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थामा सरकारी लगानी प्रत्यक्ष रूपमा नभए पनि प्रशासनिक र व्यवस्थापकीय कार्यमा सहयोग तथा सहजीकरण र नियमनका पक्षमा सरकारको भूमिका रहेको छ ।

### नेपालमा प्रति विद्यार्थी लगानीको तुलनात्मक अवस्था

| शिक्षाको तह | प्रति विद्यार्थी लगानी रु. | | कैफियत |
|---|---|---|---|
| | सार्वजनिक | नीजि | |
| बालविकास शिक्षा | ३६०२ | १७,३३६ | |
| प्राथमिक तह (१-५) | ११,५३६ | २०,२५४ | |
| आधारभूत तह (६-८) | ११,२५१ | १९,९८४ | |
| माध्यमिक तह (९-१०) | १०,६८१ | ३१,६९६ | |
| माध्यमिक तह (११-१२) | १६,५५६ | ३५,७५२ | |

स्रोतः NCE Nepal (Cited from UNESCO/ILEP and MOE,2018)

उल्लिखित जानकारी तथा विश्लेषणको आधारमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरीएको छ -

१. शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, स्थापित मूल्य र मान्यता, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगनी वृद्धि र दीगो स्रोत व्यवस्थापन गर्ने ।

२. संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तह विचको शिक्षाको लगानी मापदण्ड र बित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउने ।

३. संवैधानिक मार्गदर्शन तथा नीति अनुरूप निजी क्षेत्रबाट शिक्षामा गरीने लगानीको व्यवस्थापन र स्वरूप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायक रूपमा विकास गर्ने ।

४. प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बनाउने सरकारको प्रतिवद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्ने ।

५. वैदेशिक सहायता प्राप्ति, परिचालन, घट्दै गएको वैदेशिक सहायतालाई बढाउन र त्यसको दीगोपना सुनिश्चित गर्ने ।

६. आधुनिक प्रविधि विशेष गरी सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने ।

७. शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरूः प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र अनौपचारिक तथा निरन्तर शिक्षामा सरकारी लगानीको संरचना (प्राथमिकता र प्रतिशत) निर्धारण गर्ने ।

८. विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन गर्ने ।

९. शिक्षामा समता तथा समावेशिता सुधार गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, विभिन्न कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त गर्ने ।

१०. गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्ने ।

११. वित्तीय व्यवस्थापनक कार्यकुशल बउनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्ने ।

१२. वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्न ।

## ७.२ उद्देश्य

योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहायअनुसार रहेका छन् -

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।

२. विद्यालय शिक्षासम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।

३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरीएका कार्यक्रमको प्राथमिकता निर्धाण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु ।

४. खर्चको प्रक्रिया, तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु ।

५. लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रिया उपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट गर्नु ।

### ७.३ रणनीतिहरू

योजनाको वित्तीय व्यवस्थासम्बन्धी रणनीतिहरू देहाय बमोजिम हुनेछन् -

१. विद्यालय शिक्षाको लागि कानूनमा तोकिए अनुसारको आर्थिक दायित्व तीनै तहका सरकारहरू बिचको लागत साझेदारीमा हुनेछ । यसका लागि कम्तीमा संघीय सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा प्रदेश तथा स्थानीय सरकारले आआफ्नो स्रोतबाट थप लगानी हुने अपेक्षा गरिने ।

१. शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जवाफदेही हुने पद्धति विकास गर्ने ।

२. सरकारबाट प्रदान गरीने स्रोतको उपयोग गर्ने प्रमुख एकाइ विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयको हुनेछ ।

३. शिक्षामा सार्वजनिक लगानी वृद्धि गरी कूल गार्हस्थ उत्पादनको ७ प्रतिशत र तिनै तहका सरकारबाट कूल बजेटको वार्षिक रूपमा २० प्रतिशत पुऱ्याइने छ ।

२. नेपालको वैदेशिक सहायता नीतिअनुरुप शिक्षाको बजेटमा हुने न्यूनता पूरा गर्नका लागि निश्चित लक्ष्य हासिल गर्न बाह्य स्रोतको परिचालन गरिनेछ ।

३. उपागम को अवधारणा अनुसार कार्यक्रम खर्च तथा नतिजामा आधारित खर्च गरिनेछ ।

४. सार्वजनिक सेवा ,सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा विकास गरिनेछ ।

५. मापदण्डका आधारमा शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरीने छ भने निजी क्षेत्रले सार्वजनिक सेवा ,सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी विद्यालय शिक्षा सञ्चालन गर्न व्यवस्था गरिनेछ ।

६. अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपुरक, शसर्त र विशेष अनुदानको अवलम्वन र उपयोग गरिनेछ ।

७. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्वन गरिनेछ ।

८. वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइनेछ ।

### ७.४ प्रमुख उपलब्धि

- शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भइको हुने ।
- वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ बएको हुने छ ।

### ७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

**(क) सङ्घीय सरकारबाट बिद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकालापमा प्रप्त हुने अनुमानित बजेट**

| क्र.स. | अनुदान प्राप्त हुने उपक्षेत्र\विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१\०८२ | २०८२\०८३ | २०८३\०८४ | २०८४\०८५ | २०८५\०८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | 4718 | 5189.8 | 12768 | 14044 | 15448 | 66636.8 | 133274 |
| २ | आधारभूत शिक्षा | 71819 | 80120 | 81770 | 83585 | 96775 | 458841 | 917682 |
| ३ | माध्यमिक शिक्षा | 4530 | 6890 | 9486 | 12342 | 34558 | 144106 | 288212 |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | 4718 | 5189.8 | 12768 | 14044 | 15448 | 66636.8 | 133274 |

**(ख) प्रदेश सरकारबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र.स. | अनुदान प्राप्त हुने उपक्षेत्र\विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१\०८२ | २०८२\०८३ | २०८३\०८४ | २०८४\०८५ | २०८५\०८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | |
| २ | आधारभूत शिक्षा | | | | | | | |
| ३ | माध्यमिक | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शिक्षा | | | | | | | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | | | | | | | |

**(ग) स्थानीय तहबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट**

| क्र.स. | अनुदान प्राप्त हुने उपक्षेत्र\विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१\०८२ | २०८२\०८३ | २०८३\०८४ | २०८४\०८५ | २०८५\०८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | 3100 | 3100 | 3100 | 3100 | 3100 | 15500 | 31000 |
| २ | आधारभूत शिक्षा | 8000 | 8000 | 8000 | 8000 | 8000 | 40000 | 80000 |
| ३ | माध्यमिक शिक्षा | 3000 | 3000 | 3000 | 3000 | 3000 | 15000 | 30000 |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |

**(घ) अन्य सङ्घसंस्थाबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र.स. | अनुदान प्राप्त हुने उपक्षेत्र\विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१\०८२ | २०८२\०८३ | २०८३\०८४ | २०८४\०८५ | २०८५\०८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | |
| २ | आधारभूत | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शिक्षा | | | | | | | |
| ३ | माध्यमिक शिक्षा | | | | | | | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | | | | | | | |

## ७.६ योजनाको वर्षिक बजेट तर्जुमा प्रक्रिया

| क्र. सं. | उपक्षेत्र | २०८०/ ०८१ | २०८१/ ०८२ | २०८२/ ०८३ | २०८३/८४ | २०८४/८५ | ५वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बाल विकास र शिक्षा | 3237.725179 | 4885.752857 | 5549.899643 | 6318.10875 | 7260.455893 | 27251.94232 |
| २ | आधारभूत शिक्षा | 78540.33982 | 81531.44678 | 93776.685 | 98798.08 | 105235.931 | 457882.4826 |
| ३ | माध्यमिक शिक्षा | 15705.33788 | 15348.26947 | 16183.81793 | 15964.99111 | 16517.1233 | 79719.53968 |
| ४ | उच्च शिक्षा | | | | | | |
| ५ | पाठ्यक्रम तथा मूल्याङ्कन | 55814 | 63833.5 | 60333.5 | 39275 | 27775 | 247031 |
| ६ | शिक्षक व्यवस्थापन र विकास | 271497.914 | 271414.55 | 271526.159 | 271462.63 | 271564.6 | 1357465.853 |
| ७ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | 10950 | 14800 | 34950 | 24800 | 14950 | 100450 |
| ८ | शैक्षिक समता र समावेशीकरण | 133158.72 | 133154.115 | 133159.755 | 233166.535 | 233175.31 | 865814.435 |
| ९ | दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | छात्रवृत्ति | | | | | | |
| ११ | परिस्थितिजन्य शिक्षा | | | | | | |
| १२ | विद्यालयको भौतिक पूर्वाधार विकास | 12010 | 12140 | 14447.5 | 16885 | 13592.5 | 12010 |
| १३ | शिक्षामा सूचना र प्रविधि | | | | | | |
| १५ | अनुगमन तथा मूल्याङ्कन | 21775 | 24610 | 48385 | 48735 | 48385 | 191890 |
| जम्मा रु. लाखमा | | | | | | | |

अनुमान पहिलो पाँच वर्षमा लागि जम्मा .... लाख नेपाली रुपैया आवश्यक देखिन्छ जसमा शिक्षककर्मचारी तथा सहजकर्ताको कुनैपनि पारिश्रमिक जोडिएको छैन , ।

प्रस्तावित बजेटमा अपुग स्रोत तथा अपुग स्रोत पूरा गर्ने उपाय यस योजनाका लागि तलको तालिकामा दिएको छ।

### ७.७ योजना कार्यान्वयनका लागि वर्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन

यस धोबीनी गाउँ पालिकाले योजना कार्यान्वयन गर्न वार्षिक रूपमा तय भएका योजना तथा कार्यक्रमलाई वार्षिकरूपमा सङ्घ, प्रदेश तथा स्थानीय तहको नीति तथा कार्यक्रमका आधारमा वार्षिकरूपमा स्रोत सनिश्तितताका आधारमा वार्षिक रणनीति तथा कार्यान्वयन योजना निर्माण गरि कार्यान्वन गरिदै लानेछ । त्यसका लागि योजना, रणनीति तथा कार्यक्रमलाई अद्यावधिक गरी कार्यान्वयन हुने तथा स्रोत सनिश्चित भएका सो आर्थिक वर्षमा कार्यान्वयन हुने कार्यक्रमलाई समावेश गरिदै लगिनेछ । योजना निर्माणका लागि पाचँ वर्षे बजेट सहितको वार्षिक योजनामा उल्लिखित क्रियाकलापलाई केन्द्रित भई वार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन तथा रणनीति तयार गरिने छ । वार्षिक रणनीति योजना निर्माण गर्दा योजनाको ढाचालाई आधार मानी तयार गरिने छ ।

# परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन

**परिचय**

शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन,वितरण,लगानीको प्रवाह,कार्यक्रम कार्यान्वयन प्रक्रिया,शैक्षिक क्रियाकलापहरू कार्य तालिका अनुसार कार्यान्वयन, लक्षित प्रतिफल प्राप्ति जस्ता विषयका बारेमा नियमित वा आवधिक रूपमा निगरानी,निरीक्षण, पुनर्निरीक्षण,पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ ।

शैक्षिक कार्यक्रमहरूको औचित्यता,सान्दर्भिकता,उपयुक्तता,दक्षता र प्रभावकारिताको सन्दर्भमा व्यवस्थित र उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गरी मूल्य प्रदान गर्नु मूल्याङ्कन हो। मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन् ।

## ८.१ वर्तमान अवस्था

शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालयबाट, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय एकाइबाट र स्थानीय स्तरमा स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ । दीगो विकासको शिक्षासम्बन्धी लक्ष्य नं ४ कार्यान्वयनका लागि तयार गरीएको कार्य ढाँचा, विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटका लक्ष्य मापनका लागि विकास गरीएका सूचक, धोबीनी गाउँपालिकाका शिक्षा सम्बन्धि नीति, योजना तथा कार्यक्रमका आधारमा अनुगमन तथा मूल्याङ्कन गरीने गरिएको छ।वार्षिक कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयद्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमनसम्बन्धी प्रबन्ध गरिएको छ । विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधार सम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली लाई लिइएको छ । विद्यार्थीको शैक्षिक उपलव्धि, शिक्षक तथा विद्यार्थीको

सामाजिक तथा भाषिक पृष्ठभूमि लगायतको विषयमा पनि तथ्याङ्क सङ्कलनको कार्य शुरू गरिएको छ ।

विद्यालय र पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा समीक्षाको लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको उपयोग गरिएको छ । यसका लागि हाल प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीका माध्यमबाट स्थानीय सरकारले आवश्यक सूचना प्राप्त गर्न सक्ने बनाउनु आवश्यक छ । अनुगमन तथा मूल्याङ्कनका नतिजाका आधारमा कार्यक्रममा सुधार गर्ने परिपाटीलाई व्यवस्थित गर्नु जनि उत्तिकै आवश्यक छ । उल्लिखित विश्लेषणका आधारमा प्रमुख यस योजनामा अनुगमन तथा मूल्याङ्कनसम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ ।

१. शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय मापदण्डको विकास गरि मापनयोग्य सूचकहरूको निर्धारण र निर्माण गर्ने दक्ष जनशक्ति तथा अनुगमन कर्ताको विकास गर्नु ।
२. अनुगमनलाई योजनाबद्ध, नियमित र एकरूपता कायम गरी पर्याप्त साधन स्रोतको प्रबन्ध गर्नु ।
३. अनुगमन र मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास र अनुगमनको प्रतिवेदन व्यवस्थित गर्नु ।
४. शासकीय संरचना फेरिएसँगै विद्यालय निरीक्षण र सुपरीवेक्षणको काम संगठित गर्नु ।
५. तीनै तहका सरकारबिच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु ।
६. सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनश्चितता गर्दै यसमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु ।
७. अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वासनीय बनाउनु ।

### ८.२ उद्देश्य

१. प्रभावकारी अनुगमन प्रणाली विकास गर्नु ।
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामुखी बनाउनु ।
३. योजना कार्यान्वयनका क्रममा देखिएका चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।
४. योजनाको प्रारम्भदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गर्न सहयोग गर्नु ।

## ८.३ रणनीति

१. अनुगमन तथा मूल्याङ्कनको संयन्त्र निर्माण गरी उपयोग गर्ने ।

२. अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण गर्ने ।

३. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचकसहित स्वचालित बनाउने ।

४. स्थानीय सूचकहरूलाई राष्ट्रिय सूचना प्रणालीमा आवद्ध गर्ने प्रणालीको विकास गर्ने ।

५. शिक्षाका सबै कार्यक्रम, योजना, परियोजनाहरुको अनुगमन मूल्याङ्कन प्रतिवेदन वेभसाइटमा आधारित एकीकृत शैक्षिक सूचना प्रणाली सञ्चालनमा ल्याउने ।

६. विद्यार्थी उपलब्धि परीक्षण र विद्यालय कार्य सम्पादन परीक्षणलाई व्यवस्थित र नियमित गरीने ।

७. सहभागितामूलक र नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरीने ।

८. शैक्षिक योजना तथा कार्यान्वयनहरुको नियमित, आवधिक, मध्यावाधिक र अन्तिम मूल्याङ्कन प्रणाली कायम गर्ने ।

९. सिकाइको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन कार्य स्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण र प्रतिवेदन प्रणालीको विकास गर्ने ।

## ८.४ प्रमुख उपलब्धि तथा नतिजा उपलब्धि

**उपलब्धि**

१. अनगुमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास भएको हुनेछ

२. नतिजामा आधारित अनगुमन तथा मूल्याङ्कन प्रणाली कार्यान्व यन हुनेछ

३. योजना कार्यान्व यनका चरणमा आएका समस्या तथा चनुौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुनेछ।

**प्रमुख नतिजा**

१. अनगुमन तथा मू ल्याङ्कनका लागि ससंथागत सरचना तथा क्षमता विकास भएको हुनेछ

२. नतिजामा आधारित अनगुमन प्रणाली स्थापित भई योजना तथा कार्यक्र मको प्रभावकारी कार्यान्व यन भएको हुनेछ

### ८.५ प्रमु ख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पाँच बर्ष) | | | | | | भौतिक लक्ष्य ( १० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | स्थानीय तहका शैक्षिक कार्यक्रमहरूको अनुगमन निर्देशिका, सूचकहरू र साधनहरुको विकास र अध्यावधिकरण गर्ने | | | | | | | | |
| २ | शैक्षिक तथ्याँक व्यवस्थापन, प्रतिबेदन तयारी र प्रबोधिकरण गर्ने साथै बार्षिक कार्यक्रमहरूको स्थिती प्रतिबेदन तयार गर्ने | | 1 | 1 | 1 | 1 | 1 | | |
| ३ | विद्यालयहरूमा सन्चालित शैक्षिक, भौतिक, आर्थिक र अन्य सबै कार्यक्रमहरूको सम्पादनसम्बन्धी सामाजिक लेखापरीक्षण गर्ने | | 25 | 25 | 25 | 25 | 25 | | |
| ४ | विद्यालयको कार्यसम्पादन लेखापरीक्षण र सोको सुझावहरूको आधारमा स्थानीय तहको शैक्षिक कार्यक्रम कार्यान्वयन योजनाको गुणस्तर वृद्धि गर्ने | | 1 | | | | | | |
| ५ | विद्यालयहरूमा सन्चालित शैक्षिक, भौतिक र अन्य सबै कार्यक्रमहरू बापत प्राप्त आय र सोको खर्च तथा व्ययसम्बन्धी आर्थिक लेखापरीक्षण गर्ने | | 25 | 25 | 25 | 25 | 25 | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | स्थानीय तहका शैक्षिक समस्याहरूलाई सम्बोधन गरी गुणस्तर अभिबृधि गर्ने कार्यक्रमहरूलाई स्थानीय तहको शिक्षा क्षेत्रको योजनामा राख्न स्थनीय तहका र वाहिय बिशेषज्ञहरूको संयुक्त सहभागितामा बिभिन्न Issues मा आधारित अनुसन्धान कार्यहरू १ बार्षिक कम्तिमा) (समस्यामा | | 5 | 6 | 12 | 12 | 12 | | |
| ७ | स्थनीय तहको शिक्षा क्षेत्रको योजनाको बार्षिक, मध्यावधि र अन्तिम मूल्यांकन गर्ने | | | | 1 | | 1 | | |
| ८ | स्थानीय तहमा कार्यरत शिक्षा कर्मचारीहरूको क्षमता अभिबृधि गर्ने (जसमामहिने लामो २/१ -: अवधिको तालिम, शैक्षिक नीतिनियम/, योजना, कार्यक्रम, अनुगमन, मुल्यांकन र अन्य बिषय क्षेत्रमा बार्षिक रूपमा अभिमुखीकरण, आदि( | | 1 | 1 | 1 | 1 | 1 | | |
| ९ | स्थानीय तहमा कार्यरत शिक्षा कर्मचारीहरूको क्षमता अभिबृधि गर्न शैक्षिक योग्यता अभिबृधि कार्यक्रम गर्ने | | | 1 | | 1 | | | |

## सन्दर्भ सामग्रीहरु


- विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप, (२०६३), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका लागि स्थानीय पाठ्यक्रम प्रारुप, (२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका राष्ट्रिय पाठ्यक्रम प्रारुप, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत शिक्षा पाठ्यक्रम, (२०६९), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत तह १ कक्षा )-३ पाठ्यक्रम (, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७५), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७६), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७७), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- नेपालको संविधान (२०७२), कानून किताव खाना काठमाडौँ
- शिक्षा सम्बन्धी ऐन नियम तथा राष्ट्रिय शिक्षा नीति (२०७६), कानून किताव खाना काठमाडौँ
- आर्थिक सर्वेक्षण (२०७७), अर्थ मन्त्रालय
- पन्ध्रौँ योजनाको आधारपत्र, सोपान मासिक डिल्लीबजार
- स्थानीय सरकार सञ्चालन ऐन (२०७४), कानून किताव खाना काठमाडौँ
- प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम (२०७४), शैक्षिक जनशक्ति विकास केन्द्र भक्तपुर
- माध्यमिक शिक्षा पाठ्यक्रम (२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय आबद्ध विभिन्न वेभसाइटहरु
- विभिन्न बुलेटिन, पत्रपत्रिका, नीति, निर्देशिका तथा पछिल्ला शैक्षिक तथ्याङ्क
- शिक्षा क्षेत्रको योजना (२०७७), DRAFT, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय